## पहिलो अध्याय

# शोध परिचय

### १.१ पृष्ठभूमि

संस्कृतमा आकाशलाई नभ अथवा ख पनि भनिन्छ । नभप अथवा खपको अर्थ हुन्छ चरो । सेती अञ्चलको खप्तड पुरानो खपतल (पंक्षीलोक) हो । त्यसको पौराणिक पर्याय खेचराद्रिको अर्थ हो पंक्षी-पर्वत (पोखरेल, २०५५ : ४७४)। **स्कन्दपुराणको मानस खण्ड**मा उल्लेख गरिएको **खेचराद्रि** शब्दबाट नै खप्तड शब्दको उत्पत्ति भएको मानिन्छ । नेपालको मानचित्रमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने यो खप्तडलाई यसै खेचराद्रि नामसँग तादम्यता गराई पहिचान गरिन्छ (चित्र : १)। कुल १ हजार २४ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको यो क्षेत्र सेती अञ्चलका चार जिल्ला अछाम, बझाङ, बाजुरा र डोटीको संगमस्थलका रूपमा रहेको छ । सिद्धाश्रम स्वामी कुटी, त्रिवेणी, गणेश पाटन, सहस्रलिङ्ग, खापरदह, ५२ घासे मैदान, २२ पाटन, दुर्लभ प्रजातिका वनस्पति, जडीबुटी, पशुपन्छी र सरिसृपहरू नै खप्तडका खास-खास सांस्कृतिक, धार्मिक एवं प्राकृतिक चिनारीहरू हुन् । यहाँको लोकधर्म, लोकसंस्कृति, लोकजीवन, लोकसंगीत र लोकपरम्पराका आफ्नै विशेषता छन् । यस क्षेत्रको आसपासमा खसहरू- कामी, दमाई, सुनार, क्षेत्री, ठकुरी र बाहुनको बसोबास रहेको छ । यहाँका सबै जात-जातिले मष्टो पुज्दछन् । यस क्षेत्रमा त्रिवेणी, खापरदह, गणेश मन्दिर, डाँफेकोट, सहस्रलिङ्ग जस्ता धार्मिक एवं पुरातात्विक स्थलहरू लगायत विभिन्न भागहरूमा घरहरूका अवशेष र छरिएर रहेका ओखलहरू पाइन्छन् । प्राचीन समयदेखि नै खप्तड लेक ऋषिमुनि/सिद्धहरूको बासथलो/तपोवन/सिद्धभूमिको रूपमा प्रशिद्ध रहेको मानिन्छ ।

खप्तडको पौराणिक, सांस्कृतिक र प्राकृतिक महत्वलाई लोकप्रियताको शिखरमा पुऱ्याउने बहुआयामिक व्यक्तित्व हुन्, खप्तडबाबा । यिनले वि.स. २००४ सालदेखि अनवरत रूपमा पाँच दशकसम्म सिद्धाश्रम खप्तडको जंगलमा साधना गरेका थिए । उनले नै खप्तडको प्रचार प्रसार गरी यसको महत्वलाई विश्वसामु परिचित गराए । यसै तपोवनमा उनले विचार विज्ञान, धर्मविज्ञान, आत्मज्ञान, स्वास्थ्य विज्ञान, आरोग्य विज्ञान आदि ग्रन्थहरूको रचना गरे ।

खप्तडको प्राकृतिक, धार्मिक र सांस्कृतिक पक्षलाई संस्थागत गर्ने खप्तड राष्ट्रिय निकुञ्जको स्थापना हुनुमा पनि यिनको महत्वपूर्ण योगदान रहेको मानिन्छ । भनिन्छ, खप्तडमा पर्यटन विकासको थालनी गर्ने पहिलो श्रेयकर्ता पनि खप्तड स्वामी नै हुन् । यिनको मृत्यु वि.स. २०५३ मा भयो । यिनको पार्थिव शरीरलाई काठमाडौंको बुढानीलकण्ठ (खप्तडस्वामी बस्ने आश्रम प्रांगण) मा समाधिस्थ गरिएको छ ।

## १.२ समस्या पहिचान

- खप्तडी लोकसंस्कृतिको अध्ययन सम्बन्धमा ।
- खप्तडको प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक विशेषताहरूको अध्ययन सम्बन्धमा ।
- खप्तडबाबाको योगदान सम्बन्धमा ।
- खप्तडको पर्यटन विकासका पूर्वाधारहरूको सम्बन्धमा ।

हालसम्म यी विषयवस्तुहरूमा विस्तृत अध्ययन गरिएको नदेखिएकोले यसलाई समस्याको रूपमा प्रस्तुत गरिएको छ ।

## १.३ शोध उद्देश्य

- खप्तडी लोक संस्कृतिलाई उजागर गर्ने ।
- खप्तडको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको बारेमा प्रकाश पार्ने ।
- खप्तडबाबाको योगदानको समीक्षा गर्ने ।
- खप्तडको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय विकासको रूपरेखा बारे अध्ययन गर्नु ।

## १.४ शोध औचित्य तथा महत्व

खप्तडको पौराणिक, ऐतिहासिक तथा सांस्कृतिक महत्व र खप्तडबाबाको व्यक्तित्व एवं जीवनका घटनाप्रसङ्गहरूको बारेमा अध्ययन अनुसन्धान नभएका होइनन् । जति भएका छन् व्यक्तिगत छन्, कि त छरपस्ट छरिएको अवस्थामा छन् । अहिलेसम्म कुनै त्यस्तो शोध जानकारीमा छैन्, जसले खप्तड क्षेत्र र त्यहाँको लोकसंस्कृतिको बारेमा यथेष्ट एवं एकिकृत जानकारी दिओस् । खप्तडी लोकसंस्कतिका विविध पक्षहरू बारे प्रकाश पारोस् । अतः खप्तडको प्रकृति, इतिहास र लोकसंस्कृतिको सिंगो विवरण प्रस्तुत गर्न नसके पनि खोजमा आधारित विश्वसनीय शारांशमय पृष्ठभूमि पूर्ति गर्ने अभिप्राय यस शोधपत्रको रहने छ ।

## १.५ पूर्व साहित्य समीक्षा

(क) **वंशावली**

लेखकको नाम र लेखिएको नकिटिएको हस्तलिखित वंशावलीमा चन्द्रवंशी कौशिक गोत्री जनराज भोजराजले सिंजागढ गई सिंजा महाराजकी रौतेली (राजकुमारी) पद्मावतीलाई विवाह गरेको प्रसङ्ग छ (परिशिष्ट ४)। वंशावली अनुसार जनराज भोजराजले चौखुट्टेदेखि पूर्व, कर्णालीदेखि पश्चिम, लोडेघाटदेखि उत्तर र इक्डीगाडदेखि दक्षिणसम्मको चार किल्ला भूमि दाइजो राज्य पाई खप्तडको डाँफेकोटमा महल बनाएका थिए । यस वंशावलीबाट चन्द्रवंशी रेग्मी, खप्तडी विष्ट, खप्तडी बुढाथोकी, विणारी, रिमाल, लामिछाने, खड्का, ढुंगाना, धिताल, तेभारे माझी, रघु वंशी भण्डारी, बस्नेत, बस्ताकोटी आदि कौशिक सगोत्रीहरू खप्तडबाट नै विभाजित भएको संकेत पाइन्छ ।

(ख) ***मेचीदेखि महाकाली (भाग-४)*** *काठमाडौं : सुचना विभाग, २०३१ ।*

यस पुस्तकमा डोटीको सदरमुकाम सिलगढी बजारबाट १२ कोष टाढा, सेती अञ्चलका पहाडी जिल्लाहरूको लेक खप्तडको भौगोलिक परिवेश धार्मिक, सामाजिक एवं आर्थिक महत्व बारे प्रकाश पारिएको छ । प्रस्तुत पुस्तकमा खप्तड बाबा, कालकुट विष जस्ता जडीबुटी, निगालो र अभ्रख खानी आदिको नाम दिइएको छ ।

(ग) *पूर्ण प्रकाश नेपाल 'यात्री',* ***सेतीको नालीबेली****, विराटनगर : हिमाल सौगात प्रकाशन, २०३४ ।*

सेतीको नालीबेली खप्तड क्षेत्रसहित अछाम, डोटी बझाङ र बाजुराको यात्रा वृतान्त पुस्तक हो । 'यात्री'ले यस पुस्तकमा त्रिवेणी अर्थात् संगमस्थलमा पुराना चौतारा, मन्दिर र घाटका अवशेषहरू देखेको कुरा उल्लेख गरेका छन् । संगमस्थलको मध्यभागमा विष्णुको मन्दिर निर्मित छ । यस मन्दिरमा शिलालेख समेत उत्कीर्ण छ । यस शिलालेखमा निलगंगा र स्वर्ण गंगाको उल्लेख गरिएको छ (यात्री, २०३४ : २३६) । यद्यपि यात्रीले भनेजस्तो संगमस्थलको मध्यभागमा अवस्थित मन्दिर विष्णु भगवान्को हो भन्ने कुनै प्रमाण भेटिदैन । न त यस मन्दिरमा अहिले कुनै शिलालेख नै देखिन्छ । खप्तडस्वामीको जीवनीबाट नै सेतीको नालीबेलीको अध्याय सुरु भएको छ ।

(घ) *पूर्ण प्रकाश नेपाल 'यात्री',* ***सेती अञ्चलको दिग्दर्शन,*** *विराटनगर : हिमाल सौगात प्रकाशन, २०३५ ।*

प्रस्तुत ग्रन्थमा खप्तड क्षेत्रको प्राग इतिहास, वरिपरिको मध्यकालिन इतिहास, भौगोलिक संरचना, सामाजिक अवस्था र पर्यटनका सम्भाव्यतासम्बन्धी कुराहरू समावेश गरेका छन् । साथै यस पुस्तकभित्र खप्तड क्षेत्रको लोकसंस्कृति, लोकधर्म र यहाँका रैथाने जातजाति जस्ता महत्वपूर्ण विषयवस्तुहरू समाविष्ट छन् ।

(ङ) ***तीर्थत्रय-माहात्म्य संग्रहः शैलेश्वरी, खप्तड र मालिका माहत्म्य,*** *डोटी : गीता पुस्कालय र शैलेश्वरी गुठी सेवा समिति, २०५१ ।*

प्रस्तुत पुस्तक स्कन्दपुराणको मानसखण्डमा उल्लेखित माहत्म्यहरूमध्ये शैलेश्वरी, खेचरादि र बडी मालिका माहत्म्यको अनुवादित स्वरूप हो । खप्तड माहात्म्य पौराणिक गाथामा आधारित छ । यस पौराणिक माहत्म्यभित्र शौनकादि ऋषि र व्यासजीको खप्तड क्षेत्रको महिमासम्बन्धी अन्तरसम्बाद छ ।

(च) *खप्तडबाबा,* ***आत्मज्ञान,*** *काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति, २०५५ ।*

खप्तडबाबाले खप्तडको प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व उजागर गरेर लेखेको यो एक मात्र कृति हो । 'खप्तड परिचय' नामक यस पुस्तकको अन्तिम अध्यायमा खप्तडको प्राकृतिक, पौराणिक, धार्मिक एवं भौतिक सांस्कृतिक सम्पदाहरू- त्रिवेणी, खापरदह, सहस्रलिङ्ग र गणेश मूर्ति आदिको महत्व दर्शाइएको छ । यस पुस्तकमा गणेशको मूर्तिलाई खप्तड क्षेत्रको सबैभन्दा प्राचिन मूर्ति मानिएको छ ।

(छ) ***खप्तडबाबा स्मारिका २०५४,*** *काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति ।*

प्रस्तुत स्मारिका खप्तडबाबको स्मृतिमा १९ जना लेखकका लेखहरूको संगालो हो । यसै स्मृति ग्रन्थभित्र 'मेरो खप्तडबाबासँगको अन्तर्वार्ता' शीर्षकमा स्वामी प्रपन्चार्यको खप्तडबाबाको जीवन वृतान्त दिने विशेष लेख छ । यस लेखभित्र लेखकले स्वयं खप्तडबाबाको भनाइ उद्धरण गर्दै सामान्य मानिसदेखि खप्तडबाबासम्मको व्यक्तित्वका महत्वपूर्ण तथ्यहरूको रहस्योद्‌घाटन गरेका छन् ।

(ज) *राजाराम सुवेदी,* ***कर्णाली प्रदेशमा मध्यकालिन डोटी राज्य,*** *भोजपुर : रणबहादुर बान्तवाराई र दुर्जकुमार राई, (२०५६)।*

यस पुस्तकमा मध्यकालिन डोटी राज्यको भौगोलिक अवस्थिति, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं सामाजिक अवस्थाका बारेमा चित्रण गरिएको छ । यस पुस्तकमा खप्तडलाई तत्कालिन डोटी राज्य अर्न्तगत नै राखिएको छ । पुस्तकभित्र खप्तड क्षेत्रलाई पनि त्यस कालखण्डको महत्वपूर्ण तीर्थस्थलको रूपमा वर्णन गरिएको छ ।

(झ) *आर.डी.'प्रभास' चटौत,* ***डोट्याली बृहत शब्द कोष,*** *काठमाडौं : बेलु-विश्व प्रतिष्ठान, २०५८ ।*

डोटेली भाषाको यस बृहत शब्दकोषमा खप्तड (खेचराद्रि), खप्तडीस्वामी, खप्तड्चाल, त्रिवेणी, खापरमष्टो आदिको बारेमा अर्थ्याइएको छ । यस कोषमा उल्लेख भए बमोजिम खप्तड भेकको तल्लो भेकमा रहेका छान्ना-काँडा र वरपरका अन्य गाउँहरूमा बस्ने खप्तडी बस्नेत एक प्राचीन जाति भएको बुझिन्छ । खप्तड क्षेत्र वरपर रहेका बुढा, बिष्ट आदि थरहरू पनि खप्तडी बस्नेत वंशकै हांगा हुन् भनिन्छ । कोषभित्र कोशिक ऋषिको आश्रमको वरपर बस्ने र आरधना गर्ने भएकोले खप्तडी बस्नेत कोशिक गोत्री हुन पुगेको किम्बदन्ती छ ।

(ञ) *शिवगोपाल रिसाल र नारायण प्रसाद लम्साल, (सम्पा.)* ***खप्तडबाबा स्मारिका २०६०,*** *काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति ।*

यो खप्तडबाबाको स्मृतिमा छापिएको दोस्रो स्मारिका हो । यस स्मारिकाभित्र प्रा. शिवगोपाल रिसालको 'श्री खप्तडबाबा विभिन्न दृष्टिबाट', स्वामी रामानन्द गिरिको 'खप्तडबाबाको साक्षात्कार', विष्णु खत्रीको 'खप्तडस्वामीका केही संस्मरणीय सेवाहरू' र नारायण प्रसाद लम्सालको 'खप्तडबाबाका बारेमा श्यामचेतन बाबासँग लिइएको अन्तर्वार्ता' महत्वपूर्ण रचनाहरू छन् । यस स्मारिकामा २७ जना लेखकका रचना छन् ।

(ट) *विजय चालिसे,* ***डोटेली लोक संस्कृति र साहित्य,*** *ललितपुर : साझा प्रकाशन, २०६५।*

पहिलो पटक वि.स. २०३९ मा प्रकाशित यस पुस्तकभित्र डोटी जिल्लाको लोकसंस्कृति र लोक साहित्यसम्बन्धी अध्ययन गरिएको छ । यस पुस्तकमा खप्तड क्षेत्रको धार्मिक र सांस्कृतिक महत्व झल्काइएको छ ।

(ठ) ***सेती अंचलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण,*** *काठमाडौं : पुरातत्व विभाग ।*

सेती अंचलका वर्गीकृत भौतिक सांस्कृतिक सम्पदाहरूको यो विवरण पुस्तिकामा सेती अंचलको ऐतिहासिक पृष्ठभूमि अन्तर्गत प्राणऐतिहासिक एवं सह-ऐतिहासिक काल, पौराणिक काल, प्रारम्भिक काल, पूर्व मध्यकाल, मध्यकाल, नेपाल एकीकृत भएपछिको ऐतिहासिक अवस्था र सांस्कृतिक सम्पदाहरूको श्रृजनासम्बन्धी विवेचना गरिएको छ । यस पुस्तिकामा सेती अंचलका सबै जिल्लाका सांस्कृतिक सम्पदाहरूको पुरातत्व अभिलेखिकरण गरिए पनि खप्तडका पुरातात्विक स्थलहरू यसमा समावेश छैनन् ।

## १.६ शोध सीमाङ्कन

प्रस्तुत विषयवस्तु खप्तडी लोकसंस्कृतिको महत्वमा आधारित भएकाले यो शोधपत्र खप्तड क्षेत्रको पौराणिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं सामाजिक अध्ययन/अन्वेषणमा केन्द्रित रहेको छ । खप्तड क्षेत्रका सांस्कृतिक सम्पदाहरू, लोकपरम्परा, लोकमान्यता, लोककिम्वदन्तीहरू नै यो अध्ययनका सामाग्री हुन् । यसर्थ यस क्षेत्रको सांस्कृतिक अध्ययन र खप्तडबाबाको खप्तडको पर्यटन विकासमा रहेको योगदानको समीक्षा गर्ने उद्देश्यले प्रशासनिक दृष्टिले छुट्याइको खप्तड राष्ट्रिय निकुञ्जको  क्षेत्र र त्यहाँस्थित सांस्कृतिक सम्पदाहरू नै अध्ययनको सीमा मानिएको छ ।

## १.७ शोध प्रविधि

### (क) प्राथमिक स्रोत

यस अन्तर्गत स्थलगत सर्वेक्षण, फोटोग्राफी, अन्तर्वार्ता तथा प्रश्नावली बनाई यस क्षेत्रको लोकसंस्कृति अध्ययन गरिएको छ ।

### (ख) सहायक स्रोत

हालसम्म यस क्षेत्रको सांस्कृतिक गतिविधिसँग सम्बन्धित लेख रचना, तथा पुस्तकहरूको सहयोग लिइएको छ ।

## १.७ शोध रूपरेखा

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्याय : खप्तड क्षेत्रको भौगोलिक एवं ऐतिहासिक पृष्ठभूमि

तेस्रो अध्याय : खप्तड क्षेत्रको सामाजिक तथा सांस्कृतिक सेरोफेरो

चौथो अध्याय : खप्तड क्षेत्रका धार्मिक तथा सांस्कृतिक परम्परा

पाँचौं अध्याय : खप्तडका भौतिक सांस्कृतिक सम्पदा

छैठौं अध्याय : खप्तडबाबा र खप्तड क्षेत्रको पर्यटन

सातौं अध्याय : उपसंहार

दोस्रो अध्याय

# खप्तड क्षेत्रको भौगोलिक एवं ऐतिहासिक पृष्ठभूमि

यस अध्यायमा सेती अञ्चलका अछाम, बझाङ, बाजुरा र डोटी जिल्लाका संगमस्थलमा अवस्थित खप्तड क्षेत्रको भौगोलिक तथा यस क्षेत्र वरिपरि वसोबास गर्ने मानिसहरूको सांस्कृतिक जनजीवनको अध्ययन गरिएको छ ।

## २.१ भौगोलिक संरचना

### २.१.१ अवस्थिति

खप्तड क्षेत्र हवाई दुरीको हिसाबले नेपालको राजधानी काठमाडौंदेखि पश्चिम ४४६ किलोमिटर टाढा रहेको छ (चित्र : १)। यो क्षेत्र सुदूरपश्चिम विकास क्षेत्रको सेती अंचलअन्तर्गतको बझाङ, बाजुरा, डोडी र अछाम जिल्लाको चौसिमामा अवस्थित छ । यसलाई महाकाली र कर्णाली नदीको बीचमा बुढी गंगा र सेती गंगाले घेरेको छ । २२,५०० हेक्टर अर्थात् २२५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको खप्तड राष्ट्रिय निकुञ्ज २९°१७'४१" उत्तरी अक्षांसदेखि २९°२७'५८" उत्तरी अक्षांससम्म र ८१°०१'५८" पूर्वी देशान्तरदेखि ८१°१३'४३" पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्रि सतहबाट १,४२० मिटरको चौकी भञ्याङ्गदेखि ३,३०० मिटर उचाइको सहस्रलिङ्गसम्म विस्तारित छ । खप्तड क्षेत्रको पूर्वमा बाजुरा, पश्चिममा डोटी, उत्तरमा बझाङ र दक्षिणमा अछाम पर्दछन् । सम्पूर्ण खप्तड क्षेत्रले कुल १०२४ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ ।

### २.१.२ हावापानी

बसन्त (चैत्र) देखि सरद (असोज) ऋतुसम्म यहाँ ०° देखि १८° सेल्सियस तापक्रम हुन्छ । जेष्ठदेखि भाद्रसम्म वर्षा हुन्छ । चिसो सुख्खापन हुँदै कार्तिकतिर शीत जम्न शुरुभई मंसीरदेखि हिउँ पर्न थाल्छ । सबैभन्दा बढी -१३° तापक्रमसम्म हुने खप्तडमा फागुन महिनासम्म हिउँ जम्छ (चित्र : २) । चैत्रको अन्त्यसम्म हिउँ पग्ली नयाँ पालुवाहरू देखापरि सक्छन् ।

### २.१.३ भू-बनोट

बझाङ, बाजुरा, अछाम र डोटीको मिलनबिन्दु खप्तड लेक चारैतिर ५/६ अग्ला पहाडहरूले घेरिएको छ । यी पहाडहरूको मध्य भागमा बाह्र हजार फिटको उन्नत पर्वत शिवलिङ्ग स्वरूपको सहस्रलिङ्ग नामक शिखर छ । नौरंगी फूलहरूले सुसज्जित पिरामिड शैलीका दर्जनौ पर्वत श्रृंखलाहरू छन् ।

## २.२ प्राकृतिक सम्पदा

### २.२.१ वनस्पति र फूल

खप्तड क्षेत्रका वनस्पतिलाई अर्ध-उष्ण, शीतोष्ण र अर्ध-हिमाली गरी ३ श्रेणीमा विभाजन गरिएको छ । १००० देखि २००० मिटरको तल्लो उचाईमा पर्वतीय साल र भिदुर जातिका वृक्षहरू भेटिन्छन् । १८०० देखि ३००० मिटर उचाईको शितोष्ण वन क्षेत्र देवदार, गोब्रे सल्ला, ढिंग्रे सल्ला, गुराँस, फलाँट बाँझ र अग्राखले ढाकेको छ । खप्तड समस्थल/पठार २९०० मिटरभन्दा माथि देवदार, बाँझ, भोजपत्र र गुराँस अर्ध-हिमाली वनस्पतिहरू पाइन्छन् । प्रशिद्ध बाघबुट्टे निगालो पाइने खप्तड नेपालको एक मात्र राष्ट्रिय निकुञ्ज हो । नेपालमा पाइने फूलहरूको कूल ११ प्रतिशत अर्थात् ५६७ प्रजातिका फूलहरू यस खप्तड क्षेत्रमा भएको अनुमान गरिएको छ (पाण्डे, २००८ : ६)। ती मध्ये संसारभर कतै नपाइएका कोटोनिआस्टर विसरामिआनस् (क्लोत्ज), डिप्लोट्याक्सिस नेपालेन्सिस् (हारा), इम्याटिएन्स स्कुल्लिाई (जे.डि.हुकर) र टाराक्साकम् नेपालेन्स (भान सोइस्त) नामक रैथाने फूलहरू हुन् (शाक्य, २००८ : ३)।

### २.२.२ जडीबुटी र खानी

चिराइतो, चुत्रो, भ्याउँ, पदमचाल, टिमुर, सालम, पन्जाजडी, सालम्मी, भोजपत्र, श्री काकोली, डोलु, पाँचऔले र कालकुट विष आदि गरी २०३ थरिका जडिबुटीहरू पाइन्छन् ( निकुञ्ज, २००५ : २७)। जडीबुटीको भण्डार भएकोले नै चार दशक अघि सरकारले यहाँ जडिबुटीको उद्योग सञ्चालन गरेको थियो । यहीँ जडिबुटीबाट बनेको ओखतीमूलो वितरण गरेर खप्तडबाबाले प्रशिद्धि कमाएका थिए । यसैगरी अभ्रख, म्याग्नेसियम, सिसा, विभिन्न फटिक र राता पत्थर आदि खानीहरू यहाँ पाइन्छन् । स्थानीयहरूका अनुसार बझाडी राजा रामजंग बहादुर सिंहले पनि खप्तडको अभ्रख भारततर्फ निकासी गरेका थिए ।

### २.२.३ जनावर

चितुवा, वन बिरालो, चरी बाघ, नीर बिरालो, कालो भालु, स्याल, फ्याउरो, रातो फ्याउरो, ब्वाँसो, ढोल, मलसाँप्रो, ओँत, दुम्सी, न्याउरी मुसा, थार, घोरल, मुसा, कस्तुरी मृग, रतुवा मृग, साम्बर, बँदेल, रातो बाँदर र ढेडु गरी २३ प्रजातिका जनावरहरू निकुञ्जले सूचिकृत गरेको छ ।

### २.२.४ चराचुरुङ्गी

डाँफे, मुनाल, कालिज, च्याखुँरा, तित्रो, फोक्रस, वन कुखुरा, काष्ठकुट, शाहीबाज, चिल, न्याउली चरी, ढुक्कुर, कोइली, सेतो गिद्ध, हिमाली गिद्ध, द्रोणक चील, बनबाज, सुपर्ण महाचील, काकाकुल, शिक्रा, बौंडाइ, चीर खोया हाँस, चखेवाचखेवी, भद्राई, कैले वनकाग, हरियो लामपुच्छे, राजा काग, रानीचरी, आसकोटे चरी, पहेंलो मारुनीचरी, कालीकण्ठे चाँचर, काँडे भ्याकुर, पाल्कोट, जुंगे जुरेचरा, नेपाल तितु, ब्राह्मीचरी भारद्धाज, नेपाल बाँदरचरी, बेसारे टिकटिक, हुचिल, गौथली, रुख भगेरा र गाँजले पीतचरी गरी २७८ प्रजातिका चराचुरुङ्गी पाइन्छन् ।

सम्वत १९०५ मा श्री ५ को सरकार नाम उद्धरण गर्दै श्री काजि रणधिरसिँह बस्न्यातले लेखेको पत्र (परिशिष्ट : २) मा बझाङ रास्कोट दराबाट सर्वाग विना सहितका जिउँदा कस्तुरीका पाठा ३/४, चरा -डाँफे, मुनाल र फक्रास र चाखुरा ५०/६०, भएका बढिया घोडाहरू चाडो ताकेता गरी पठाउनु तर घोडा कस्तुरी विना यहाँ नल्याई कसैले पनि नबेच्नु अयन्त्र लगि बेच्नेलाई दण्ड होला सो जानी लेखिएको बमोजिम बझाउनु भन्ने उर्दी जारी गरिएको छ (योगी, २०२१ : ५८१)। यो पत्रमा उल्लेखित रास्कोट दराको शिकारथलो खप्तड हुनसक्छ । अहिले पनि खप्तड क्षेत्र कस्तुरी विना, फक्रास, डाँफे, मुनाल, चाखुरा र बढिया घोडाका लागि प्रसिद्ध रहेको छ ।

### २.२.५ खोला र माछाका प्रजाति

खप्तड निकुञ्जबाट उत्पत्ति भएर जिम्ले खोला, मैदान गाड, तालरवा खोला, सर्सी खोला, माईथान खोला, तिलाडी खोला, घोडामोर खोला, साली गाड, विनी खोला, भेलछरो खोला, रुनी गाड र किस्मती लगायत ३० भन्दा बढी खोला/गाडहरू बग्छन् । यस खप्तड क्षेत्रका खोलाहरूमा कत्ले, बुदुना र डाडे प्रजातिका माछा पाइन्छन् (निकुञ्ज, २००५ : ५१)।

### २.२.६ स्थानिक सरिसृप

खर्से भ्यागुता, ड्याङ्ग पाहा, बभ्फाङ्गे पाहा, खर्से भ्यागुता, टिक टिके पाहा, पाहा, छेपारा, पत्थर चतुवा, हरियो छेपारो, पहेँलो छेपारो, माउसुली, भाने मुग्रो, भैसे गोहोरो, चङ्खे सर्प, लोहाजिन, बाएना सर्प, धामन सर्प, आधो सर्प र पानी सर्प गरी २३ प्रजातिका स्थानिक सरिसृपहरू खप्तड क्षेत्रमा सूचिकृत गरिएका छन् । यी रैथाने सरिसृपमध्ये बभ्फाङगे पाहा, खर्से भ्यागुता र हरियो छेपारो अहिलेसम्म यो क्षेत्र बाहेक संसाभर कतै भेटिएका छैनन् (शाह, २००८ : ५)। रैथाने सरिसृपहरूका लागि पनि खप्तड क्षेत्र प्रसिद्ध छ ।

### २.२.७ पाटन, दह र दर्शनीय ढुंगा

खप्तडलाई २२ दह र ५२ पाटनको भूमि भनिन्छ । साइल, मुडुली, गोल, बाण्डुरी, पुलपुला, सुन्थैली, खेल्ने, बलेमेला, बल्जुडी, बुकी दह, चाल्ने बाडा, चौमाला, छेडे, छिन्टे, ढुंगा दुधिली, गणेश, घोडा दाउने, हिउँ सिन, खापर दह, लुकसे, फुर्के, सहस्रलिङ्ग, सुनथाली, ठूलो गैरो, तिराक, त्रिवेणी र सुकी दह गरी ५२ पाटनहरू छन् । खापर दह, सुकी दह, सुनी दह, बुकी दह, छेडे दह, र घुम्की दह यहाँ छन् । तर बाह्रैमास पानी हुने दह खापर मात्र हो । यसैगरी केदारढुंगा, नागढुंगा, भीमढुंगा, भूदेउढुंगो, जेठी-बौरानी ढुंगा र छिन्टे ढुंगा जस्ता दर्शनीय ढुंगाहरूले खप्तडी पाटनहरू सजिएका छन् ।

## २.३ खप्तड क्षेत्रको ऐतिहासिक पृष्ठभूमि

### २.३.१ खप्तडको नाम र प्राचीनता

खेचराद्रि शब्दको अर्थ खेचर पर्वत (खेचर+अद्रि) हो यसै खेचर पर्वतको अपभ्रंस खप्तड हुन गएको हो । खेचर शब्द  एक गगनचुम्बी शब्द जस्तै आलङ्कारिक शब्द हो (खप्तडबाबा, २०६३ : २८)। खप्तड नाम खापड देउ अर्थात् खापड मस्टाबाट विकसित भएको हो । खापड दहको नाम यसको प्रमाण हो । खापड देवताको तड अर्थात् फाँट वा क्षेत्र भएकोले यसलाई खापड+तड भन्दाभन्दै खप्तड भनिएको हो (पन्त, २०६८ : २३)।

संस्कृतमा आकाशलाई नभ अथवा ख पनि भनिन्छ । नभप अथवा खपको अर्थ हुन्छ चरो । सेती अञ्चलको खप्तड पुरानो खपतल  (पक्षीलोक) हो । त्यसको पौराणिक पर्याय खेचराद्रिको अर्थ हो पक्षी-पर्वत । कार्तिके (कुलिन्दादि) युगमा आएर उक्त चरो मजुर भएझैं छ, कारण

कर्णाली नदीलाई भोटेली वाङ्मयमा माप्छा-चङ्पा **(mapcha-tsangspo)** अर्थात् मयूरगङ्गा भनिएको छ । कर्णालीको तटमा खेचरतीर्थ छ, जसलाई अचेल कजर अथवा खोजरनाथ भनिन्छ । यो खेचर पहिले कुन चरो थियो खोजी हुन बाँकी नै छ, परन्तु कार्तिकेयुगमा उक्त चरो पक्कै मयूर ठानियो । कर्णाली नदीको नामको भोटेली पर्यायको अर्थ (मयुरगङ्गा) बाट यो भनाइले पुष्टि पाउँछ । जे कुरो मयूरगङ्गा र खेचरतीर्थमा लागु हुन्छ त्यही खेचराद्रिमा पनि लागु हुन सम्भव छ । अझ पुराना युगमा यो खेचराद्रि जुनसुकै चरोको गिरि भए पनि कार्तिकेय युगमा पक्कै मयुरगिरि थियो (पोखरेल, २०५५ : ४७४)। प्रागैतिहासिक कालमा बर्केलीहरूले अरुण (बाज) को बाजे (बाझे) लाई ओसारेको छनक मिल्दछ । खेचराद्रि कतिसम्म प्राचीन हो यसको खोजी हुन बाँकी नै छ ।  यदि त्यो (खेचराद्रि) दूरवर्ती जनसंख्याको द्रुतगामी विचलनको युगमा स्थापित पीठ हो भने त्यो मयुराद्रि हुनुभन्दा धेरै पूर्व पक्कै  गरुणाद्रि अथवा अरुणाद्रि थियो (ऐजन)। यस अध्यायमा खप्तड क्षेत्रको प्रागऐतिहासिक एवं सह-ऐतिहासिक युग, पौराणिक युग, प्राचीन तथा प्रारम्भिक ऐतिहासिक काल र मध्यकालको ऐतिहासिक अध्ययन गरिने छ ।

### २.३.२ प्रागऐतिहासिक युग

विशेष गरी खप्तडबाबाको सिद्ध साधनाले नै खप्तड क्षेत्रले राष्ट्रिय र अर्न्तराष्ट्रिय प्रशिद्धि पाएको पनि मात्र आधा शताब्दी पुगेको छ । वि.स. २०२२ सालमा राजा महेन्द्रले साधनास्थलमा खप्तडबाबासँगको औपचारिक दर्शनभेट पछि नै खप्तड क्षेत्र प्रकाशमा आएको थियो । त्यसभन्दा अगाडि खप्तड क्षेत्रको प्राकृतिक, धार्मिक र सांस्कृतिक महिमा रैथानेहरूसँग मात्र सिमित थियो । सेती अञ्चलका भूभागहरूमा मानवजातिको बसोबास कहिलेदेखि शुरुभयो भन्ने बारेमा एकिन जानकारी पाइदैन । यस अञ्चलमा प्राग्ऐतिहासिक मानव संस्कृति अर्थात् पाषण संस्कृतिका अवशेषहरू हालसम्म पहिचान भएका छैनन् (पुरातत्व विभाग, २०६६ : १)।

खप्तड क्षेत्र एक सांस्कृतिक अन्वेषणको शोध गर्दैगर्दा खप्तडस्थित केदारढुङ्गा परिसरबाट एक हत्केला बराबरको आकारमा दुरुस्तै हाते बञ्चरो आकृतिको ढुंगा फेला परेको थियो (चित्र : ५)। ढुङ्गाको आकृति हेर्दा बञ्चरोको स्वरूप जस्तै अगाडिको भाग धारिलो अनि विस्तारै समानान्तर मोटो दुई अंगुल अघि बुढीऔंला आकारको बिड भाग छ  । यो ढुङ्गा सेतो, पहेलो र मिश्रित रङ्गको छ । वरिपरी लेउ तथा झ्याउ लागेको भएपनि ढुङ्गो चिप्लो छ । यद्यपि सह-

ऐतिहासिक युगका विभिन्न सांस्कृतिक चरणहरूमध्ये ताम्रपाषण चरणको ताम्रनिधि संस्कृतिको अवशेष मानिने तामाको मानवाकृति हालसम्म कैलाली जिल्लाबाट मात्र पाइएको छ (ऐजन)। खप्तड सभ्यताको मानव सभ्यताको विकास कहिले प्रारम्भ भयो ? यसबारे विस्तृत अध्ययन एवं अन्वेषण हुन बाँकी नै छ ।

### २.३.३ पौराणिक युग

विभिन्न पुराण तथा प्राचीन ग्रन्थहरूको रचनाकाललाई नै पौराणिक काल भनिन्छ । पुराण तथा ग्रन्थ साहित्यको रचनाकालको तिथिमिति निधारण गर्न नसकिएता पनि सामान्यतया इशापूर्व तेस्रोदेखि इशाको पाँचौ शताब्दीतिरको समयलाई नै पौराणिक कालको समयावधि मानिन्छ । सेती अञ्चलको सन्दर्भमा पनि यसै अवधिलाई पौराणिक काल मान्न सकिन्छ । (पुरातत्व विभाग, २०६६ : १)। खप्तड क्षेत्रको पौराणिक गाथा स्कन्दपुराणको मानसखण्डमा खेचराद्रि माहात्म्यभित्र उल्लेखित छ (परिशिष्ट : ३)।

समग्र खप्तड क्षेत्र र विशेष यहाँका पाटन, ताल नदी, गुफा आदि विभिन्न पौराणिक तथा धार्मिक कथा प्रसङ्गहरूसँग जोडिएका छन् । तपस्वी हरूको साधना केन्द्र, ईश्वरको क्रिडाक्षेत्र, एवं धार्मिक व्यक्तिहरूको तिर्थधामको रूपमा पनि यस क्षेत्रले मानव संस्कृतिको आरम्भदेखि नै अनुपम स्थान ग्रहण गरेको छ । खप्तड क्षेत्रको तल्लो भाग **मानसखण्ड** उपल्लो भाग **कैलाशपर्वत** तथा **मानसरोवर** भएको भन्ने विश्वास सुदूरपश्चिमेली जनतामा व्याप्त छ ( पाण्डेय, २०६४ : ३८०)। सत्ययुगमा भगवान् शिवशङ्कर तथा जगदम्बा पार्वतीले विवाह-सुत्रमा जोडिएपछि मधुमास यसै रमणिय क्षेत्रको चन्द्रगिरीमा मनाएको त्रेतायुगमा रामचन्द्र भगवान्ले यस पावनभूमिमा आई भगवान् शिव र जगद्जननी पार्वतीको पूजा आराधना गरेको एवं धनका देवता कुवेरले यसै क्षेत्र अवस्थित कञ्चनपुरी नामक पौराणिक नगरलाई आफ्नो राजधानी बनाएको जस्ता किम्वदन्तीहरू यहाँ प्रचलित छन् (ऐजन) । शिवजी राँगाभैसीको रूपमा खप्तडमा विचरण गरिरहेका बेला पाण्डव आउदा केदारढुङ्गामा परिणत भई तिनीहरूलाई छकाउन त्यहाँबाट शिवजी भागेर हिमशिखर केदारमा पिठ्युँ फर्केर छोपेको र शिर पशुपतिमा भएको पुराणोक्ति छ (खत्री, २०६० : २)।

प्राचीन कालमा तिब्बतको स्वर्णभूमि र त्रिविशापदेखि भारतको गंगातटीय समथर भूमिसम्मको नुन व्यापारको मार्ग यसै भूखण्ड हुँदै निर्माण गरिएको, पौराणिक कालमा यस क्षेत्रको बाटो भई मानसरोवर तिर्थयात्रा गर्ने प्रचलन रहेको, उत्तरवैदिक कालमा यक्ष, नाग, किन्नर, सिद्ध, आदि जनजातिहरूले प्रमुख कर्मथलोको रूपमा यसै क्षेत्रलाई प्रयोगमा ल्याएका, शक र हुणहरूले पनि यहाँ बसोबास गरेका जस्ता कुराहरू पनि स्थानिय जनजिब्रोमा रहिआएका छन् (पाण्डेय, २०६४ : ३८०)। खप्तड क्षेत्रको दक्षिणपट्टि अछाम जिल्लामा पर्ने देवीस्थान र बुढाकोट गाविसको बीच भागमा पर्ने धवलछडो गुफामा भृगु ऋषिले तपस्या गरेको हुँदा जनबोलीमा त्यो ठाउँको नाम भृगु आश्रम रहन गएको छ । आकाश चरी देवी देवताका साथै कुवेर एवं वरुणादि अनेक दिग्पाल अनेकन स्थानीय देवताले त्यहाँ बसोबास गरेका छन् । चन्द्रमा समेतका ग्रह, सुर, असुर, गन्धर्वले पनि त्यहाँ निवास गरेका छन् (जोशी, २०६६ : १-१६)।

### २.३.४ प्राचीन तथा प्रारम्भिक ऐतिहासिक काल

खप्तड क्षेत्रमा तथा प्रारम्भिक ऐतिहासिक कालका ऐतिहासिक एवं सांस्कृतिक अवशेष तथा प्रमाणहरू पाइएका छैनन् । र, पनि यस क्षेत्रको प्राचीन तथा मानव सभ्यताका बारेमा विचार गर्न सकिने केही आधाहरू पाइन्छन् । पौराणिककाल देखिनै यस क्षेत्रमा (सेती अञ्चल) व्यापारिक एवं तीर्थ यात्राका क्रममा तिब्बत र गंगा जमुनाको मैदानका बिच बाटाहरू खुलेका, त्यसरी खुलेका मूल बाटोहरूसँग जोडिने कतियप सहायक मार्गहरू यस अञ्चलका नदी किनारा र पहाडी श्रृंखला हुँदै गएका थिए जसको आसपासमा फाट्टफुट्टरूपमा मानव बसोबास पनि शुरु भएका थिए । प्रारम्भिक ऐतिहासिककाल आइपुग्दा यस्ता बस्तीहरू अझ विकसित भएर ठाउँ-ठाउँमा स-साना गाउँको रूप लिन थालेको आभास मिल्दछ ( पुरातत्व विभाग, २०६६ : १)। त्यस बखत यो क्षेत्र नेपाल वा कर्तृपुर राज्य अन्तर्गत संगठित भइसकेको कुरा सम्राट समुद पाँचौं शताब्दीका सम्राट समुन्द्र गुप्तको प्रयागस्थित अभिलेखामा उत्तरतिरका सिमान्त राज्यहरूको नाम अंकित अक्षरहरू 'कामरूपनेपालकतृपुरादि, प्रत्यय.......' उल्लेख गरिएका छन् । समुद्र गुप्ताको यस अभिलेखबाट सेती-कालीको भूभाग नेपाल अन्तर्गत थिए कि कतृपुर अन्तर्गत पर्दथे स्पष्ट जानकारी हुन नसके पनि यस क्षेत्रमा मानव बसोवास भई राज्य संगठनमा आवद्ध भइसकेको कुरा भने प्रष्ट छ (ऐजन)।

डोटी क्षेत्रमा हूण, शक, पाल, चल्ल, ल्ल, मल्लहरूले शासन गरेका विभिन्न निशानीहरू पाइएका छन् । गढसेराको दरबार र सिंहपालको दरबारमा प्रयोग गरेका ईटको संक्कल चागुनारायण मन्दिरमा प्रयोग गरेका ईटसँग मिल्दोजुल्दो छ । आर्यहरूको आगमन पूर्वका देवीदेवताहरू त्यस क्षेत्रमा अझैं विद्यमान छन् । कर्णाली प्रस्रवण क्षेत्रका नदीहरूले पारेका मलिला फाँटहरूमा प्राचीन मानवको बस्ती थियो । त्यस्ता ठाउँमा सिमिकोट, लिमी, सिंजा, नाग्म, रिग्मा, दार्चुला, बुंगल, खपतड, मानाकोट, काँडा, मानसरोवर आदि पर्दछन् । प्राचीनकालमा कर्णाली प्रदेशमा वनमान्छे, कुसुण्डा र राउटेको घुम्ती  बस्ती थियो । डोटीका आदिवासीहरूमा किरात, खस, राजकिरात, शक, नागा, हुण, राउटे, कुसुण्डा र वन मानिस रहेको प्रमाणित हुन्छ  (सुवेदी, २०५६ : ९८-९९)।

### २.३.**५ मध्यकाल**

१२ औं शताब्दीको प्रारम्भतिर आइपुग्दा सेती अञ्चलका भूभागहरू जुम्लाको खस सांम्राज्य अर्न्तगत प्रशाशित थिए (पुरातत्व विभाग, २०६६ : २)। राजा पृथ्वी मल्लको अन्तिम समयतिर क्रमशः खस्कदो राज्यशक्तिको फाइदा उठाउदै वि.स. १४०७ खस सांम्राज्यको तिब्बती भूभाग चाङचुव ग्याल्जेनले स्वतन्त्र राज्य बनाए (ऐजन)। उत्तरतर्फ हिमालय श्रृंखलासम्म मात्र सिमित भइसकेको जुम्ला खस सांम्राज्यबाट वि.स. १४३१ मा ज्ञान चन्दले कुमाउँ गडवाल स्वतन्त्र गरे (ऐजन) । क्रमशः जुम्ला सल्यान, जाजरकोट, रुकुम स्वतन्त्र राज्य घोषित भए । त्यसैगरी डोटीका राउला निरपालका छोरा नाग मल्लले डोटी प्रदेशलाई स्वतन्त्र राज्य घोषणा गरी शासन गर्न थाले (ऐजन)।

खस सांम्राज्य टुक्रिने क्रममा वर्तमान सेती अञ्चलका अधिकांश भाग डोटी र केही भाग दैलेख राज्यमा परेका थिए । सूर्यमणि अधिकारीका मतमा डोटी राज्यबाट वि.स. १५०१ तिर रजवार शक्तिसिंहले बझाङ, बझाङबाट पनि शक्तिसिंह जक्तिसिंहले थलरा र वि.स. १५७५ डुगरसिंहले बाजुरा राज्यको स्थापना गरे (ऐजन) । १६ औं शताब्दी तिर आइपुग्दा वर्तमान सेती भूभागका बझाङ, बाजुरा, थलरा, अछाम, दर्ना आदि राज्यहरू अस्तित्वमा आइसकेको पाइन्छ ( ऐजन)। डोटी, अछाम, बझाङ र बाजुरा चौसिमामा पर्ने भएकोले खस साम्राज्यको विघटनपछि खप्तड क्षेत्र कुनै पनि एक राज्यमा अस्तित्वमा मात्र सिमित रहेको प्रमाण फेला परेको छैन् ।

खप्तड निवासीलाई खप्तरी, खपतरी, खवतरी, खप्तडी, खप्तडे, खप्पतड्याल, खप्तड्या र खप्तेडेलि भनिन्छ । परिशिष्ट (४) को वंशावली अनुसार पन्ध्रौ शताब्दीको थालनीतिर जनराज भोजराजले खप्तडको डाँफकोटमा महल लगाइसकेपछि मात्र खप्तडको ऐतिहासिक अध्याय शुरु भएको मान्न सकिन्छ । खप्तडीका सहकर्मी/सहधर्मी कुटुम्बहरू -सिंजापति, सेर्पाली, कालिकोटे र खुलाल पनि यसै थलोका माउपुर्खा हुन् भन्ने विश्वास ढुंगो-माटो एवं ग्रामदेवता-क्षेत्रपाल इत्यादि आजापूजाप्रति अभिव्यक्त आस्था र श्रद्धाले परिलक्षित गराउँछन् (यात्री, २०३४ : ९)। खप्तड क्षेत्र पनि खस जातिको रथाने क्षेत्र भित्र पर्दछ । बाह्रौ शताब्दी तिर भारतबाट मुसलमानको प्रभावले कनौज र चितौडतर्फबाट भागी आएका बाहुन र राजपूतहरू नेपालको पश्चिमी पहाडतिर बस्न थाले (विष्ट, १९७२ : २)।

खप्तडी खड्का, खप्तडी बस्नेत, रिमाल, रेग्मी, विणारी, धिताल, लुईटेल, तिवारी, ढुंगाना, बानियाँ, वस्ताकोटी, रघुवंशी भण्डारी, रायमाझी, पुडासैनी, लामिछाने खड्का, खप्तरी बुढाथोकी, खप्तडी बिष्ट, खप्तडी थापा, तभारे माझी वशावलीमा सगोत्री एवं खप्तडी भनिएको छ । यस शोध अध्ययनमा प्राप्त भएको खप्तडी खड्काको वंशावली र खप्तडी बस्नेतको वंशालीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### २.३.**५.१ खप्तडी खड्काको वंशावली**

श्री मलया गिरिमा जन्मनु भयो । पञ्चदरा पीठ क्षेत्र महाराष्ट्र/राजस्थान विद्यपुरी गिरि गमन हत शैलराज पुराज मुनी पण्डित/भुपाण्डीत चतुर्वेद विश्वमित्र ऋषि चन्द्र वंशी कौशिक गोत्र मध्यनी साषा त्रिनी प्रवर सुन्केसला वम् सोही गणेशका धीर भया । पन्धीर भया । धीर तिरका भोजराज भया । पन्धीरका चार थानी बाहुन भया । जनराज भोजराजले जुम्ला महाराजकी रौतेली (राजकुमारी) विवाह गरी ल्याए । बाह्र आला बाउन्न पाला लगाई खप्तडको डाँफकोटमा महलु चिठाए । सैनशालतडा शिकार खेले । जाड वनाली कपर्स्यउलो हाली हाडासैन खम्म रोक्काई, देवीथुममा पूजा लगाई, बैजनाथ मेधा (ध्वजा) चढाईं सिराका खुरा खुराका सिरा अचाक्ला वैरीका शिर चारचिरा चारचिराकी उनकी रखवाला बलियाकी खण्ड खोदालाः (परिशिष्ट : ५)।

जुम्ला महाराज पृथ्वी मल्लको पालामा महाराष्ट्र विछा वगर दक्षिणबाट आएका रहेछन् । छिन्जा गड जाउला भन्ने उनको विचार रहेछ । खप्तडको बाटो गरी जादा घट्ट/दह खप्तडमा बास बसेछन् । षापर देवताका शिला झोलिमा रहेछन् । त्यो दहमा ती सिला पसेछन् । ती धीर पन्धिर छिंजा (सिंजा) गणमा गएछन् । भोजराजले महाराजकी जेठी रौतेली (राजकुमारी) पद्मावती विवाह गरी बल्डेधामी, देउरेमेलि बाहुन र रैंकादमाईसहित चौखुट्टेदेखि पूर्व, कर्णालीदेखि पश्चिम, लोड्या घाटदेखि उत्तर र इकिडिगाडदेखि दक्षिण येति चारकिल्ला भित्रको दाइजो पाइ खप्तडको डाँफेकोटमा महलु चिठाई (बनाइ) बसे । जनराज भोजराजकी पाठ (परिशिष्ट ४)। यो प्रशस्ति पर्छो लगाउदा पर्छो नायक (अगिभाने) ले पनि बाजाको तालसँगै गाउने गर्छन् । वि.स. १४०० देखि १४१८ को बीचमा आफ्नो पुरुषाथर्ले सिंजा महाराज सूर्य मल्लकी जेठी छोरी पद्मावती विवाह गरी खड्गाहाको पदवी समेत पाएको किंवदन्ती छ । सूर्य मल्लकी जेठी कन्या पद्मावतीसँग भोजराज खड्काको विवाह भयो भने कान्छी सुपुत्री कौशल्यावतीको विवाह जयसिंह देव कुँवरसँग भयो (कुँवर, २०५६ : ११)। अहिले पनि खप्तडको डाँफकोटलाई जनराज भोजराजको राजधानी मानिन्छ । खापरमाडौंको पूजा परम्पराबाहे जनराज भोजराजपछि खप्तडको इतिहास अज्ञात छ । खापरमाडौंका पूजारा पनि बझाङ छान्नाका खप्तडी खड्काहरू नै छन् । पूजाराहरू बस्ने गाउँलाई पूजारी गाउँ भनिन्छ ।

### २.३.**५.२ खप्तडी बस्नेतको वंशावली**

खप्तडी बस्नेतको पुर्खौली थलो सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्ने खप्तड क्षेत्र नै मानिन्छ । जुन ठाउँबाट बसाई सरी गएको हो सोही ठाउँको नाममा थर कायम हुने परम्परा अनुसार खप्तडबाट बसाई सरी गएका बस्नेत थरको खास चिनारी खप्तडी ( खवतरी/खपतरी) कायम भएको छ (बस्नेत, २०५३ : ५-६)। खप्तडी बस्नेत कर्णाली प्रदेश (खस साम्राज्य)बाट नागवशी मल्लराजाका योद्धाका रूपमा काठमाडौं र पूर्व किराँत प्रदेशमा आक्रमण गर्ने सिलसिलामा पूर्वी नेपालमा प्रवेश गरेका हुन् । खप्तडी बस्नेतका पूर्वजहरूले आर्थिक, सामाजिक, भौतिक र प्रसाशकिय श्रीवृद्धिका लागि खप्तडमबाट विस्तारै विस्तारै भेरी, राप्ती हुँदै पूर्व गण्डकी क्षेत्रतिर बसाइ गरेको पाइन्छ । बस्नेतहरू को हुन त ? किन खपतरी भनिन्छ ? यी दुई प्रश्नको जवाफ खपतरी बस्नेत वंशावलीमा देहाय बमोजिम छ (ऐजन)। आज भन्दा दशौं शताब्दीपूर्व खप्तडी बस्नेतका भीमसेन, उग्रसेन र वलदेव तीन जना दाजुभाई थिए । जेठा

भीमसेन सन्त सन्यासी भएकाले खप्तडलाई प्राचीन कौशिष ऋषिको आश्रम सम्झी जनश्रुति अनुसार त्यहीँ तपस्या गरी बसे । दुई भाईले आफूलाई क्षत्री कुमारको महशुस गरी भीक्षा मागेर तवस्वी दाजुको भरणपोषण गर्न लागे । त्यसैताका खप्तड राज्यमा आएको विघ्न बाधाले राजाको मृत्यु हुन लागेछ । रैतीलाई राजाको चिन्ता पऱ्यो । संयोगवश तीनै तीन जना क्षेत्रीय कुमार दाजुभाईको चर्चा चल्दा भीक्षाटनमा हिडेका उग्रसेन र बलदेवलाई भेटी राजा बन्न आग्रह गरे । उनीहरूले आफ्ना दाजु सिद्धाश्रम पर्वतमा तपस्या गरी बसेको र उनको आज्ञा विना प्रस्ताव स्वीकार नगर्ने बताए । रैतीहरूले सन्त समक्ष गई विन्ती गर्दा सन्तले विन्ध्वासिनी भगवतीको ध्यान गरे । भगवतीले स्वप्न दृष्टिमा दर्शन दिई तिमी (सन्त)ले तरवार लिई ढोकामा बस्नु, भाई बलदेवले राजा बन्नु र उग्रसेनले राज्य सहायक भई काम गर्नु भन्ने आदेश दिइन् । बलदेवलाई राजा बनाई राजाको रक्षार्थ एक हातमा शंख र दायाँ हातमा तरवार लिई सन्त ढोकामा बसे । राति एउटा भीषण धूम्रवर्णको जटाधारी दारा भएको राक्षस राजाको हत्या गर्न भित्र पस्न लाग्यो । भीमसेनले राक्षसको तरवार प्रहार गरी राक्षसको शिर अलग गरे । भीमसेन पनि मुर्च्छित भए । केही बेरपछि होसमा आएर हेर्दा राक्षसको शिर थिएन गीड मात्र थियो । हातमा तरवार र शंख पनि थिएन । यो आश्चर्यमय घटनाको खबर राजसेनालाई दिई आफू आश्रमतिर लागे । आश्रममा गएर हेर्दा राक्षसको खप्पर भित्तामा टाँसिएको, तरवार भूईमा गाडिएको र ठाडो परेको थियो । शंखको छेऊमा पाञ्चजन्य बत्ती बलिरहेको देखि ध्यानमा लागे । राजाको अन्त्य भएको सम्झी दाहसंस्कार गर्न दरवार पुग्दा राजा राजगद्दीमा बसेको देख्दा रैतीहरू हर्ष र आश्चर्यमा परे । राक्षसको गीड ढोकामा देखेर राजासहित सबैजना सिद्धाश्रमतर्फ लागे । मष्ट मान्नु भनी आकाशवाणी भयो (ऐजन)।

त्यहाँकै पूर्व राजघरानाकी कन्यासित विवाह गरेर बलदेवकी र राजकन्या रानीबाट एक भाई पुत्र सन्तान भए । खप्तडी राजाका वंश सन्तति भएका हुनाले तिनका सन्तानहरूपछि विभिन्न थरमा विभाजित भई कोशिक गोत्री खप्तडी नामले परिचित बन्न पुगें । बलदेव राजाले आफ्ना राज्यका जनतालाई पनि अठार मष्टा मान्नु भनी अलग-अलग मष्टा भाग लगाई दिए । राजा बलदेवपछि खप्तडीका राहु राजा भए । उनका चार भाई छोरा भए । जेठा छोराका वंश सन्तति बुढा थर, माइलाको खप्तडी खड्का, साइलाको खप्तडी विष्ट र कान्छा भोटुवीर खप्तडी बस्नेत वंश परिवारले परिचित भए । कान्छा भोटुवीर एक दिन कोशिक सिद्धाश्रम नजिकै रहेको

मन्दिर छेउमा रहेको खप्तड निगाले मालिङ्गो घारीमा धूपीको दाउरा काटी विटो बाट्न मालिङ्गो काट्न लाग्दा मालिङ्गाको टुप्पो आएर शिरमा गाडियो । उनी पहरामा अडेस लगाई बेहोस भए । दाजुहरूले खोज्दै जादा गाडिएको मालिङ्गो झिकेर वन औषधी लगाई होसमा ल्याए । भोटुमा मष्ट देवता चढेर कम्पिन थाल्यो । शोधखोज गर्दा म खप्पर मष्ट हुँ, तिम्रो वंशको कुलदेवता भएर रक्षा गर्छु, छागवली, यज्ञयागादि गर्नु र पाए वली दिएर चण्डीपूजाको चतुर्दशीका दिन पूजा गर्नु भनी मष्टको मन्दिरतर्फ गए । मन्दिर पुगी हेर्दा खप्तड निगालोको फेदबाट सेतो शिला उत्पन्न भई सो शिलाबाट खप्परमष्ट कैलासवीर विन्धवासिनी र देवी रुमालिनी आदि प्रकट भएर यीनै कुलदेवीको पूजा आराधना गर्नु भनी कम्प साम्य भयो । खप्तडी बस्नेतमा आज पनि सोही अनुरूप कुलसेवा, कुलपूजा (देवाली)का नामले प्रत्येक तीन वर्षमा मान्ने प्रचलन छ । उद्धवीर वराईलाई कुल मष्टको भाञ्जाको रूपमा सुनभेडो (सेतो भेडो) को प्रथम वली दिएर कुललाई कालो र सेतो छाग वली दिइन्छ । यिनै भोटुवीरका सन्तानलाई कुलमा जेठो र भाइमा कान्छो भन्ने चलन किम्वदन्ती र जनश्रुतिहरूमा पाइन्छ । यिनै भोटुवीर पुर्खाका सन्तति स्वदेश विदेशका खप्तडी बस्नेत हुन् (ऐजन)।

### २.३.**५.३ दुई वंशावलीको तुलनात्मक अध्ययन**

खप्तड क्षेत्र प्राकृतिक रूपमा जति नै धनधान्य छ ऐतिहासिक महत्वका आधारमा पनि पनि त्यति नै सुसम्पन्न छ । डोटेली भाषाको यस बृहत शब्दकोषबाट खप्तड भेकको तल्लो भेकमा रहेका छान्ना-काँडा र वरपरका अन्य गाउँहरूमा बस्ने खप्तडी बस्नेत एक प्राचीन जाति भएको बुझिन्छ (चटौत, २०५८ : १३८)। खप्तड क्षेत्र वरपर रहेका बुढा, बिष्ट आदि थरहरू पनि खप्तडी बस्नेत वंशकै हांगा हुन् भनिन्छ । कोशिक ऋषिको आश्रमको वरपर बस्ने र आरधना गर्ने भएकोले खप्तडी बस्नेत कोशिक गोत्री हुन पुगेको किम्वदन्ती छ (ऐजन)। खप्तडी खड्का र बस्नेतको वंशावली अध्ययनपछि के कुरा स्पष्ट हुन्छ भने खड्का र बस्नेत थर त पछि थपिएका उपाधि मात्रै हुन् । खप्तडी बस्नेतको वंशावली मौखिक परम्परामा आधारित जस्तो देखिन्छ, इतिहासका कोट्याउने एउटा पनि प्रमाण संलग्न छैन् । खप्तडी खड्काको वंशावलीको मूलआधार भनेको पुराना कागजमा लिखित दस्तावेज नै हो । खप्तडी बस्नेतको वंशावलीमा उल्लेखित राजा राहुका चार भाई छोरामध्ये जेठो खप्तडी बुढा थर, माइलो खप्तडी खड्का, साइलो खप्तडी विष्ट र कान्छो भोटुवीर खप्तडी बस्नेत भए भन्ने तथ्य खप्तडी खड्काको वंशावलीमा कहिं भेटिदैन् । न त

राहु नाम गरेको राजाको इतिहासको प्रमाणिक आधार छ । खप्तडी खड्काको वंशावलीमा बस्नेत लगाएतका थुप्रै थरहरूलाई सगोत्री खप्तडी भनिएको छ । हो, सबै सगोत्री खप्तडीहरू एउटै वंशका हांगा हुन् । खप्तडबाट फाटिसकेपछि मात्रै यिनीहरूको जात/थरको नामाकरण भएको देखिन्छ । सबै जाति/थर (हांगा) को एउटै वंशवृक्ष निर्माण गर्न विस्तृत अध्ययन/अन्वेषणको खाँचो छ ।

निचोडमा भन्नुपर्दा ऐतिहासिक कालमा खप्तडभूमि खप्तडीहरूको मात्र एकाधिपत्य नभई सिंजापति, सेर्पाली, कालिकोटे, खुलाल र अन्य जाति/थर सबै खसहरूको साझा भूगोल थियो । जुन कुरा सदियौंदेखि अहिलेसम्म खप्तड क्षेत्रप्रति सबैको श्रद्धा र आस्थाबाट थाहा हुन्छ ।

अध्याय तेस्रो

# खप्तड क्षेत्रको सामाजिक तथा सांस्कृतिक सेरोफरो

खप्तड क्षेत्रको समाज र संस्कृतिको पृथक पहिचान छ । खप्तड क्षेत्रको सामाजिक तथा सांस्कृतिक सेरोफरोको यस अध्यायमा सामाजिक परिचय एवं जीवनशैली, प्रचलित महत्वपूर्ण संकार र केही विशिष्ट संस्कृतिको अध्ययन गरिएको छ ।

## ३.१ सामाजिक परिचय एवं जीवनशैली

### ३.१.१ जनसंख्या

अछामको बुडाकोट-देवीस्थान-दुनी-खप्तड-पातलकोट, बझाङको गडराय-कालुखेती-कोटभैरव-कोइरालाकोट-लामातोला-माझीगाउँ-पाराकाट्ने-पाटादेवल-पौवागढी, बाजुराको जयबाग्येश्वरी-काँडा र डोटीको बगलेक-दौद-काडाँमाडौं-गैरीगाउँ र तोलेनी गरी कुल २१ गाविसहरू खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्दछन् मध्यवर्ती क्षेत्रमा ४१८ वटा र एउटा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति गठन गरिएको छ । खप्तड राष्ट्रिय निकुञ्ज स्रोत सन् २००५ अनुसार यस खप्तड मध्यवर्ती क्षेत्रको कुल जनसंख्या ३३,२७२ (महिला-१६,६७१ र पुरुष १६,६०१) छ । ५,३११ वटा घरधुरी छन् । यस क्षेत्रको जनसंख्या वृद्धिदर १.९३ प्रतिशत छ ।

### ३.१.२ जाति, धर्म र भाषा

खप्तड क्षेत्र खस क्षेत्र अर्थात् खसान भूमि हो । यहाँ कामी, दमाई, सार्की, सुनार, ठकुरी, बाहुन र क्षेत्री आदि खस जाति बसोबास गर्दछन् । कुल जनसंख्याको २४.८४ कामी/सार्की/सुनार, १३.६ बाहुन र ५५ प्रतिशत क्षेत्री छन् । यस क्षेत्रका सबै खसहरू मष्टो देवी/देउता पुज्दछन् । यिनीहरूको जातिगत श्रेणी विभाजन हिन्दू वर्ण व्यवस्थामा आधारित छ । यहाँ नेपाली भन्दा केही भिन्न खस भाषा बोलिन्छ । मातृभाषाको रूपमा नेपाली भाषाको प्रयोग गर्ने ब्राह्मण तथा क्षेत्रीहरू (खप्तडी खस) यसै ऐतिहासिक भूमि हुँदै नेपालका कुना कन्दरासम्म फैलिएको हुनाले वर्तमान नेपाली भाषाको उद्गम थलोका रूपमा खप्तड क्षेत्रलाई मान्नु पर्ने आधार समेत देखिन्छ (पाण्डेय, २०६४ : ३८०)।

## ३.१.३ पेशा

लोग्ने मानिसहरू आयआर्जनमुखी र महिलाहरू घर व्यवहारमुखी भएको खप्तड क्षेत्रको जनजिवन मिश्रित किसिमको कृषि पेशामा आधारित छ । मानिसहरू मुख्यतया कृषिमा नै आश्रित रहेर जिविकोपार्जन गरिहरेका छन् । यहाँ धान, गहुँ, मकै, कोदो र आलुको प्रमुख अन्नबालीहरूको उब्जनी हुन्छ । खप्तड क्षेत्रमा करिव मध्यवर्ती क्षेत्रका सयौं गोठहरूको अवस्थितिले पनि स्थानीय मानिसहरू पशुपालनमा निकै सक्रिय भएको संकेत गर्दछ । दूधको लागि गाईभैसी, खेत जोत्न गोरु, सामान बोक्न भेडा/खच्चर, यातायातका लागि घोडा र मासुका लागि बाख्रा, भेडा र कुखुराको पालन गरिन्छ । निगालो प्रशस्त मात्रामा सजिलैसँग पाइने हुनाले अन्न राख्ने कुरु वा भकारी, केलाउने सुप्पो, सामान राख्ने डालो र छाप्रो जस्ता निगालाजन्य विविध सामाग्रीहरूको पनि यहाँ उत्पादन गरिन्छ । विकासका भौतिक पूर्वाधारहरूको पहुँच पुग्न नसकेको वास्तविक पीडा यस क्षेत्रका मानिसहरूको जीवनशैलीमा प्रतिम्बित हुन्छ । उदाहरणको लागि बिरामी पर्दा डोकोमा निर्भर रहे जस्तै आवश्यकताभन्दा बढीको उत्पादनलाई बिक्री गर्न पिठ्यू र डोकोको सहारा लिनु अनिवार्य छ । भौगोलिक विकटता र सुगमताको अभावले गर्दा कृषिको व्यवसायिकरण हुन सकेको छैन् । एक दिनभरी सामानको भारी बोकेर सामान बिक्री गनुपर्ने बाध्यताले पनि किसानहरूमा व्यापारिक सोचको विकास हुन नसकेको हो ।

वर्षभरी काम गर्नु पेटभरी खान नपुग्नु, भिरालो जमिन, जग्गाको अपर्याप्तता, कम उब्जनी र गरिबी आदि विविध कारणहरूले यस क्षेत्रका मानिसहरू रोजगरीका लागि भारत जाने गर्दछन् । भारत गएर कमाई गर्नु पुस्तौंदेखि चल्दै आएको रीति हो । भनिन्छ, एक घर एक व्यक्तिकै अनुपातमा नै भारत गएका छन् । अशिक्षित, नेपालमा रोजगारीको सिर्जना नहुनु, भाषाको सरलता र काम छिटो पाइनुले पनि भारत पलाएन भएका हुन् । आजकाल भारतबाहेक मानिसहरू खाडी मुलुक र विकसित मुलुक विदेशिन बाध्यरत छन् । कतियप मानिसहरू नेपालका विभिन्न क्षेत्र र स्थानीय स्तरमा प्रहरी, शिक्षक, सेना, निजामति सेवा र सरकारी तथा गैरसरकारी संस्थाहरूमा कार्यरत छन् । केही मानिसहरूले गाउँघरमा नै सिकर्मी, डकर्मी, मजदुरी गरिरहेका छन् । बाहुनले पुरोहित गर्ने, सुचिकारले लुगा सिलाउने, कुमालले माटोका भाडाँकुडाँ बनाउने, लोहारले फलाम पिट्ने र सुनारले सुनका गरगहना बनाउने पुख्यौंली बिडो

अहिले पनि केही संख्यामा अद्यापि छदैछ । कृषि, रोजगारीपछि यहाँको अर्को सहायक पेशा व्यापार हो । व्यापार वस्तु विनिमय प्रणालीमा आधारित छ । यहाँबाट आलु, अदुवा र तरकारीजन्य केही वस्तुहरू गरिन्छन् भने खाद्यान्न नुन, तेल, सलाई, जुत्ताचप्पल, सुर्ती र मदिराजन्य वस्तुहरूको आयात गरिन्छ । टाढाबाट बाकेर सामान ल्याउनुपर्ने हुदाँ प्रायजसो हलुका र अत्यावशयक सामाग्रीको कारोबार बढि हुने गर्दछ । स्थानीयस्तरका चियापसलका साथै पर्यटकहरूका लागि खान र बस्नका लागि सामान्य सुविधायुक्त गाउँले होटलहरू पनि सञ्चालन गरिएका छन् ।

### ३.१.४ बसोबास

खप्तड क्षेत्रमा खसहरूको बसोवास छ । खस पनि जातिगत विविधताले भरिपूर्ण छ । नेपाली, नगार्जी, विश्वकर्मा, भूल, सार्की, चमार, कसारा, दमाई, सुनार, कसारा, लोहार, टमट्टा, तिरुवा, वादी, खड्का, साउँद, बोगटी, बम, रोकाया, बोहरा, रावल, शाही, शाह, न्यौपाने, रावल, कुवँर शर्मा, रेग्मी, मल्ल, सिंह, थापा, भण्डारी, उपाध्याय, खत्री, भट्ट, बुढा, विष्ट, जोशी, कडायत, वली, आदि थरहरूका मानिसहरू बसोवास थलो हो । एउटै थरभित्र पनि थुप्रै उपथर र गोत्र तथा वंश फरक-फरक हुन्छन् । सबै जातिको समिश्रणमा समाज र गाउँ बनेको छ । अधिकांश घरहरू ढुंगाको गारो भएका छानेशैलीका छन् । केही दुई पाखा शैली भएका घरहरू तीन/चार तला सम्मका छन् । छानाहरूमा पत्थर, खर र जस्तापाताको प्रयोग भएको पाइन्छ । घरहरूको संरचनामा देलो (मूलढोका), पिडी, अथारो र कौशी भएका हुन्छन् । परिवारको प्रकृति अनुरूप घरका देलाहरू छुट्याइएका हुन्छन् । एक परिवारको छ भने घरको देलो एकै हुन्छ, अनि क्रमशः ४/५ देलासम्म भएका घरहरू हुन्छन् । ढुंगा, माटो र काठ इत्यादि परम्परागत सामाग्रीबाट नै घर निर्माण गरिएका हुन्छन् । तलाहरूको निर्माणमा काठका जुवा, जुवामाथि चोइला र चोइलामाथि माटोको गारो राखिन्छ । काठका स-साना झ्यालहरू निर्माण गरिएका हुन्छन् । घरको रंगरोगन पनि गाउँघरमा पाइने किमडी, राती र काली माटोले गरिन्छ । घरको भुई तल्ला वस्तुभाउ बस्नका लागि गोठको रूपमा प्रयोग गरिन्छ । घरको आगनी अर्थात् गोठबाट पस्सो फाल्ने ठाउँलाई रक्षान भनिन्छ । घरहरूसँगै एक दुई जनालाई मात्र सुत्न मिल्ने गरी बनाइएका स-साना छाउपडी गोठहरू हुन्छन् । महिलाहरू महिनावारी हुँदा यसै छाउपडी गोठमा वस्नुपर्ने पुरानो प्रथा पनि विद्यमान नै छ । दाल, मकै र चामल पिस्न जुतारोको व्यवस्था

हुनुका साथै घरको आँगनमा धान कुट्ने ओखल पनि बनाइएको हुन्छ । प्रायः बस्तीहरू खोला र धारोको नजिक पहिरोबाट क्षति नपुग्ने जमिनमा बसेका छन् । प्रत्येक बस्ती तथा समुदायमा जात्रापर्वका लागि पटकानी/टौंका, आरामका लागि पीपलको चौतारा र पूजाका लागि आ-आफ्नो कुलदेवता(मष्टो) स्थापना गरिएको देखिन्छ ।

### ३.१.५ रहनसहन

यस क्षेत्रमा मूलतः आर्य र मंगोल मूलका मानिसहरू छन् । जाति थरअनुरूपको विशिष्ट रहनसहन छ । पुजारी ब्राह्मण तथा रजवारहरू बिहान सबेरै पूजापाठ गर्ने अरु जातिले छोएको/पकाएको नखाने, धोती फेरेर चुलोमा गई खाने र जजमानी गर्ने परम्परा कायमै भए पनि आजकाल नयाँ पुस्ताले पुरानो चालचलन छोड्दै जाने क्रम बढेको छ । क्षेत्री समुदायले पनि पूर्वजको परम्परालाई पछ्याएको छैन् । लुगा सिलाउने सूचिकार, सुन खार्ने सुनार, छाला बनाउने सार्की लोहा पिट्ने लोहार र तामा पिट्ने टमट्टाहरूको संख्या पनि दिन प्रतिदिन घट्दो छ । राजनैतिक-सांस्कृतिक क्रान्ति, विश्वव्यापीकरण, गैरसरकारी संस्थाको आगमन, शिक्षा र विकासका भौतिक पूर्वाधारहरूको प्रभावले गर्दा मानिसको रहनसहनमा परिवर्तन आएको छ । अर्को तर्फ हिजो दमाई जातिका पुरुषले अगाल्दै आएको सिलाईसम्बन्धी काम ब्राह्मण र क्षेत्री महिलाले पनि आत्मसाथ गर्न थालेका छन् ।

### ३.१.६ खाना

'बेरी बेरी क्या दालभात खाल्लाई कि !' भन्ने बालउक्तिले पनि यहाँको सामाजिक अवस्थालाई चित्रण गर्दछ । खप्तड क्षेत्रका मानिसहरूको मुख्य खाना भात र रोटी हो । बिहान भात पकाउँछन् भने साँझ रोटी खान्छन् । यो क्षेत्रमा मास, मसुरो कम फल्ने भएकाले सधैंजसो दालको रूपमा गेडागुडी पकाइन्छ । गेडागुडीको रसलाई तिहुँन भन्ने गरिन्छ । मास, मसुरो, गुराउँसको दाल, सिमी, पाप्प्रो(सुकाइएको कर्कलाको डाठ) सोइटा, गहत, भटमास र कलाको तिहुन, चामलको भात, आलु, चिचिण्डो, सिमी, लौका, काउली, फर्सी, कर्कलो, सुको पिडाँलुको चाना, सुकेको मूलाको चाना, सुको सागपात, सुकेको पेठाका चाना, सुको फूलगोपी, र सागपातको तरकारी, गोलभेंडा, भुटेको तिल, भटमास, खोयो, मूला, काचो आँप, तिर्खुलो र कागतीको चटनी गहुँ, कोदो, मकै र चामलको रोटी नियमित खानाहरू हुन् । पछिसम्म खान

सकिने गरी आँप, कागती, इमिलो, मूला, अमला, खुर्सानी र अदुवा आदिमा तील, रायो र खोयोको मसला मिसाई अचार बनाइन्छ । गुन्द्रु, कागुनाको भात, फाडो, कापु, पिनापानी, काद्याफाडो, गहुँफाडो र सइनेफाडो यहाँका विशिष्ट परिकारहरू हुन् । भिजाएको मासको दाललाई पिसेर फाडो, उमालेको पानीमा मसिनो गरी काटेको साग/बेथेसागमा पिठो मिसाएर कापु, पिनाको मस्यौराजस्तैलाई पिसेर आगोका फिल्काले पोली पिनापानी र सिस्नुलाई उमालेर सइनेफाडो पकाइन्छ । गाईभैंसी पालेका मानिसहरूले खानासँगै दूध, दही, मही र घ्यू खान्छन्, जसलाई स्थानीय भाषामा गोरस तथा सितन पनि भनिन्छ । विहान चिया, दूध र रोटी खाने प्रचलन छ भने दिउँसो अन्नी (खाजा) को रूपमा बासीभात, सिरौला, भटमास, मम्फली, उसिनेको आलु, चमचिउरा, घोगा र हलुवा खाने गर्दछन् । बाहुन र क्षेत्रीहरूले खसी र कुखुराको मासु खान्छन् । दमाई, सार्की, कामीले खसी, कुखुराको साथसाथै राँगाको मासु पनि खान्छन् । तर आजकाल अन्य समुदायका युवापुस्ताले निसंकोच राँगाको मासु उपभोग गर्दछन् । कतिपयले घरमा जाँड, रक्सीको उत्पादन गरी विक्री वितरण गर्ने गरेका छन् । घरमा खानाका लागि माना नभएपनि जाँड, रक्सी अनिवार्य जस्तै बनेको छ । गोठालो जादा सिरौला तिर्खुलाले भोक मेट्ने गरिन्छ । प्राय युवापुस्ता तथा पुरुष चुरोट र सुर्तीको सेवन गर्दछन् भने बुढापाका तथा महिलाहरू सुल्पामा तमाउ र बिडी खान्छन् । पाहुनाहरूलाई चिया, महीले स्वागत गर्ने र फर्किदा कोशेली दिने परम्परा छ ।

चाडपर्व तथा रामरंगहरूमा थरिथरिका परिकारहरू पकाइन्छ । चेलीबेटीहरूले माइत/पोइल आवतजावत् गर्दा विशेष प्रकारको अन्नी लैजान्छन्, जसलाई कोशेली भनिन्छ । यस्ता अवसरहरूमा लाउन, बाबर, पुरी, खीर, ढुकढुके रोटी र मासुका परिकारहरू बनाउने चलन छ । दशैँमा भाकेको वा राजीखुशीले बोकाको बली दिने परम्परा छ । आफन्तजनहरूलाई बावरपुरीसँगै बोकाको मासु प्रसादको रूपमा दिइन्छ । तिहारमा बाबर-लाउन, फिनी, तितौरा, फलफूल, अचार, फाँडो, बेथेको भात, दही, जुवारीको फुर खाने चलन छ । पुसको पन्ध्रमा मास, चामलको पिठोको मासचाम्ले र चामलको पिठोसँगै घ्यू मिसाई बनाएको निसास्या रोटी जसको साझा स्थानीय नाम ढुकढुके रोटी हो । माघेसंक्रान्तिमा पनि बाबर पुरीका साथसाथै तरुल, गिठा उसिनेर खाने गरिन्छ । माघ महिनाभरि चेलीबेटीहरूलाई घरमा बोलाई बाबरपुरीको कोशेली स्वरूप माघितिहार दिने उनीहरू नआए उनीहरूकै घरमा पुऱ्याइन्छ । माघ महिनाभर

कुनै न कुनै एक दिन खिचडी भात खान्छन् । फागुपूर्णिमा, चैतेदशैं र विषुपर्वमा मासुभात र फाडो खाने चलन छ । असारे पन्ध्रमा दहीचामल खाने गर्दछन् । साउनमा डल्ला पकाइन्छ । फलफूलहरूमा आँप, सुन्तला, इमिलो, दाख(अनार), आरु, केरा, जारिम, मौसम, ओखर, तिदु, चिउँरी, खँदयो, बडन, नास्पति, कटुस, काफल, ऐसेलु, तिर्खुला, अमला, घँघारु, जामुन(फडेलो) को उपभोग गरिन्छ । साथै जंगली च्याउ, टिमुर र गिठाहरू पनि खाने गर्दछन् ।

### ३.१.७ पहिरन

यस क्षेत्रका मानिसहरूको पहिरनमा पनि आधुनिकता प्रभाव परिसकेको छ । बच्चाहरूलाई भोटो र सुरवाल लगाइदिने गरिन्छ । कमिज, पाइन्ट, गन्जी, जाँगे र चप्पल पुरुषका सदाबहार पहिरनहरू हुन् । प्रायशः बुढापाका पुरुषहरू दौरा सुरवाल, लुगी र आस्कोटका पारखी छन् । केही बालक तथा युवापुस्ता क्याप टोपी पहिरे पनि धेरैजसो पुरुषहरू नेपाली ढाकाटोपी नै प्रयोग गर्दछन् । जाडोमा कोट, स्वीटर, ज्याकेट लगाउछन् भने साल, राडीपाखी ओड्ने गर्दछन् । पुरुषहरूको गलामा गलबन्दी हुन्छ । कोही पुरुषहरू कम्मरमा बाधेको कठालीमा आसी(हसिया) भिरेका हुन्छन् । पुराना परम्परागत पोशाकहरू दौरा-सुरवाल, आस्कोट र लुगी लगाउनेको अनुपात घट्दो छ । देवता गाड्ने धामी पुरुषहरूले निधारमा लामो सिन्दुरको लामो टीका, टाउकोमा सेतो पगडी, कमिजबाहिर आस्कोट र सेतो धोती पहिरिएका हुन्छन् । आधुनिकताको असर महिलाहरूको पहिरनमा पनि परेको  देखिन्छ । छोऱ्याट्टीहरू फरिया, कुर्ता-सुरवाल, चोलो पनि लगाउँदछन् । महिलाहरू गुन्युचोली, धोती, सारी, ब्लाउज र जाडोमा चौवन्दीचोली, साल पहिरन्छन् । अधिकांश महिलाले कपालमा डोरी र खुट्टामा चप्पल नै लगाउने गर्छन् । महिलाहरूले कम्मरमा चोड्को(पटुका) बाँधछन् । रामरंग, चाडपर्व, आफन्त भेटघाटमा  जादा जुत्ताका साथसाथै सफा राम्रा कपडा लगाउँदछन् । बढ्दो फेसनको प्रभावले पम्परागत बस्त्रहरू नासिदो क्रममा छन् ।

### ३.१.८ आभूषण एवं गरगहना

शिरमा शिरफूल र चन्द्रमा कानमा ढुंग्री र रिंग, नाकमा फूली, खन्टो, गलामा पोते, सिक्री, तिलहरी, पुराना सिक्काको माला, मुगका माला, औलामा औठी, हातमा बाला, खुट्टामा कल्ली, पैराले जस्ता गरगहनाले महिलाहरू सजिएका हुन्छन् । गरगहनाहरू सुन, चादी र

पित्तलबाट निर्माण गरिएका हुन्छन् । चाडपर्व, रामरंग र माइतीघर जादा महिलाहरू गरगहना तथा आभूषणले सुसज्जित हुन्छन् । तथापि आजकाल ढुंग्री, फूली, सिक्काका माला, कल्ली, पैंरा लगाउने संस्कृति लोपको संघारमा पुगेको छ । विवाहित महिलाहरूको सिउँदोमा सिन्दुर र निधारमा टीका हुन्छ । चुल्ठो (कपाल) बाट्नलाई डोरीको प्रयोग गरिन्छ ।

### ३.१.९ परिवार

यस क्षेत्रमा परिवारहरू एकल र संयुक्त गरी तीन स्वरूपका छन् । बाआमा र छोराछोरी रहेको परिवारलाई एकल परिवार हो भने बाजे-बज्यैं, काका-काकी, फूपूसहितका सदस्यहरूको परिवार संयुक्त हो । खासगरी छोराहरूको विहे पश्चात उत्पन्न हुने कलहको वातावरणलाई सामान्य बनाउनका लागि अंशबण्डा भई ठूलो परिवारबाट सानो परिवारको जन्म हुन्छ । घरको संरचना पनि परिवारअनुरूप एकदेला, दुईदेला र तीनदेला गरी छुट्याइएको हुन्छ । यस क्षेत्रमा एउटै घरमा पनि देला अनुसारको परिवार बस्ने प्रचलन छ । पुरुष आयआर्जनको काम गर्ने महिलाले घरको काम सम्हाल्छन् । यस क्षेत्रका पुरुषहरू प्रायजसो कामको सिलसिलामा घरबाहिर वा विदेश गएका छन् । दशैं, तिहार, होली जस्ता चाडपर्वहरू, विवाह, कूलपूजा र मृत्यु संकार जस्ता विशेष अवसरहरूमा परिवारसँग भेटघाट हुन्छ ।

## ३.२ खप्तड क्षेत्रमा प्रचलित महत्वपूर्ण संस्कार

### ३.२.१ जातकर्म

यस क्षेत्रमा गर्भबाट शिशु अवतरण भइसकेपछि बच्चाको नाल काट्ने, नुहाइदिने र कान फुक्ने  जस्ता जातकर्म संस्कार सबै जातिहरूले गर्दछन् । बच्चा जन्मिएदेखि न्वाँरान नहुदासम्म सुत्तक लाग्ने परम्परा छ । सुत्तकलाई यहाँका मानिसहरू आधा जुठो सरह नै मान्छन् । कतिपय जाति तथा थरमा सुत्तक लाग्दा पूजाआजा/नयाँ काम आदि गर्नु हुँदैन भन्ने मान्यता छ । परम्परागत रूपमा सिपालु महिला वा तालिम प्राप्त स्वयंसेविकाद्धारा सुत्केरी गराउन सहयोग गरिन्छ ।

### ३.२.२ छैंठी

भावीले भविष्यको कर्म कोर्ने विश्वास गरिने दिन अर्थात् बच्चा ६ दिनको भएपछि छैंठीकर्म गरिन्छ । छैठीको राति पूजारी बोलाई अखण्ड दियो बाली डालोमा चामल, द्रव्य, फूल,

फलफूल र जन्मकुण्डली राखेर पूजा गरिन्छ । आ-आफ्नो कुल परम्परा अनुसार प्राय सबै जातिले छैंठी कर्म पुरा गर्दछन् । छोरीको छैंठी भए सामान्य पूजाआजा मात्रै गरी संस्कार सम्पन्न गरिन्छ भने छोराको भए गाउँलेलाई निम्तो गरी आफ्नो क्षमताले भ्याएसम्म धुमधामका साथ छैठी कर्म गरिन्छ । यस खुशीयालीको घडीमा नवजात शिशुको स्वास्थ्य र सम्वृद्धिको कामना गर्दै आधारातसम्म न्याउला खेलिन्छ ।

### ३.२.३ नवान्नी

नामाकरण/न्वारानको स्थानीय रूप नै नवान्नी हो । अधिकांशले शिशु जन्मेको नौं दिनका दिन गर्ने हुनाले यो संस्कारलाई स्थानीय बोलीचालीमा नवान्नी भनिन गएको हो । तथापि यो नवान्नी कर्म पनि पुरोहितले जुराएको शुभसाइतमा पुरोहितद्धारा गरिन्छ । कतियपले यो संस्कार दश, एघार, बाह्र र तेह्रौ दिनका दिन सम्पन्न गर्दछन् । पुरोहितले यसको जन्मकुण्डली अनुसार बच्चाको नामाकरण गर्छन् । त्यसपछि बाबुआमाले आफूलाई मनपरेको कुनै एक नाउँले बच्चालाई सम्बोधन गर्ने नाम राख्छन् ।

### ३.२.४ अन्न चखाईं

छोरी भए जन्मेको पाँच महिनामा र छोराको छ महिनामा अन्न चखाउने संस्कार छ । अन्नप्राशन/पास्नीलाई स्थानीय भाषामा भात चखाइ पनि भनिन्छ । पूजारीले जुराएको शुभसाइतमा सात फन्के टपरीमा राखिएका थरिथरिका व्यञ्जन परिकारहरू चखाउदै बच्चालाई अन्न खुवाउने दिनको प्रारम्भ मानिन्छ । यसरी अन्न चखाउदा हातमा बाला, टाउकोमा टोपी/पगडी, शरीरमा भोटो र सुरुवाल जस्ता नयाँ वस्त्रले सजिएको बच्चालाई सबैभन्दा पहिले कुल/घर/परिवारको जेठो सदस्यले, दोस्रोमा आमाबुवाले त्यसपछि एवं रितले निमन्त्रणा गरिएका सबैले अक्षता लगादै अन्न चखाउँछन्, गक्षानुसारको उपहार तथा दक्षिणा दिन्छन् । अन्नप्राशन गर्ने परिवारजनले आफन्तजन एवं गाउँलेलाई निमन्त्रणा गरी चलनचल्तीको भोज खुवाउने गर्दछन् । यदि परिवार सबल छ भने हुड्केउलीसहितको भव्य अन्नप्राशन समारोहको आयोजना गरिन्छ ।

### ३.२.५ कान छिन्टिने

जीवनमा एकपटक कान नछिन्टे नर्कमा राँगाभैसीको सिंगले कान छेडिन्छ भन्ने विश्वासका साथ बाल्यकालमा नै कान छेड्ने चलन खप्तड क्षेत्रमा विद्यमान रहेको छ । महिलाको किशोरावस्था पुग्दासम्म सौन्दर्य स्वाभवस्वरूप या जातिगत विशेषताका कारण पनि नाक कान अनिवार्य छेडिन्छ । कुनै कारणवश यदि पुरुषको बाल्यवस्थामा कान नछिन्टिएमा एक पटक भने अनिवार्य छिन्टिनु पर्दछ । गाउँ-घरका सुनारद्धारा नै कान छेडिन्छ ।

### ३.२.६ चूडाकर्म

जन्मेपछि पहिलोपल्ट कपाल काट्दा छोराको संस्कारपूर्वक कपाल काटिन्छ । छोरा ३/५ वर्षको पुग्दा कपाल काट्दा पुरोहितले जुराएको शुभसाइत काटिन्छ । मामा वा काकाबाट कपाल काटिनु राम्रो मानिन्छ । यसरी पहिलोपल्ट काटिएको कपाल जमिनमा गाडिन्छ वा नदीमा बगाइन्छ ।

### ३.२.७ व्रतबन्ध

व्रतबन्धदेखि नै शरीरमा जनै लगाउनको संस्कारको थालनी हुन्छ । मानिसले पूर्ण सामाजिक संस्कार पाउनका लागि खस बाहुन तथा क्षेत्रीहरूमा व्रतिबन्ध गर्नु अनिवार्य छ । विवाहपूर्व यो संस्कार अनिवार्य शर्तजस्तै हुन्छ । यदि व्रतिबन्ध नगरेको कुनै पुरुष मऱ्यो भने त्यसको आधामात्र जुठो लाग्दछ र आमाबुवाको काजक्रिया गर्ने समेत मान्यता पाउँदैन । खस बाहुनहरूमा सानै उमेरमा व्रतिबन्ध गरिन्छ भने खस क्षेत्रीहरू विवाह हुनुपूर्व दुईचार वर्ष अघि मात्रै जनै लाउँछन् । कतिपयले व्रतिबन्धलाई विवाहको पूर्वतयारीको रूपमा पनि लिने गर्दछन् । बाहुन र क्षेत्री बाहेक अन्य समुदायले जनै लगाउदैनन् । परिवारको गक्षानुसार व्रतिबन्ध एक पर्वकै रूपमा सम्पन्न गरिन्छ । हुनेखानेले आफन्तजनहरूलाई निमन्त्रणा गरी घरमै ठूलो पूजा लगाई भोज गर्दछन् । आजभोलि मन्दिरहरूमा हवन यज्ञ हुदा सामुहिक व्रतिवन्ध गर्ने क्रम पनि बढ्दो छ । ब्रह्मा, शिव र अग्नि देवताको पूजा गरी गुरुद्धारा शिष्यलाई कानमा मन्त्र सुनाइन्छ । अलख निरञ्जन भन्दै जोगीभेष धारण गरको शिष्यले गुरुलाई पाल्ने प्रतिबद्धता स्वरूप भिक्षा माग्दछ । भिक्षा मागी रहेको अवस्थामा जोगीले आफ्ना आमाबुवा/अभिभावकलाई आफूले

मागेको कुरा दिए घर फर्कने नदिए जंगल जाने कुरा बोल्दछ । फलस्वरूप आमाबुवाले मागेको कुरा दिने वचन दिएपछि उसले जंगल जाने निर्णय त्यागदछ ।

### ३.२.८ विवाह

यस क्षेत्रका मानिसहरू विवाह आफ्नै जातभात मिल्ने इष्टमित्रसित गर्ने परम्परा छ । विवाह गर्दा केटाकेटी राजीखुशीभन्दा पनि दुवै पक्षका आमाबाबुको भूमिका प्रधान हुन्छ । पहिला केटी माग्न जाने र दुवै पक्षको मञ्जुरी भई सकेपछि विवाहको छिनोफानो गरिन्छ । मञ्जरीपछि साइत हेराई दिन तोकिन्छ । जन्त पौनेचारो (सामान्य) र बजाई-बजाई (बाजागाजासहितको) दुई किमिसले गरिन्छ । यस क्षेत्रमा पनि विवाहका विभिन्न स्वरूपहरू छन् ।

### (क) बाल विवाह

खप्तड क्षेत्रका केटाकेटीहरू युवा अवस्था नपुग्दै विवाहित भइ सक्छन् । केटाकेटीको उमेर १२ देखि १६ वर्षको उमेरभित्र विवाह हुन्छ । यस विवाहमा केटाकेटी बाबुआमाको भूमिका अग्रणी हुन्छ र करकाँपमा नै बिहे गर्न बाध्यरत हुन्छन् । पुरानो परम्परा, घरमा काम गर्ने मान्छेको अभाव र निरक्षरता जस्ता कारणहरूले सानै उमेरमा केटाकेटीहरू गृहस्थ आश्रम प्रवेश गर्न पुग्छन् । कतिपय घरका बाजे-बज्यैंको नाति, पनाति देख्ने रहरले पनि छिटो विवाह हुन्छ । यस्तो विवाह बाजागाजा, धुमधामका साथ नगरी सुटुक्क सामान्यतवरले सम्पन्न गरिन्छ ।

### (ख) मागी विवाह

यस क्षेत्रमा सबैभन्दा बढी प्रचलित विवाह नै मागी विवाह हो । केटा र केटी पक्षका अभिभावकको भूमिका प्रधान हुन्छ भने केटाकेटी गौण हुन्छन् । केटाकेटी दुवैका बाबुआमालाई कुराकानी चित्तबुझ्दो भएमा विवाहको प्रक्रिया अगाडि बढाइन्छ । केटाकेटीको सहमति राजीखुशी विना नै विवाहको छिनोफानो गरिन्छ । यसमा केटाकेटी दुवैले नाइनास्ती गर्न पाउदैनन् । तर आजभोली यस विवाहको प्रकृतिमा केही परिवर्तन आई केटा र केटी दुवैलाई राखेर उनीहरूको मञ्जुरी छ भने मात्र विवाहको छिनफानो गरिन्छ ।

**(ग) जबरजस्ती विवाह**

यो विवाह पहिला धेरै चलेको तर अहिले लोपको संघारमा पुगेको छ । स्थानीय दशैं शिवरात्री, होली र स्थानीय जात्रापर्व⁄रामरङ्गहरूमा केटाले आफूले एकपक्षीय रूपमा मन पराएकी केटीलाई सके एक्लेले नसके साथीहरूको सहयोगमा बलजफ्ती आफ्नो कब्जामा लिन्छ । यसरी कब्जामा लिदा सबैभन्दा पहिला केटीलाई विवाह गर्ने केटाले नै हात हाल्ने गर्छ । यसरी हात हाल्दा केटीपक्षका आफन्तजन र साथीसङ्गीहरू धरै छन् भने ठूलो रडाँको मच्ची काटाकाट⁄मारामारको स्थितिसम्म उत्पन्न हुन्छ । कतिपय अवस्थामा त केटीले आफूलाई तान्ने केटासमेत चिनेको हुँदैन । अनि उसका सहयोगीहरू पनि लागेर केटीलाई तानेर⁄बोकेर⁄उचालेर केटाको घरसम्म लैजान्छन् ।

यसरी जबरजस्ती लैजादा केटीले रोइकराई छोडिदिन अनेकौं विलौना गर्छिन् । जब केटीलाई केटाको घरमा राखिन्छ र केटी स्वतः विवाहित मानिन्छ । महिला अधिकार, कानुनी उपचार र शिक्षाको बढ्दो विकास-विस्तारसँगै अमानवियस्वरूपको यो विवाह हराउदो अवस्थामा छ ।

**(घ) लाधोबोक्ने विवाह**

महिला (विवाहित⁄अविवाहित) र पुरुष कामवासनामा लिप्तभई⁄डरधम्की देखाई गर्भ रहन्छ भने त्यस्ता गर्भवती युवती⁄महिलालाई समाजका अगाडि बकाई अभियुक्त पुरुषको जिम्मा लगाइन्छ । कतिपय अवस्थामा महिलाहरू गर्भको कारण कसैलाई थाई नदिई पुरुष⁄परपुरुषसँग भागेर जान्छन् ।

**(ङ) जारी विवाह**

अर्काको स्वास्नीलाई आफ्नो वशमा पारेर विवाह गरिन्छ भने त्यसलाई जारी विवाह भनिन्छ । यसरी कुनै पनि स्वास्नी मानिसलाई विवाह गर्ने पुरुष जार कहलिन्छ । यस्तो जारी विवाहले समाजमा अराजकता निम्त्याउँदछ । आजकाल पनि गाउँघरमा जारले जार काट्यो भन्ने उखान निकै चरितार्थ छ ।

### (च) विधवा विवाह

कुनै कारणवस लोग्ने योवनावस्थामा मऱ्यो भने महिलाले पोइलीघरमा नै एक्लै/छोराछोरीसँगै बस्नुपर्ने बाध्यकारी बन्धन आजकाल हट्दै गएको छ । आजभोलि विधवा भएका महिलाहरूले पनि आफ्नो मनपरेको पुरुषसित ढुक्कका साथ विवाह गर्न थालेका छन् ।

### (छ) बहुविवाह

खप्तड क्षेत्रमा छोराछोरी बिचको भेदभाव कायमै छ । मर्ने बेला दागबत्ति दिने छोरा नभई स्वर्ग पुगिन्न/बुढेसकालमा सुख पाइदैन भन्ने रुडीवादी मानसिकताले नै वर्षमा एकाध घटनाहरू बहुविवाहका सुनिन्छन् । प्रायजसो मायाप्रेम, छोराछोरी बिचको भेदभाव र बाझोपनको कारणले बहुविवाहको स्थिति सिर्जना भएको पाइन्छ ।

## ३.२.९ जोगी-माता

घर-समाजबाट विरक्त भएर, सांसारिक सुखबाट मुक्त हुनका लागि जोगी-माता (सन्यासी) बन्ने प्रथा पनि यो क्षेत्रमा देखिन्छ । यिनीहरू प्राय पहेलो वस्त्रधारी हुन्छन् । गाउँघरमा भिक्षा माग्दै गुजेरा चलाउने जोगी-माताहरू बस्ने ठाउँलाई कुटी भनिन्छ । जोगी-माताको शवलाई कुटी वरिपरी नै गाडिन्छ । आजभोलि भने समाज परिवर्तनसँगै जोगी-माता बन्ने संस्कार ज्यादै न्यून देखिन्छ ।

## ३.२.१० अन्त्येष्टि

यस क्षेत्रमा बसोबास गर्ने सबै जाति तथा समुदायले मृत्यु हुनुपूर्व मर्न लागेको व्यक्तिको मुखमा सुनको जल तर्पण दिने गर्दछन् । मरिसकेपछि मृतक जनै लगाएको/उमेर पुगेको/विवाहित हो भने पार्थिव शरीरलाई जलाइन्छ भने अन्यथा जमिनमा गाडिन्छ । मृत लाश/शवलाई स्थानीय भाषामा मडो भनिन्छ । मडोलाई हरियो बासद्धारा निर्मित खटमा राखेर बाधिन्छ । अबिर, टोपी, चस्मा, पहिराई फूल र रुपियाँका मालाको मडाको श्रृंगार गरिन्छ । मडो नउठाउँदासम्म समुदाय/गाउँ सबै महिलाहरू बुर्की छर्नका लागि एक-एक माना धान दिन जान्छन् । जब मडो घरबाट लगिदैन तबसम्म महिला समूहको ठूलो रुवावासी चल्दछ । मृतकप्रति श्रद्धाञ्जली चढाउदै आफन्त खोसिएको पीडामा यसरी रुवावासी चल्दा मृतकका परिवार/आफन्तजनहरूबाट हृदयविदारक शैलीमा विछोडको विलौना पोखिन्छ । यी मार्मिक

शोकपूर्ण चित्कारहरूको आफ्नै मौलिकता छ । मडो उठाईसकेपछि केही गाउँको साधसम्म पुगेपछि महिलाहरू विलौना गर्दै फर्किन्छन् । अगाडि-अगाडि बाट (पाँच-सातवटा हरियो बाँसको लौरीमा सेतो बस्त्र) पछि-पछि मडो, मडोपछि काठ हाल्न जाने कठारु (काठ बोकेका मलामी)हरूको भीड हुन्छ । कठारुमध्येको एक जनाले बाटोबाटो बुर्की (धान र पैसा) छर्दै जान्छ । अन्य आउदै गरेका कठारुहरूले धानबाट मडो लिएको बाटो भन्दै पछ्याँउछन् । मृतकका छोरा, नाति आफन्तहरूले पालैपालो काधँमाथि बोक्दै घाटसम्म पुऱ्याउँछन् । सेती, बुढीगंगा र यसका सहायक नदीहरू यस भेगका प्रशिद्ध घाटहरू हुन् । मडो लिदादेखि नै घरैबाट क्रियापुत्ली (क्रियापुत्री) ले कपाल मुण्डन गरी कम्मरमा लुंगी, शरीर ढाक्न एक काधबाट सप्को हालेको सेतो कपडा, टाउकोमा सेतो फेटा र हातमा पानीसहितको तामाको लोटा लिई नाङ्गो पाइला हिड्नु पर्दछ । मृतकको छोरा भए छोरा नभए नजिकको आफन्त क्रियापुत्ली बस्ने गर्दछन् । मृतकका छोराले चितामा आगो लगाउने परम्परा छ । दाहसंस्कारमा पुरुषहरूको मात्र सहभागिता हुन्छ । चितामा नजलाउने जनै नलगाएका वा उमेर नपुगेको मृतकको पाँच दिनसम्म जुठो लाग्छ भने सामाजिक विधिविधानले पूर्ण भइसकेको मृतकको तेह्र दिनसम्म जुठो बार्नु पर्दछ । यसरी जुठो बार्दा मृतकको परिवारले नुन बार्ने गर्दछन् । तेह्र दिनसम्म कुनै पनि रगत सम्बन्ध भएका घरपरिवारमा पूजापाठ र चाडपर्वमा सहभागिता जनाउदैन् । मृतकको आत्मालाई चिर शान्ति मिलोस भनेर पुरोहितले निर्देश गरेका शास्त्र तथा पुराणमा उल्लेख भएका सम्पूर्ण दानहरू यथाशक्य गरिन्छ । बार हेरि नौं/दश दिनका दिन मयल हाल्ने (पिना लगाउने) गरिन्छ । तेह्रदिनको दिन गाईको गहुँत छर्की खाई चोखिने चलन छ । तेह्र दिनको संस्कार पछि आमाबुवा हो भने छोराले र लोग्ने हो भने महिलाले बरखी (वर्ष दिनसम्म सेतो लुगा लगाउने) बार्ने तथा वर्ष दिनसम्म घरमा कुनै पनि चाडपर्व तथा पूजापाठ समेत गर्नु हुँदैन भन्ने मान्यता छ ।

## ३.३ केही विशिष्ट संस्कृति

### ३.३.१ मष्टो पुज्ने

नेपाल अधिराज्यको काली नदीदेखि मेचीसम्मको भूभाग र अझ त्योभन्दा पूर्व भारतीय उपमहादीपको आसाम प्रान्त, त्रिपुरा मण्पिुरसम्म छरिएरका नेपाली मूलका बाह्मण, क्षेत्रिय, ठकुरी एवं अन्यान्य जातिहरूले 'कुलदेवता' इष्टको रूपमा पूजा गरिएका मुख्य देवता 'मष्टो' हुन् । यिनै मष्टोलाई स्थान विशेषमा पूजा गर्दा ठाउँ र गाउँको नामको आधारमा नामाकरण भएको पाइन्छ । जस्तै खापड मष्टो अथवा खापर या खप्परे मष्टोको उल्लेखबाट खप्तड (

खेचराद्रि) का माण्डलिक प्रजाहरूले मानिएका कुलदेवता हुन् (कोइराला, २०५२ : १)। मष्टो चित्तौडगढका देवता हुन् र राजस्थानी हिन्दूहरू राजाहरू मुसलमान सुल्तानहरूबाट पराजित भई हिमालय क्षेत्रमा आउदा यी देउता पनि तिनीहरूका साथमा ल्याएका हुन् (पाण्डे, २०३५ : १४१)। खप्तड क्षेत्रको एक मौलिक पहिचान र आस्थाको रूपमा मष्टो पुज्ने परम्पराले प्रत्येक जनमानस, घरपरिवार र समुदायमा बास गरेको छ । मइठा, मइठो, मष्ट, मष्टो, मष्टा, मन्ठो, मन्ठा, मास्ठा, मुइठा मैठो, मैठा स्थान विशेष र बोलीचालीको सामान्य फरकपनले एउटै अर्थ बुझाउने साझा नामहरू हुन् । मष्टो शब्दले प्रमुख, मुख्य, उच्च पहाडको चुचुरो, देवीशक्तिको सेनानी, अलौकिक दैवीशक्ति, कुलको उच्च तहमा बसेर ऋद्धि, सिद्धि तथा संरक्षण दिने देवता, विशेष शक्तिसामर्थ्यले सम्पन्न र अलौकिक चमत्कार देखाउन सक्ने गणदेवता, हिमाली देवता, महादेव र भवानीपछि आउने र कुलदेउताका नामले चर्चित स्थानीय दैवीशक्ति, सिद्ध र भैरव दुवैरूपमा पुजिने स्थानीय देवता, शैव र शक्तिपछिको शक्तिशाली रैथानै देवता जस्ता विविध अर्थ जनाउँछ (चटौत, २०५८ : ६४४)। संस्कृतिविद् सत्यमोहन जोशीले मष्टोलाई विना मूर्तिका लोक देउता मानेका छन् । नेपालका सुदूरपश्चिमाञ्चलमा भेरी, सेती, कर्णाली, महाकाली, आदिका पाखा-पखेरा र उपत्यकाहरूमा 'मष्टो' को नाम सर्वोपरी मान्यता र प्रभुत्व छ जुन सर्वोपरि छ, वास्तवमा त्यो 'मष्टो' ग्रामीण 'लोक देउता' को सुप्रशिद्ध नाम हो । तर 'मष्टो' देताको मूर्ति हुँदैन । यसको प्रतिनिधि धामीले गर्दछ (जोशी, २०३५ : १३०)। धामी जन- अघि पछि एक साधारण मान्छे नै भए पनि उसमा मष्टो देउता उ एक अवतारी दैवी पुरुषको रूप धारण गर्दछ । दैवी रूप धारण गरेको धामीले बोलेका वाणीहरूमा खप्तड क्षेत्रका मानिसहरू देउतासमान श्रद्धा र विश्वास राख्छन् । मष्टो साधन गरिरहेको घर (माडू/थान/अस्थान/थलो/मन्दिर) मा आलन (ध्वजापताका) सहितको लिङ्गो गाडिएको हुन्छ ( ऐजन) ।

वन-जंगलमा वनथान अर्थात् मूल थान र गाउँ-घरमा घरथान अर्थात् सहायक थान गरी मस्टाका दुई किसिमका थान हुन्छन् । घरका पूजाकोठामा कुलदेवताको रूपमा मानिएको घण्ट, त्रिशुल, दियो, ताम्रपत्र चढाइएका सुनचाँदीका गरगहना, भाडाकुडा, मूर्ति एवं साधनहरू राख्न थन्क्याइने भडार वा गाउँबस्तीका बीचको माडौंलाई मष्टा देवताको घरथान भनिन्छ (पन्त, २०६४ : ९)। घरथान, कुलको जेठो/गाउँको मुखिया/समुदायले तोकेको घरमा राखिन्छ ।

गाउँबस्तीभन्दा टाढाको वन, देउराली, खोला/गाड/नदी वा वृक्षवनस्पतिले परिवेष्ठित निकुञ्जमा स्थापित माडौंलाई वनथान भनिन्छ (पन्त, २०६४ : १०)। मष्टाको मूलथलो बान्नी (बझाङ) र मूल मष्ट पनि बान्नी मष्ट नै मानिन्छ । त्यहींबाट ढँडार (बझाङ) सरेको र ढँडारबाट अछाम, बाजुरा, मुगु हुँदै, दु:ख पीडा खप्दै, पुरुषार्थ पनि गर्दै जुम्ला सरेको हो भन्ने लाकोक्ति पाइन्छ (सिंजापति, २०४८ : ३१)।

छेत्रीको छाइलो मेरो पाइलो, ज्वाँ मुन्ठा वाँ न्याँ, ढणार छुट्यो खप्तड फुट्यो, नौ दुर्गा भवानी बाह्र मस्टा भाई, पञ्चैतरको जय ऐलीको खय, बान्नी फुट्यो ढणार छुट्यो, बुडो बडाइलो, थार्पो थर्पाइलो, कब कजाइलो, ढणार रजाइलो, र मुण्टा माण टन्टा फाण आदि प्रचलित डोटेली उखानहरूले पनि मस्टाको लोकप्रियता दर्शाउछ (पन्त, २०६४ : १८-२०)। मष्टाका नौ बहिनी भवानी र बाह्र भाई हुन्छन् । स्थानविशेषले ती मष्टाका नौ बहिनी भवानी र बाह्र भाई फरक-फरक छन् । उन्नाइसौं शताब्दी राजा राजेन्द्रको पालामा लेखिएको पौड्याल सिद्याल वगाले थापाको वंशावलीमा पहिलो गढदेवी, दोस्रो जयन्तमाला, तेस्रो समय, चौंथा मष्टा लिङ्ग, पाँचौ बराहा, छैठौं सुरूपाल र सातौ बह्मदेव नाम उल्लेख गरिएको छ । त्यसै गरी यसै वंशावलीमा कुमाउँबाट पौंडी आए, डोटीका पौंडीमा मष्टो देवता पुजेको लेखोट छ (योगी, २०२२ : ७७७)।

### ३.३.२ छाउपडी

महिलाको शारीरिक वृद्धिसँगै किशोरा अवस्थामा आइपुग्दा मासिक रक्तस्रव (रजस्वला) हुन्छ । यस अवस्थालाई यस क्षेत्रमा छाउ हुने अर्थात् छुन नहुने भन्ने हुन्छ । महिला नछुने हुदा वा छाउ हुदा तिनलाई निश्चित समयसम्म घरसँगैको गोठमा राखिन्छ । यस अवस्थाका महिलालाई छाउपडी र गोठलाई छाउपडी गोठको संज्ञा दिइन्छ । छाउपडी गोठको बनोट जमिनबाट एक मिटरसम्म अग्लाईमा ३/४ जनालाई मात्र सुत्न मिल्ने, दुई पाँखे खरले छाएको सुत्ने ठाउँबाट १ मिटर जति अग्लो हुन्छ । विशेष गरी मष्टो पुजकहरू छाउपडी र अपशोच बारेका क्रियापुत्रीबाट टाढा रहने परम्परा छ ।

यसलाई आजको समाजले रुढीवादी सोचाइका रूपमा हेरे पनि यस क्षेत्रको समुदायमा गहिरो छाप कायमै छ । जसका कारण छाउ हुनुलाई सामान्य अवस्थाका रूपमा हेर्ने र यस

अवस्थालाई प्रथाको रूपमा प्रचार गर्ने गरिएको पाइन्छ । तर आजको अवस्थामा छाउपडीलाई घरैमा बस्न दिने, खानपानमा पनि भेदभाव नगर्ने सुधारात्मक व्यवहार बढ्दो छ । पहिलो पल्ट छाउ हुने किशोरीलाई सातदेखि एघार दिनसम्म टाढा राखी धार्मिक विधि अनुसार चोख्याउने गरिन्छ । पछिका दिनमा भने पाँच दिन भए पुग्छ । रजस्वला भएकी महिलाले आप, केरा फल र लौका, चिचिण्डो, काक्रो जस्ता बोटहरूलाई छुन हुँदैन छोएमा बोट सुक्छ वा फल कुहिन्छ, रुढी मान्यता छ । त्यस्तै गाईलाई पनि छुन नहुने विश्वास गरिन्छ ।

### ३.३.३ देउकी

देवकी प्रथा नाग मल्लले चलाएको मानिन्छ । छोरी देवीदेवतालाई भाक्ने/ चढाउने प्रथा नै देउकी हो । खप्तडको डोटी अधिनस्थ क्षेत्रमा नेगी, नायक, भूल, धामी, खत्री आदि थर भएका मानिसहरूले भाकल गरी छोरी देवीदेवतालाई चढाउँछन् । अन्य जाति थरका मानिसहरूले पनि उनीहरूका कन्या किनेर चढाउने गर्छन् । त्यसरी चढाएकी कन्या काश्यप गोत्री धारण भई विवाह नगर्ने देवकी/देउताकी हुन्छन् (सुवेदी, (२०५६ : २५१)। देउकीका द्यौकी, देवकी र देवदासी आदि विविध नामहरू हुन । देउकीले आजीवन विवाह नगरी भाकल देवीदेउताको सेवा गरी बस्नुपर्छ ।

देउकी बनाउदा पूजारी, कन्या, कन्या भाकल दिने व्यक्तिको निश्चित भइसकेपछि पूजा साम्रागीको बन्दोबस्ती गरी भाकल दिने मन्दिर/माडौं/थान लगिन्छ । बाहुन पूजारीले कन्यालाई सूची गरी पञ्चगव्य (गाईको गोबर, मुत्र, दूध, ध्यू र दही) खुवाई पूजा विधि थाल्छन् । पूजारीले संकल्प बोल्छन्, कन्यादाताले भाकल देवीदेउताको नाम जप्दै कन्याका खुट्टाका दुवै बुढीऔंला समाती तील, कुश, अक्षता, दुवो, फूल, जल र नैवेद्य छोडिन्छ । संकल्प गर्ने पूजारीले कन्यालाई देवीदेउता समक्ष अर्पण गरी ती कन्याबाट जायजन्म नगराउने, देवीदेउताको सेवा गर्ने, भाकल पुरा गर्नेका सातकुलका पुर्खाहरू स्वर्ग जाने र शरीर, मन, वचनले गरेका सवै पापहरूको प्रायश्चित हुने वाणी फुक्दछ । यति गरी सकेपछि पञ्चेबाजाको ध्वनिका साथ देउकीलाई सात पल्ट मन्दिर परिक्रमा गराइन्छ । त्यस दिनदेखि देउकीले देवीदेवताको सेवा (लिपपोत, सरसफाई र स्याहार) गर्न थाल्छिन् (ऐजन)।

### ३.३.४ विविध

यस क्षेत्रमा विविध परम्परा तथा प्रथाहरू पनि प्रचलन रहेका छन् । रजवार, पूजारा, धामी, अगिभाने बानदारी (बाजा बजाउने), जोगी-माता (सन्यासी) को कुटी परम्परा खप्तड क्षेत्रमा यथावत नै छन् ।

अहिलेसम्म वस्तु विनिमय प्रणालीमा आधारित जीवनशैली छ । खानपान, बसोबास, र पहिरनको पृथक पहिचान छ । यहाँका रैथानेहरू प्रचलित महत्वपूर्ण संस्कारहरूद्धारा नै संस्कारित छन् । यो क्षेत्र मष्टो धर्म, छाउपडी गोठ र देउकी परम्पराका लागि पनि प्रशिद्ध छ ।

## अध्याय चौंथो

# धार्मिक तथा सांस्कृतिक परम्परा

नेपालको सांस्कृतिक वृत्तचित्रमा खप्तड क्षेत्रको मौलिक लोकसंस्कृति एवं लोकपरम्परा पृथक महत्व एवम् विशिष्ट पहिचान छ । मानिसको लोकजीवनसँग विशिष्ट सम्बन्ध राख्ने अभौतिक (अमूर्त) सम्पदाहरू- चाडपर्व, परम्परागत न्यायिक प्रविधि, परम्परागत उपचार पद्धति र लोकसंस्कृति/संगीतलाई प्रकृति एवं महत्वको आधारमा प्रकाश पार्ने अभ्यास गरिएको छ ।

### ४.१ मौलिक चाडपर्व

खप्तड क्षेत्र नेपालको जातिगत मानचित्रमा खसान नामले परिचित छ । यहाँ खसहरूको एकाधिपत्य/बाहुल्यता भएको कारणले नै खसानका रूपमा यो क्षेत्र परिचित छ । सामान्यतया खसहरू हिन्दू धर्मावलम्बीहरूको कोटीमा पर्ने भए पनि यिनका चाडपर्वमा केही पृथकता एवं विशिष्टता देखिन्छ । गाउँ, थर र जात अनुसारका कुलदेवताहरू पुजिन्छ । बडादशैं, स्थानीय दशैं, चैतेंदशै, होरी, च्यालत्यार(माघी), अनन्त्यापूनी, विषुपर्व, गंगादशहरा, नागपञ्चमी, मालिकापूनी (जनैपूर्णिमा /रक्षाबन्धन), तिहार, पुसको पन्ध्र र रोटेत्यार यहाँका प्रमुख चाडपर्वहरू हुन् । यस्तै शिवरात्री, सोह्र श्राद्ध, श्रीस्वथानी व्रतकथा, असार पन्ध्र पर्वहरू पनि मनाइन्छ । यो शोधमा खप्तड खगोलमा मनाइने विशिष्ट एवं मौलिक चाडपर्वहरूको अध्ययन गरिएको छ ।

#### ४.१.१ गंगादशहरा

जेष्ठ शुक्ल दशमीलाई यहाँका मानिसहरू गंगादशहराको रूपमा पुज्दछन् । यसै पवित्र दिनमा स्वर्गबाट गंगा भगवान् शंकरको शिरमाल्य जटा हुँदै धर्तीमा प्रकट भएको मानिन्छ । यस दिन खप्तड क्षेत्रको त्रिवेणीमा ठूलो मेला लाग्दछ । यस दिन यस त्रिवेणीमा स्नान गरी पूजा गरे पाप जति नष्ट हुने जनश्रुति छ । गाउँघरमा टालाटुली बटुलेर गंगाजीको प्रतिकात्मक पुतली बनाउँछन् । पुतलालाई थरि-थरिको श्रृंगार गरिन्छ । र अन्तमा पञ्चेबाजा बजाएर नजिक खोला नालामा सेलाइन्छ ।

### ४.१.२ नागपञ्चमी

श्रावण शुक्ल पञ्चमीका दिन नाग पूजा गरिन्छ । यस दिन घर-घरमा पूजारीहरूले आफैले बनाएका नागचित्रहरू बाड्छन् । यस नागचित्रलाई घरको मूलढोकाको माथि अथवा दायाँबायाँ पर्ने गरी टासिन्छ । नागचित्र गाईको गोबरले टासिन्छ । नागचित्रमा गाईको गोबर, अक्षता, सुपारी र दुबो राखी पूजा गरिन्छ । यस दिनदेखि सर्पले मानिसलाई टोक्दैन, टोके पनि पापी नागले टोकेको र त्यसको विष लाग्दैन भन्ने लोकविश्वास छ ।

### ४.१.३ जनैपूनि/रक्षाबन्धन

क्षेत्री तथा बाहुन समुदायहरूमा जनैपूनिका दिन विहानै स्नान गरेर नयाँ जनै फेर्ने सस्कार छ । यस दिन पूजारी बाहुनहरू घर-घरमा आएर हातमा रक्षा धागो बाँधिदिन्छन् । यो रक्षा धागो गाई त्यारमा फुकाली यसै धागोमा फूलहरू उनेर गाईलाई माला लगाई दिए भाग्य निकै सप्रिन्छ भन्ने मान्यता छ । यस क्षेत्रका मानिसहरू जनैपूनिका दिन बडिमालिकामा लाग्ने ठूलो मेलामा पनि सहभागी हुन्छन् । यसै दिन पाटादेवलको खापरमाडौंबाट आशागुर्जासहितको खापर देवताको डोली पावर्तीको माइतीघर दह खप्तडको खापरमाडौंमा पुऱ्याइन्छ ।

### ४.१.४ रोट्या त्यार

कृष्णाष्टमीको  दुई दिन अघि अर्थात् भाद्र कृष्ण पष्ठीलाई डल्ला हाल्ने दिन अर्थात् रोट्या त्यार भनिन्छ । पथारेको गहुँका रोटीमा आयतन आकारमा भिजाई पिसेको मास र मसलाको मिश्रण मिसाई हत्केलाको लम्बाकृति दिई चारैतिरबाट बेरिन्छ । यसरी आयाताकारमा मास-मसला राखी बेरिएको रोटी बाहिर साल/केराका पातले पुरै ढाक्ने गरी बेरिन्छ । एक-एक तयार गरिएका रोटहरूलाई भड्डु/ताउलोमा क्रमैसँग राखिन्छ । केही पानीसमेत छर्केर भाडोको ढकनी लगाइ आगोको ताप दिइन्छ । ४०-५० मिनेटको निरन्तर तापपछि रोटहरू तयार हुन्छन् ।  भोलिपल्ट बिहान रोटहरू घरघरमा बाड्ने परम्परा छ । अष्टमीमा कृष्णको व्रत बस्छन् ।

### ४.१.५ गौरा

भाद्र शुक्ल चौथीदेखि द्धादशीसम्म १०-१२ दिन यस क्षेत्रको प्रशिद्ध चाड गौरा मनाइन्छ । यस चाडमा पार्वती (गौरी) को मूर्ति बनाएर धुमधामले पूजा गरिन्छ । गौराका स्थानविशेषअनुसार गोरा, गमरा, गमला, लोलीः गौरा, लोली, गवँरा, उजाली गौरा र अनारी

गौरा जस्ता थुप्रै नामहरू छन् । गौरा भनी पावर्तीको पूजा गर्दा शिवको पनि पूजा गरिन्छ । गौरालाई यहाँका मानिसहरू भिजाएका गेडागुडी (गुराउँस, गत, मास, कला र मकै ) चढाउँछन् । गौराको पहलो दिन पञ्चान्न (गेडागुडी)हरूलाई राम्ररी केलाइन्छ, दोस्रो दिन पञ्चमीमा ती पञ्चान्नलाई धारामा लगेर पखालिन्छ । त्यसरी भिजाएका गेडागुडीलाई बिरुँडा भनिन्छ । षष्टिको दिनमा भिजाएको बिरुडा दोस्रो पटक धारामा लगेर पखालिन्छ र त्यसै बिरुँडाले जलदेवता (नौलाई)को पूजा गरिन्छ । बिरुँडा भिजाउदा र पखाल्दा मांगलध्वन (फाग) गाउने चलन छ । सप्तमीको दिन खेतबाट सामा उखलेर गाउँको मूलीको घरमा जम्मा गर्दछन् । अनि त्यसै दिन सामाको बोटबाट गौराको मूर्ति बनाइन्छ । अष्टमीमा फेरी गौराको अर्को मूर्ति बनाइन्छ, जसलाई कान्छी / सौता गौरा पनि भनिन्छ । त्यसपछि दुवै गौराको सामा एउटै ठाउँमा मिसाइन्छ । जेठी र कान्छी गौरालाई मिसाएर एउटै पारिसकेपछि पूजाको क्रम शुरु हुन्छ । गौरा अवधिभर स्थानीयहरू देवीदेवताका फाग,  चाचरी, धमारी र देउडा नाच्ने गाउने गर्दछन् ।

### ४.१.६ अनन्त्या पूनि

भाद्रशुक्ल पञ्चमी अर्थात् पूर्णिमाको दिनलाई यस मष्टो क्षेत्रमा अनन्त्यापूनिको रूपमा पुजिन्छ । यस दिन देवी देवताका थानहरूमा देवता गाड्ने र धामी नाच्ने दिनका रूपमा यो पर्व प्रशिद्ध छ । आफ्नो देवताको प्रारूपानुसार धामीले नाच्ने र त्यही नाचको ताल बमोजिम दमाइ जातिले बाजा बजाउदछन् । यस दिन खप्तड दहमा पनि खापर मष्टो पुजिन्छ । रक्षाबन्धनमा आशागुर्जासहित ल्याएको खापरदेवताको डोलीलाई बाजागाजाका साथ पार्वतीको पोइली घर पूजारीगाउँ (पाटादेवल) लगिन्छ ।

### ४.१.७ दशैं

हिन्दूहरूको महान चाड दशैं यस क्षेत्रका मानिसहरूको पनि सबैभन्दा ठूलो चाड हो । वर्षायामको हिलो हट्ने मौसमसँगै दशैंको पूर्व तयारी हुन्छ । गाउँका बाटाघाटा, चौतारी, पटकानी र थानहरूको सरसफाइ गर्नुका साथै घरहरू रातो र कीमडी माटोले लिपपोत गरी श्रृंगारिन्छन् । घोगालाई भोती-भोती बनाई कौशीहरूमा भुण्ड्याइन्छ । ठूल्ठूला फर्सीहरूलाई पत्थरी पाखामा क्रमबद्ध गरिन्छ । आगन्तुकहरूलाई स्वागत गर्न बाँबियो बाटेर माली (पिङ) हाल्छन् । दशैंका लागि राँगो/बाको भाकल गरिएको भए त्यसको व्यवस्था गर्छन् ।

तिहारसम्मलाई पुग्ने अन्नको भण्डारण हुन्छ । घटस्थापनाको दिन जमरा राख्छन् । सप्तमी अर्थात् फूलपातीका दिन खसी काट्छन् । यस क्षेत्रका मानिसहरूले खासगरी राँगा/बोका काट्ने दिनलाई नै दशैको रूपमा ग्रहण गर्दछन् । कतै अष्टमी र कतै नवमीको दिनमा दशैँ मान्ने आ-आफ्नो परम्परा छ । दशैँमा अनिवार्य रूपमा गाउँ/समुदायको सरोबर हिस्सा पर्ने गरी पञ्चवाल्या राँगो-बोको काटिन्छ । बलि देवी थानहरूमा दिइन्छ । सबैभन्दा पहिला पञ्चवाल्या राँगा-बोकाको बलि दिइसकेपछि मात्रै व्यक्तिगत नामका राँगा/बोकाहरू काटिन्छन् । पूजारीले राँगा/बोकाको टाउकोमा फूल, अक्षता र मालाले पूजा भाकल गर्नेको मनोकांक्षा पुरा होस भनि कामना गर्दछन् । देवीलाई बोका राजीखुशीले दिएको भनी पर्छाइन्छ, पर्छिसकेपछि मात्रै बलि दिइन्छ । पशुबलि दिनुभन्दा अघि चार खुट्टा जोडी विशेष रूपले पूजा गरिएको पेठा (कुपिण्डो) बालबालिकालाई काट्न लगाइन्छ । बलिकै समयमा दमाई जातिले .पञ्चेबाजा बजाउदँछन् । दशैँमा कमाउन परदेश गएका सबै आफन्तजनहरू पनि घर आइपुग्छन् । अरुबेला न्यास्रो लाग्ने गाउँ यतिबेला उज्यालो लाग्छ । विजयादशमीका दिन मान्यजनहरूका टीका थाप्न जान्छन् । कोजाग्रत पूर्णिमासम्म दशैँको रौनक चलिरहन्छ ।

### ४.१.८ तिहार

पानस, तामा/माटो/ सालको पातको दियो बनाएर कपासको बाति तेलमा भिजाई साँझपख घरघरमा दीप बाली लक्ष्मीको पूजा गरिने हुनाले तिहारलाई दियो बाल्ने औंसी पनि भनिन्छ । यम पञ्चकको पहिलो दिन काग त्यार (तिहार) को अवसरमा घरमा पाकेको खानेकुरा टपरीमा राखी कागलाई खुवाइन्छ । कुकुर त्यारमा कुकुरलाई टिका र माला पहिराई विभिन्न परिकारयुक्त खानेकुरा दिइन्छ । लक्ष्मी पूजाको धनकी देवी लक्ष्मीको पूजाका साथै गाईको पनि पूजा गरिन्छ । यस दिन रक्षाबन्धनमा हातमा बाधेको डोरीको फूलमाला उनेर गाईलाई लगाई मनपर्ने परिकार खुवाइन्छ । चौथौ दिन गोवर्द्धन पूजा हुन्छ । त्यारको पाँचौ तथा अन्तिम दिन दिदीबहिनीले दाजुभाईलाई सप्तरङ्गी टिका लगाइ हजारी, सुपारी, चमेली, गोदावरी आदि फूलका माला पहिराई दिने गर्छन् । दिदीबहिनीले दाजुभाइको दीर्घायुको कामना गर्दै बाबर-पुरी, ओखर, फलफूल, तरकारी खान दिन्छन् । दाजुभाइले पनि टिका लगाई उपहार/दक्षिणा दिन्छन् । त्यारको पाँचै दिन समूह-समूहमा बालबालिकादेखि युवासम्मले द्यौसीभैलो खेल्ने गर्छन् । यस त्यारमा लोग्ने मानिसहरूको जुवा (तास र कौडा) खेलेर रात बिताउने विकृति पनि बढ्दो छ ।

### ४.१.९ भूओ औंसी

यस क्षेत्रका मानिसहरू पौष कृष्ण औंसीको बेला भूओ खेल्ने गर्दछन् । खप्तड आसपासका क्षेत्रहरूमा यो अत्यन्तै लोकप्रिय छ । शरीरमा जामा, टाउकोमा पगडी पैरेर हातमा ढाल तरवार लिई गोल घेरा बनाई बाजागाजाको तालमा भूओ खेलिन्छ । औंसीमा पर्ने भएकोले यो भूओ औंसीको पनि भनिन्छ । भूवो ढाल-तरवारद्धारा युद्धकला प्रदर्शन गर्ने पर्वका रूपमा स्थापित छ (शाह, २०६५ : १३७)।

### ४.१.१० पुसे पन्ध्र

वर्षकै सवैभन्दा लामो रात पुस अर्थात् महिनाको पन्ध्र गतेको रातमा मनाइने यो पर्वको मुख्य आकर्षण भनेको नै ढुकढुके रोटी पकाउनु हो । यस क्षेत्रमा सबैका घर-घरमा अनिवार्य ढुकढुके रोटी हालिन्छ । खासगरी मासचाम्ल्या र निसास्या यी दुई थरिका ढुकढुके रोटी यस दिन बनाइन्छ । मासचाम्ल्या रोटीमा मास-चामलको धुलो (पिठो) सहित अलिकति मसला (नुन, खुसार्नी, अदुवा र धन्याजिरा पिसेको) मिसाइन्छ भने निसास्या रोटीमा चामलको धुलोमा मात्रा अनुसार घ्यू राखी डल्ला नपर्ने गरी मुछिन्छ । तत्पश्चात: ती दुवै मिश्रणमा आवश्यकता अनुसार पानी राखी फेरी ५-७ मिनेटसम्म हातले रल्याईएको समिश्रणलाई तओमा मिलाएका केरा/सालका पातमाथि राखिन्छ । फेरी समिश्रणलाई माथिबाट पनि केरा/सालको पातले छोपी आगोको ताप दिइन्छ । ढुकढुके रोटी बन्नु अघिको यस समिश्रणलाई पातले छोप्नुको कारण तओमा नटासियोस, चारैतिर तापको राप पुगेर सबै भाग बरोबर पाकोस र खरानी र कोइलाजन्य पदार्थको मिसावट नहोस भनेर नै हो । पकाउदै बलेका आगोका फिल्काहरू धरै भएपछि ती फिल्काहरूलाई डाडु/पुन्युको सहायताले निकाली माथिल्लो भागका पातहरूमा सबैतिर छरिन्छ । दुवैतिरबाट ताप पर्ने हुदा रोटी काँचोपाको रहने सम्भावना पनि रहदैन् । २०-२५ मिनेटको एकनासको आगोपछि रोटीको माथिल्लो भागबाट केही फिल्का हटाउदै डाडु/पन्युले हिकाई पाके नपाकेको थाह हुन्छ । पाकिसकेपछि रोटीलाई छाप्रो/डालोमा राखिन्छ । अनि डल्ला-डल्डा भाच्दै परिवारका सदस्यहरूलाई बाडिन्छ । भोलिपल्ट विहान घर-घरमा ढुकढुके रोटीहरू बाड्ने र छिमेकीका घर-घरको ढुकढुके रोटी चाख्ने चलन पनि छ । एक जनाको घरमा जम्मा भई रात ब्याउने यस दिन गाउँघरका साथीसंगीहरू मिलेर सामूहिक ढुकढुके रोटी हाल्ने प्रचलन यो क्षेत्रमा निकै लोकप्रिय मानिन्छ । यसरी सामुहिक रूपमा ढकढुके

रोटी हाल्दा कसैका घरबाट चामलको पीठो, कसैका घरबाट घ्यू, कसैकाबाट मासको पीठो अर्थात् अलिअलि सबैका घरबाट केही न केही भाग पर्ने गरी उठाइन्छ । रात ब्याउन (जाग्राम) पाकेको पहेलो कदु (पाकेको फर्सी), आलु उसाई खाने र लोककथा, गाउँखानेकथा, देउडाको आरोदोरो, दुःखसुखका कुरा तथा हस्यौली गरी रमाइलो गर्दछन् ।

### ४.१.११ च्याल्त्यार

माघे संक्रान्ति, माघी तिहारलाई रैथाने भाषामा च्याल्त्यार भनिन्छ । च्याल्त्यार पुसको अन्तिम दिनबाट शुरु भई माघ महिनासम्म चल्दछ । च्याल्त्यारको पूर्वसन्ध्या अर्थात् पुसको विदाइ रातमा तेलआँखो (तेलमा लाउन बाबार पकाउनु) लाउने र तरुल, पिडालु, उस्याउँछन् । यस रात प्रत्येक टोल तथा गाउँमा युवाहरू जम्मा भई पन्ध्र-विस दिनअघिदेखि जम्मा गरेका काठ-मुढाहरूको पिरामिड शैलीको खातमा रातको बाह्र-एक बजे आगो बाल्दछन् । च्याल्त्यारको मुढा बाल्ने काम पटकानी/टौकामा गरिन्छ । यसरी आगो बाल्दा टोल-टोल, गाउँ-गाउँका मानिसहर ठूलो स्वरमा कोलाहल गर्दै एकअर्कालाई आगो बालेको जानकारी दिन्छन् । रातभर जाग्राम रहेका युवाहरूले नुहाई मुढी खातमा आगो लगाउने गर्दछन् । आगो जलाउनुभन्दा अघि नाचगान गर्दै रमाइलो गर्दछन् । आगोले मुढा बल्न सुरु गरिसकेपछि मानिसहरू आफ्ना नजिकका टोल-टोल र गाउँ-गाउँका मुढी खातमा घुम्न जाने गर्दछन् । नुहाई सकेपछि मात्र आगोको ताप लिनुपर्छ । यस रात आलु र उखु चारेर यसै आगोमा पालेर खादा चोराई बाँची ( दोष) लाग्दैन पनि भनिन्छ । यसरी ताप लिदा शरीरमा लुतो तथा अन्य छालाजन्य रोगहरू लाग्दैनन् ननुहाएको मानिसले यो आगो ताप्नु हुन्न भन्ने विश्वास छ । नुहाई सकेपछि पहिलोपटक आगीखात पुग्दा त्यसबाट निस्केको खरानीको टीका लगाई चारवटा ज्वलनसिल फिल्काहरू झिकी तिनीहरूलाई चारैदिशामा फालिन्छ । चारै दिशामा आगोका फिल्का फाल्नाले वर्षभरी चारैतिर यात्रा गर्दा कुशल मंगल प्राप्त हुन्छ भन्ने पुरानो भनाई छ ।

बिहानीपख च्याल्त्यारको आगो ताप्न बुढाबुढी, बालबालिका र महिलाहरूको भीड लाग्दछ । यस आगोमा उखु पोली ढुंगामा पड्काइन्छ, शरीरका रोगनाशक किटाणुहरू मरुन भनेर यस दिन यसरी पोलेको उखु खान्छन् । च्याल्त्यारको विशेषरूपले सबैका घर-घरमा फाडोभात र मासु पकाइन्छ । गाउँघरका र माइतीमा त्यार खान आएका छोरीचेलीहरूलाई

दक्षिणा दिन्छन् । र, छोरीचेलीलाई पोइलीघर विदाई गर्दा दक्षिणासहित एक डालोभरी बाबर-पुरी एवं नयाँ साडीचोलो कोशेली दिइन्छ । यदि छोरीचेली माघेसंक्रान्तिमा आएनन् भने पनि माघ महिनाभर जुन दिन आए पनि मागी त्यार दिने चलन छ । यो महिनाभर छोरीचेली कहिले आउँछन् भनेर माइतीले बाटो हेरिरहेका हुन्छ । तर कुनै दुखी विरामी / दुई जिउ वा अन्य कुनै कारण माइत आउन नसक्ने थाह पाएपछि माइतीले नै छोरीचेलीको पोइली घरमा मागी त्यार (खीर, लाउन-बाबर र नयाँ साडीचोलोको कोशेली) पुऱ्याउने संस्कार छ ।

### ४.१.१२ महाशिवरात्री

यस क्षेत्रमा महाशिवरात्री बडो धुमधामका साथ मनाइन्छ । यस दिन विहानै गंगास्नान गरी शिव धामहरूमा शिवजीको दर्शन तथा मन्दिर परिसरमा सहस्र दीप प्रज्वलन, रुद्री पाठ, अष्ट भैरवको पूजा एवं वैदिक विधिले हवन गर्ने परम्परा छ । दर्शनार्थीहरूको ठूलो भीड लाग्दछ । साझतिर भने शिव मन्दिरहरूमा गाउँ-गाउँबाट लिइएका पर्गलाहरू (सिंगो हरियो बासमा धजा बाधेको लिङ्गो) चढाइन्छ । रातभर न्याउल्या खेल्दै रमाइलो गर्छन् । तथापि आजकाल युवा जमातद्धारा रक्सी, गाजाजस्ता नशालुपदार्थ सेवनको बढ्दो विगविगीले कोलाहल हुने जस्ता गलत प्रवृतिहरू मैलाउदै गएका छन् । शिवरात्रीको दिनदेखि नै होरी पल्टाइन्छ । अछामको बैजिनाथ धाम महाशिवरात्रीको लागि सम्पूर्ण खप्तड क्षेत्रभर प्रसिद्ध छ ।

### ४.१.१३ होरी

होरी, खप्तड क्षेत्रमा मौलिक विशेषता बोकेको चाड हो । महाशिवरात्रीको दिन होरी पल्टाउँने, १०-५ दिन अघि शुरु भई पूर्णिमासम्म टौका/पटकानीमा होरी खेलिन्छ । नयाँ-नयाँ लुगामा सजिएर महिलाहरूले हेर्ने र सेतो जामा पगडी, सेतै वस्त्रको भेषभूषमा पुरुषहरूले होरी खेल्दछन् । होरी खेल गायनको विधामा धमारी, रसिया र पौपट देउडाको रूपमा खेलिन्छ । एकअर्को अनुहारमा रंग लगाई होरीको शुभकामना आदान-प्रदान गरिन्छ । अबिर तथा विभिन्न रङ्गले रङ्गिएका खेलाडीहरूले हात-खुट्टाको चालसँगै शरीरको हाउभाऊ देउडा अनुसार प्रदर्शित गर्नुपर्छ । होरी खेल प्राय ४-५ बजे शुरु भई खाना नखादासम्म र खाना खाइसकेपछि रातको ११-१२ बजेसम्म गरी दुई चरणमा खेलिन्छ । पूर्णिमाको दिन लिङ्गो जलाई होली खेलको विसर्जन गरिन्छ ।

### ४.१.१४ चैते दशैँ

चैतें दशैलाई सानो दशै पनि भनिन्छ । यो दशैमा विशेष गरी भाकल गरिएका राँगा/बोकाको बलि दिइन्छ । देवीका थानमा पशुको बलि दिन्छन् । बलि दिदा दमाईले पञ्चेबाजा बजाउछन् । बोकाको मासु प्रसादस्वरूप सबैको घर-घरमा बाडिन्छ । समुदायका सबैको सहभागितामा एक छुट्टै पञ्चवाल्या राँगा/बोका काट्छन् ।

### ४.१.१५ विसु त्यार

विसु त्यार वर्षको अन्तिम चाड हो । महिलाप्रधान विसु त्यारको सांस्कृतिक विशेषता पुतला खेल हो । महिलाले खेल्ने र पुरुषले हेर्ने कारण पनि यो खेलको पृथक पहिचान छ । गाउँ-गाउँका महिलाहरू पट्कानी/टौका तथा देवलहरूमा जम्मा भएर वर्ष विदाईको चार-पाँच दिन अघिदेखि पुतलाखेलको थालनी गर्दछन् । नयाँ वर्षको सूर्योदयको पहिलो दिन अर्थात् बैशाख १ गतेको दिनलाई नै विसु संक्रान्ति, विसु पर्व र विसु त्यार पनि भन्ने गरिन्छ । यस विसु पर्वका दिन नै रनपुतला खेलको विसर्जन हुन्छ ।

पुरुषले सेतो जामा पगरीमा होली खेले जस्तै महिलाले पनि खुट्टामा पैरा, हातमा चुरा, गलामा नौगेडीसहितको तिलहरि, शिरमा शिरफूल/चन्द्रमा, कानमा ढुंग्री गरगहनाका साथै रंगीविरंगी सारी-चोली अनि सिउँदोमा सिन्दुरको आभूषणले सजिएका नारीहरू कम्मरको सेतो चोड्को एक हातले नाभीस्थल र अर्को हातले तलतिर फैलाई पैदलमा पैदल, शीरमा शीर र स्वरमा स्वर मिलाउदै रनपतला गाउछन् । रन पुतला पनि एक प्रकारको देउडा नै हो । यो खेल होरी जस्तै चार/पाँच बजे शुरु भई बिचमा रातको खाना खान समय दिई फेरि दश/एघार बजे सम्म खेलिन्छ । त्यसपछि नारी/पुरुष सामेल/एकल न्याउला शुरु हुन्छ । यसभित्र नारी वेदना, माया पिरति सन्दर्भहरू कथात्मक तर देउडा शैलीमा पोखिन्छन् । वर्षको अन्तिम दिन अर्थात् वर्ष जाने दिनको रातमा बाहुनको समेत उपस्थितिमा मण्डप दुई बालिकाको पुतला पुतली रूप धारण गरी विवाह गरिन्छ । पुतलीलाई डोलीमा राखिन्छ । विसु पर्वका दिन देवर-भाउजू र साली-भिनाबिच सिस्नो चिलाने जुहारी चल्छ । यस दिन बिहान तीतेपातीले स्नान गर्छन । तितेपानी लगाई नुहाउनाले वर्षदिनसम्म शरीरमा जम्न गएको विष पखालिन्छ भन्ने विश्वास छ । र, नयाँ वर्षको पहिलो साझपख पानी मूल/खोला/नदिमा पुतला सेलाइन्छ । त्यसपछि फेरि

सबै पुतला खेलस्थलमा जम्मा भई बाबर, पुरी र कसारको कोशेली खादै रनपुतलाको पर्व विसु त्यारको विसर्जन हुन्छ । कहिकतै यस दिनमा महिलाहरूले कपडाका रंगी विरंगी पुतलाहरू बनाई खोला/नदिमा सेलाउने गर्दछन् ।

## ४.२ न्यायिक प्रकृतिका परम्परा

### ४.२.१ धनु लगाउने

कुनै वस्तु वा सरसामान चोरी भएमा चोर पत्ता लगाउन अवलम्बन गरिने विधि नै धनु लगाउने विधि हो । यसलाई बोलीचालीमा धन्नु लगाउने पनि भनिन्छ । धनु लगाउदा तान्त्रिक विधिद्धारा बाँसको लिङ्गो काटी कुनै खास ठाउँमा ल्याई नाप गरिन्छ । यो दुई अंगुल गोलाई र सातदेखि एघार मुट्ठी लम्बाईको बिजोर संख्यामा निर्मित हुन्छ । धन्नुको टुप्पो भागमा सेता-रातो धजा र एक सानो घण्ट कसिलोसँग बाधिन्छ । धन्नु लगाउने तान्त्रिकले एक मुट्ठी चामल मन्त्रेर धन्नुमा बाध्न लगाउँछन् । जब धन्नुलाई लक्षित गरी चामल मन्त्रेर फ्याँकिन्छ, धनु हातमा लिएको व्यक्तिको हातमा कम्पन शुरु हुन्छ र त्यहाँ सामेल भएका जनमानसले चल बिरे चलको आवाज बुलन्द गर्दछन् । यसको तात्पर्य धन्नुमा बिरवान(दैवीशक्ति) प्रवेश भएको मानिन्छ । मन्तरनेको आदेश पाउने वित्तिकै धन्नु आफैं हिड्न थाल्छ, चलाउने व्यक्तिले केवल समातिमात्र राख्नु पर्दछ । धन्नु उर्फदै भुईंमा तलमाथि ठोकिदै हिड्न थाल्छ । धन्नुको पछि-पछि धन्नु मन्तरने र धन्नु चलाउनेसँगै जनमानसहरूको घुँइचो हुन्छ । जहाँ-जहाँ धन्नु जान्छ ठिक त्यहि बाटो चोर हिडेको अथवा सामान लिएर गएको मानिन्छ ।

धन्नुलाई चोरिएको सामान पहिले देखाउन भनिन्छ र त्यसपछि चोरलाई पक्रन आदेश दिइन्छ । यदि सामान हराएको भए हराएको सामान कहाँ छ देखा भनिन्छ । हिड्दाहिड्दै धन्नु गई कुनै ठाउँमा बारम्बार ठोक्ने र रोकिने गर्छ र त्योभन्दा यताउता धन्नु चल्दैन भने हराएको/चोरिएको समान त्यहीँ कतै छ भन्ने बुझी साथमा गएका जनमानसले सामानको खोजी गर्दछन् । यसरी धन्नुको लक्ष्य पुरा भइसकेपछि तान्त्रिकले मन्त्रद्धारा चामल छर्केर धन्नु रोक्ने गर्दछन् । अन्यथा धन्नु चलाउनको हातबाट धन्नु छुट्दैन । फलतः धन्नुले धन्नु चलाउने मानिसलाई जतासुकै पनि लगिदिन सक्छ भन्ने मान्यता छ । भोग खाने र भोग नखाने गरी धन्नु दुई प्रकारका छन् । भोग खाने धन्नु भए मन्त्रजप गर्नुपूर्व धन्नुको टुप्पोमा कुखुरा वा

बोकाको बली दिनु पर्दछ । भोग नखाने भए बलिको आवश्यकता पर्दैन । भोग खाने र भोग नखाने धन्नु छुट्याउने कार्य मन्त्र जप गर्ने व्यक्तिको नै हुन्छ । धनु चल्ने क्रममा अरु व्यक्तिले धन्नु चलाउनेलाई छुनु हुँदैन किनकी बिरवान प्रवेश भएकाले अरुले छोएमा धन्नु निष्क्रिय हुन्छ ।

### ४.२.२ पोखला माग्ने

यो विशेष गरी चोरी भएको सामान पत्ता लगाउन प्रयोग गरिने एक उपाय हो । आफ्नो सामान चोरेर लगेको हुन सक्ने आशङ्का भएका व्यक्ति तथा शङ्का नभएमा पुरै गाउँका घरहरूबाट एक-एक मुठ्ठी चामल उठाइन्छ/मागिन्छ । जसलाई स्थानीय भाषामा पोखला माग्ने भनिन्छ । यसरी उठाइएको पोखला क-कसको हो नाम लेखी/रङ्ग/चिनो राखी छुट्टा-छुट्टैरूपमा आफूले पुज्ने गरेको अथवा स्थानीयस्तरमा प्रशिद्धि कमाएका मष्टादेवताको थानमा चढाइन्छ । र, पोखला दिने प्रत्येक व्यक्तिको नाम भन्दै ........फलानो व्यक्तिले मेरो सामान नलगेको भए केही नहोस यदि लगेको छ भने छ महिना/वर्ष दिनभित्रमा ........लक्षण देखा परोस भन्दै मनमनै कुनै लक्षणको कामना गरी भाकल गरिन्छ । यसरी देवताको थानमा पोखला छरेको दिनदेखी छ महिना/वर्ष दिनसम्म आफूलाई पोखला दिने व्यक्तिहरूको गोप्यरूपमा निगरानी राखिन्छ । यदि यस अवधिभर आफूले भाकल गरेअनुसारको लक्षण जुन व्यक्तिमा देखा पर्छ त्यसैलाई नै दोषी ठान्ने गरिन्छ ।

कतै-कतै पोखला जोइसी (ज्योतिष) कहाँ लगेर ज्योतिषी विद्या अनुसार हेर्न लगाइन्छ । जुन पोखलामाथि ज्योइसीले दोष देखाउँछ त्यो पोखलामा नाम अंकित व्यक्तिलाई नै चोर साबित गरी त्यसबाट क्षतिपूर्ति भराइन्छ ।

### ४.२.३ देवता हेराउने

गाईवस्तु चोरी/हराएमा, धनमाल चोरी/हराएमा वा अस्मात हानी-नोक्शानी/विपत्ति भएमा देवता हेराउने/धामी बसाल्ने गरिन्छ । धामी/देवताले बोलेकोलाई देवता बालेको समान विश्वास गरिन्छ । र, त्यहीँ अनुरूपको खोजी कार्य र समाधनको विकल्प खोज्छन् । यो परम्परा अहिलेसम्म पनि खप्तड क्षेत्रमा निकै लोकप्रिय छ ।

### ४.३ परम्परागत उपचार पद्धति

#### ४.३.१ जल्को हान्ने

जल्को हान्ने मन्त्रमा आधारित यो परम्परागत उपचार पद्धति बालबच्चाहरूसँग अन्तरसम्बन्धित छ । तन्त्रमन्त्रका जानकारहरूले बच्चाहरू बर्बराउने, डरले काप्ने, मुर्छित या बिरामी भएमा चामल, खरानी र मास मन्सेर(जपेर) बिरामी बच्चाको टाउकोमा चार-पाँचपल्ट हातको मुठ्ठीमा मन्सिएको मास, चामल र खरानी घुमाउदै अन्तमा जाःभाग/लौंःभाग/लःछाड भन्दै बिरामीको मुहारमा पानीको छिट्टा फालिन्छ । जल्को हान्ने काम धेरैजसो पुरुषहरूले गर्दछन् ।

#### ४.३.२ गनः हान्ने

झाँडापखाला चल्यो, लाधाम्बो आयो(पेट दुख्यो/पोल्यो) र पेटमा कुनै गडबडी उत्पन्न भयो भने गनः हान्ने चलन छ । गनः हान्ने काम प्रायजसो वृद्ध महिलाले गर्दछन् । अगाडि बसेको बिरामीको ठिक पछाडि बसेकी गनः हान्न जान्ने महिलाले कम्मरको दुवै किनारामा दुवै हातका मुड्कीले हान्ने कार्य गर्दछन् । यो कार्य ८-१० मिनेट मुखभित्र मन्त्र उच्चारण गर्दै गरिन्छ ।

#### ४.३.३ छिःट्टो हान्ने

मुण्टो(टाउको) दुखेमा, मुण्टो भारीभएमा या टाउकोमा कुनै किसिमको समस्या सिर्जना भयो भने छिःट्टो हान्ने परम्परा छ । छिट्टो हान्ने काम पनि प्राय जसो वृद्ध महिलाले गर्दछन् । मन्त्र जप्दै बाबियोको कुचोको उल्टोभागले विरामीको मुण्टोको एक किनारामा हिर्काइन्छ । यसको समयावधि पनि गनः हान्ने जत्तिकै हुन्छ ।

#### ४.३.४ फून्या अर्थात् ग्रह मन्त्रर्ने

शरीरमा विषभए, चोटपटक लागेमा, हात-गोडा सुन्निएमा/सुकेमा/ या कुनै रोग सञ्चो नभएमा बिरामीलाई तन्त्रमन्त्र जानेका परम्परागत ज्ञानमा निपूर्ण महिला तथा पुरुषहरूले फूने कार्य गर्दछन् । शरीरको अशक्त भागमा मुखले फूदै मन्त्र जपन गरी घरेलु औषधीमूलो लगाई उपचार प्रणालीलाई फून्या भनिन्छ । फून्या तथा ग्रह मन्त्रर्नेका विविध स्वरूपहरू छन् ।

### (क) पानी मन्त्रर्ने

पानी मन्त्रर्ने पनि स्वास्थ्य लाभका लागि गरिने तन्त्रमन्त्रमा आधारित एक उपचार पद्धति हो । कसैलाई पेटको बिराम लाग्यो, लामो समयदेखि खानामा रुचि भएन र भूतप्रेत, बोक्सी, कपटको आशङ्कासम्म गरेमा जान्नेसँग गई पानी मन्तरने गरिन्छ । यसका लागि पानी मन्तर्न जान्नेलाई घरमा बोलाइन्छ नभए उसैको घरमा गइन्छ । जानकारले गिलास/लोटा/कचौरामा अलिकति पानी राख्छ, अस्पष्ट आवाजमा मन्त्र भन्दै हसियाको तिखो भागले पानी चलाई रहन्छ र बेला-बेलामा पानीमा २/३ पटक फुक्ने गर्छ । एवं रितले मन्तरने फुक्ने यो प्रक्रिया ५-१० मिनेटसम्मको हुन्छ, सो कार्य सकिएपश्चात पानी खुवाइन्छ । यसरी एक पटक मन्तरेको पानी एक पटकलाई हुन्छ । जान्नेको निर्देशन बमोजिम जति दिनसम्म पानी मन्तर्नु पर्ने हो त्यति दिनसम्म नछुटाइकन गरिरहनुपर्छ ।

### (ख) विवध मन्त्रर्ने

गाईभैसीलाई (चौपाया) आटो मन्त्रर्ने । भेद गरेर किरा झार्ने । बच्चाहरूको पिट्का(आन्द्रा) मन्त्रर्ने । हातको औंलाले पेटमा खरानी दल्ने । आँखाको फूलो उडाउने । काँपेर आएको जरोको भेद गर्ने । यी काम विशेष तान्त्रिक वा धामीले भेद गरेर निको पार्छन् ।

### ४.३.५ देवता हेराउने

अकस्मात आफन्तको दुर्घटना वा मृत्यु भएमा, उपचारपछि पनि रोग लामो समयसम्म सञ्चो नहुदा र माइत्या, बोक्सी, कपटीको शङ्का लागेमा के-कति कारणले हो भनेर देवता हेराउने संस्कार छ । आफ्नो समस्या अथवा शङ्काको निवारणका लागि कुन देवतालाई हेराउने हो सो देवताका धामीलाई अग्रिम जानकारी गराइन्छ । देवता हेराउन खाना खाइसकेपछिको रातको समयलाई उपयुक्त मानिन्छ ।

### ४.३.६ काप्रो बाध्ने

यो टुटेका, मर्केका र भाँचएको हड्डी परम्परागत शल्यक्रिया हो । काप्रो बाध्ने काम विशेष गरी हात/खुट्टा भाँचियो अथवा मर्कियो भने त्यो भाँचिएको/मर्किएको भागलाई पूर्ववत् बनाउन अबलम्वन गरिने उपाय हो । सम्भव भएसम्म गाबु (बासबाट बनेको दही जमाउने

भाँडा), त्यो नपाइए सुकेको पुरानो बासबाट दुई अंगुल चौडा हुने गरी एकै मापका चोयाहरू निकालिन्छ । ती चोयाहरू एक आपसमा अलिकति पनि नखप्टिने गरी बलियो सनपाटको डोरीले एकपछि अर्को गरी बाधिन्छ, जसलाई स्थानीय भाषामा काप्रो भनिन्छ । यो बाँसका चोया बाधेर निर्माण गरिएको काप्रो हात/खुट्टा वरिपरी पूर्णरूपले ढाक्न सक्ने हुन्छ । काप्रोमा गाइको गोबर, रातीमाटो र जडीबुटी  पकाएर त्यसको लेदो मिश्रण काप्रोमा राखेर हात-खुट्टा मर्केको भाँचिएको ठाउँमा कसिलोसँग बाधिन्छ । काप्रो बाधेको कम्तिमा २० दिन र बढीमा डेढ महिनासम्म काप्रो खोलिन्छ ।

## ४.४ लोकसंस्कृति/संगीत

### ४.४.१ देउडा/डेउडा/न्याउल्या

न्याउल्या चरीको सुमधुर स्वरबाट उत्पत्ति भएको मानिने न्याउल्या खप्तडी संस्कृतिको अभिन्न अंगका रूपमा रहेको छ । एकन्तामा न्याउली चरीले गाएको स्वर जति मिठो हुन्छ मानव हृदयकण्ठबाट पनि त्यतिनै मिठो शैलीका साथ समूहगत रूपमा गाइने खेलभाका नै न्याउले हो  (चित्र : ३)। डेढ पाइला सारिने, डेढ पटक उच्चारण गरिने हुनाले नै यसलाई देउडा/डेउडा भनिएको हो । खप्तड क्षेत्रमा बाह्रैमास मनाइने चाडपर्व/मेला/जात्राहरूमा न्याउल्या खेलको स्थान अग्रणी छ । रत्याडी, छैटी, नवान्नी, व्रतिवन्ध र विवाह आदि संस्कारहरूमा पनि मनरोञ्जनको साधनको रूपमा न्याउल्या गाइन्छ र खेलिन्छ । छोऱ्याट्टा-छोऱ्याट्टा अथवा छोऱ्याट्टी-छोऱ्याट्टी बिच खेल खेल्न सकिने भए पनि त्यो यति आकर्षक मानिदैन् । आरोदोरो हुने छोऱ्याट्टी-छोऱ्याट्टाबीचको न्याउल्या खेल नै बालक, युवा र बृद्ध सबैका लागि पनि रोमाञ्चक हुने गर्छ । गीत भन्ने गीतकार आशुकवि हुनुको साथै मायाप्रितिको पराकाष्ठामा विवाह बन्धनमा बाँधिन सक्छन् । यसले सगोत्रीय भाइबहिनीका बीच न्याउले खेल हुँदैन् । पाखुरा-पाखुरा समातेर खुट्टाको चालको गतिशिलतामा यो खेल घण्टौसम्म खेलिन्छ । प्रश्नोत्तरको चरमोत्कर्षले खेल्ने र हर्ने दुवैलाई दिनरात बितेको पत्तै हुँदैन् ।

**खप्तड नाम जोडिएका केही देउडा**

**केटाः मायाले कण्डली बेडु सर्प लड्न्या लडु**

**राजाले झिकाउन आट्यो खप्तडको बडु**

केटीः सुनका बुट्टा कल्ये हान्यो खप्तड नलीनी

क्या मेरो नहुनु आयो सब माया कलिनी

केटाः खप्तडको देउ निगालो दन्तले चिरुला

झगडा पड्या डोटी जाउला धन पड्या तिरुला

केटी विरामी भई

लेककोट (आरुदलो) खोला बीचमा

केटाः पारि दाजु सल्लो चिद्दा वारि पड्या चोइला

तम्रि दि ले क्या भन्योछे भन मामु कोइला

केटीकी बहिनीः खादैन भोट्याका नुन लाग्दैन तरान

तम्रा लाग्दा मेरी दि का जादाइन परान

विरामी बाट सन्चो भएपछि

केटाः जैंल म जागर छिया डोटी लाग्दो जिल्ला

जियमा आरामै छौकी बाज सिउती मिल्ला

केटीः छान्ना पूजारीका भैंसा खप्तड बाग लागी

कसो सुच्या कसो भयो कर्ममा आग लागी

*(शब्द संकलन : धना खड्का)*

अछामीका भैंसी चर्दा खप्तडी पाटन

टाढा हैं लायाको डाको सौम्राणी साटन

अछामका तारु गाईले छान्ना, सरु खाई गई

छुटिन्या छुटिन्या बेला, बौला झल्का लाई गई

बाघबुट्टया निगाला पाइदा तम्रा रानी बन

म भन्या प्रदेश लाग्या क्या छ तम्रा मन

दशहरा राम हेर्न, हट बाइजाउँ खप्तड

त्रिवेणीका पल्लापट्टी नाग बस्न्या पत्थर

कति राम्णा फूल फूल्याका खप्तडी पाटन

यसै रैझाउँ मायाप्रिति न आयैं काल्पन

कि अग्लो तेल्यको लेक कि अग्लो खप्तड

रौप्दैछु हजारी फूल न भयैं पत्थर

स्वामीज्यूका दारीजुगाँ हिउँभन्दा सेता
डोटी जान्या बाटो भूल्ल्याँ उता जाउँकी एता
बम्बैको रैवार बोकी हुलाकी आइगया
खप्तडमीँ स्वामी छैनन् स्वर्गलोक बाइगया
*(शब्द संकलन : नन्दकृष्ण जोशी)*

खेल्या ह्वै खप्तड बाइजा पड्ड् ह्वै काँसि जा
डँडिमी ढल्कन्याँ बेला मुसुक्क हाँसिया
......................................
खप्तडकी रानी चरी, माया रैंजाउ जनम्भरी
*(शब्द संकलन : वासुदेव पाण्डेय)*

सिलगढीकी शैलेस्सरी, खप्तड मालिका
रक्षा अर्‍यै भगवति, दाइनि भ्यै कालिका
राजाले भिकाउन आट्यो खप्तडको बडु
राम हरू तमासा गरु सर्प लड्न्या लडु
खप्तडका देउ निगाला टुप्पानी ढम्मर
हानी हेल ए बाज पैतल बेडीहाल कम्मर
*(शब्द संकलन : ध्वज बहादुर कुँवर)*

लेकभैसा पौमल्याका खप्तड उदैका
अद्द देख्या माया लाग्दो अद्द रे सुदैका
*(शब्द संकलन : यमराज कुँवर)*

मालिका जोत्याका बल्ल खप्तड ब्यू छडी
साई होइजा ऐँसेलु थोपा मै हुन्छु रिञ्चडी
*(शब्द संकलन : विजय चालिसे)*

सुगन्ध छ सुर्मा फूलको खप्तड पाटन

**दिई साई हातको चिनो सम्रडी काटन**

*(शब्द संकलन : दिर्घ सिंह बोगटी)*

**जेठी नेपाल कान्छी पाल्पा मजिल्ली धनगढी**

**बाइस पाटन बाउन्न ताल खप्तड त्रिवेणी**

*(शब्द संकलन : हरिदत्त पाण्डयेय)*

### ४.४.२ ठाडीभाक्या

देउडा खेल (गीत, ताल र नाच) हो भने ठाडीभाक्या देउडाभित्रको गीत (एकल ध्वनि) मात्र हो । ठाडीभाक्या खप्तडका रैथानेहरूबीच अत्यन्तै लोकप्रिय छ । बन-पाखामा घाँस/दाउरा काटिरहदा होस् या पाखा-पखेरोमा लगाएको अन्नबाली गोडमेल गर्दैगर्दा एक सुरमा मनैदेखि कोइलीचरी जस्तै लम्ब एवं तिखा स्वरले गुञ्जिने गित नै ठाडीभाक्या हो । ठाडीभाक्यामा गाउने मान्छेले न सुन्ने मान्छेलाई देख्छ न त सुन्ने मान्छेले गाउनेलाई नै । मात्र एकोहारो सुनिन्छ । एक जना मात्र गाउने हुँदा यसको देउडाको जस्तो सामुहिक स्वर प्रकृति नभई एक एकल हुन्छ । एकै स्वरले पनि पुरै बन-जंगल र पाखा-पखेरो संगीतमय हुन्छ । ठाडीभाक्या विरह र मायाप्रितीका हुन्छन् । विशेतः ठाडीभाक्यामा 'कठै दैन !' शब्दबाट शुरु गरिन्छ । सदाबहार गुञ्जिएर बन-जंगल र पाखा-पखेरोलाई संगीतमय बनाइरहने ठाडीभाक्याको स्थान खप्तडी लोकसंस्कृतिमा निकै माथि छ ।

### ४.४.३ चैत

यो नाच, गान र बाजाको संयुक्त  समिश्रण हो । चैतमा विशेष गरी देवीदेवताको अवतारी रूप, राजा/रजौटा/वीर/साहासी/प्रशिद्ध व्यक्तिका चरित्रगाथाहरू गाइने, नाचिने र त्यसैअनुरूपको बाजाको ध्वनि निकालिन्छ ।

### ४.४.४ भारी खेल

शालिन रूपमा खेलिने भारी खेल पुरुष प्रधान खेल हो । यस खेलको प्रकृति हेर्दा खसान क्षेत्रमा विकसित भएको न्याउले खेलसँगै भारी खेलको पनि आरम्भ भएको प्रतित हुन्छ । खप्तड

क्षेत्रका धेरै बस्तीहरूमा कृष्ण अष्टमी र अनन्त्या पूनिमा भारी खेल खेलिन्छ । विषयको आरम्भ र समापनमा घण्टौ बित्ने भएकोले यसलाई भारी खेल भनिएको हो (कुवँर, २०६८ : ७६)। भारी भन्ने बित्तिकै ठूलो आकारको भन्ने जनाउँछ । सयौंको संख्यामा रहेका पुरुषहरूले हातमा मिजुरा लिएर झमझम गरी बजाउदै मिजुराको तालसँगै खुट्टाको चाल मिलाएर गोलाबद्ध स्वरूपमा खेलिने गरिन्छ ।  यस खेलमा राम/कृष्ण, देवकी तथा स्थानीय देवी/देवताका महिमा रूपी गित गाउने गरिन्छ (उपाध्याय, २०६६ : ९७)।

### ४.४.५ जौगडी

महिलाहरूले एक अर्काको हात समाएर गीत गाउदै गोलाकार रूपमा खेलिने खेल नै जौगेडी हो । यस खेलमा गाइने गीतहरूमा पनि विरह वेदनाकै छनक पाइने गरेको छ । होरी/पुतला खेल सकेपछि अन्तमा महिलाहरूले आफूले साँचेका मनका केही विरह वेदनायुक्त सपना आँसुले भिजेको वर्णन सहित जौगेडी खेल्ने गर्दछन् । यस खेलमा न्याउल्याका जस्तो ओरोदोरो (सवाल-जवाफ) हुँदैन् । एक जनी गिताउडीले गीत फाल्ने र अन्य सहभागीहरूले त्यसलाई छोपर गाउने गर्दछन् (ऐजन)।

### ४.४.६ पर्छो

विवाह, व्रतिबन्ध, छैटी, रोपाई, न्वारनजस्ता मांगलिक र उत्साहबर्द्धक शुभकार्यमा दमाई जातिको समूहले ढोलक, झ्याली, नरसिंगो, सनाई र ट्याम्को (दमाहा) सहितका बाजागाजाको तालमा खुट्टाको चाल चल्दै गोलाकार रूपमा नाचिने नृत्य/खेल नै पर्छो हो । सबैभन्दा ठूलो र सबैभन्दा बढी बज्ने ट्याम्कोलाई दाइनो भनिन्छ । ट्याम्को बजाउने काठको लौरीलाई गजा भनिन्छ । पर्छोको मूल नाइकेलाई अगिभाने भन्ने गरिन्छ । अगिभानेको निर्देशनानुसार नै अन्य सहभागीले बाजाको ताल र खुट्टाको चाल मिलाउनु पर्ने हुन्छ । पर्छोका सहभागीलाई बानादारी र एक जन अगिभानेको सहयोगीलाई साई राख्ने भनिन्छ । पर्छो कम्तिमा एक घण्टादेखि बढीमा दुई तीन घण्टासम्म ३६ वटा संगीतको रागमा खेलिन्छ  (ऐजन)।

### ४.४.७ भूवो

ऐतिहासिक र सांस्कृतिक महत्व बाकेको भूवो खेलमा सेतो जामा पगडीको पहिरन, हातमा ढाल तरवार लिएर दमाइले दमाहा बजाएको तालमा पैतालाको चाल मिलाएर भूवो खेलिन्छ

। भूवोको अर्थलाई केलाएर हेर्दा भू-पृथ्वी वो-ओगट्ने अर्थात् पृथ्वीलाई आगेट्ने भन्ने पनि बझिन्छ । आफ्नो भूमिको सुरक्षाका लागि लडिने लडाइमा ढाल र तरवारको रणकौशल सिद्ध गर्न तालिमको रूपमा सञ्चालन भएको भूवो क्रमिक रूपमा अगाडि बढ्दै सांस्कृतिक रूपमा रूपान्तरण भएको मान्न सकिन्छ । अछामका खुलाल, खप्तडीको रणकौशल प्रर्दशनमा विशेष र पछि सांस्कृतिक धरोहरका रूपमा अगाडि बढाउदै यहाँसम्म ल्याई पुऱ्याएकोमा अछामका खुलाल खप्तडी र भूवाको सम्बन्ध नङ र मासु जस्तै रहेको छ । भूवो खेलका आठ खुड्का, १६ चाल र १८ रटक वा ठाडी हुन्छन् । १६ चालहरूमा-फाँटो, कोल्टे, धान्ना, घानाको तेपया, झारखण्डी नग्रे, साङले, वान्द्रे, पूलहरी, बजुयाली, ठाडी, काँघाफाटी, चडी खुट्टे, कादेमडाई, नवाघरी र गोच्याई रहेका छन् । वर्तमानमा १ देखि ९ सम्मका चालहरू खेलिने गरिएका छन् । यसरी भूवो खेल्दा समरकारीहरू पसिना-पसिना भई थाक्ने भएकोले हरेक चालको अन्त्यमा विश्राम गरिने ताल आउने र त्यस्तो अवसर १८ पटक आउने हुन्छ । जसलाई रटक वा ठाडी भन्ने गरिएको पाइन्छ । जवानी र घाको प्रमुख विशेषता रहेको भूवोमा शत्रुसँग मुकाबिला गर्दा तरवारले हान्ने र ढालले छेक्ने गरिन्छ । बाजाद्धारा निस्किएको तालबद्ध धुनबाट नै भूवोको चाल निर्देशित हुने भएकोले भूवो खेल्ने खेलाडीहरूमा बाजाको धुनसहितको ताल बुझ्ने ज्ञान हुनुपर्दछ (ऐजन)।

### ४.४.८ हुड्क्यौंली

खप्तडी  लोकजीवनको एक महत्वपूर्ण नाच हो (चित्र : ४)। हुड्केले हुड्को बजाउदै नाच्दै र सँगसँगै जालेहरुले गाथा गान र बाजाको तालमा साथ दिने लोकखेललाई नै हुड्क्यौली भनिन्छ । देउडा गायक यज्ञराज उपाध्यायका अनुसार यो विरताको गाथा, राजा महाराजाहरूको कहानी कथा, लामो घटना ऐतिहासिक तथा सांस्कृतिक पर्वहरूको वर्णनसहित गलामा मिठासपूर्ण शक्ति भर्न सक्ने व्यक्तिले हुड्को बजाएर नृत्य गायन सहित गरिने प्रस्तुतिलाई हुडक्यौली भनिन्छ । हुडक्यौलीको प्रमुख आकर्षण  नै भारत वर्षिय गाथा र गायन हो (ऐजन)।

खप्तड क्षेत्रका धार्मिक एवं सांस्कृतिक परम्पराहरूको विशिष्ट महत्वका छन् । यस अध्यायमा प्रस्तुत धार्मिक एवं सांस्कृतिक परम्पराभित्र मौलिक चाडपर्व, धार्मिक न्याय प्रकृतिका परम्परा, परम्परागत उपचार पद्धति र लोकसंस्कृति/संगीत नै खप्तड क्षेत्रका अभौतिक सम्पदाहरूको जानकारी दिन्छ ।

## पाँचौ अध्याय

# खप्तडका भौतिक सांस्कृतिक सम्पदा

### ५.१ धार्मिक एवं पुरातात्विक स्थल

खप्तड क्षेत्र मानव सभ्यता विकासको मूल भएको तथ्य अहिलेसम्मका खोज तथा अन्वेषणहरूले प्रमाणित गरिसकेको छ । यस क्षेत्रमा प्राप्त भग्नावशेष र शेष रहेका सांस्कृतिक सम्पदाहरूले यहाँको प्राचीनता खोत्लन ठूलो महत्व राख्दछन् । विशेष गरी यस शोधअनुसन्धानमा खास खप्तडका भौतिक (मूर्त) सांस्कृतिक सम्पदाहरूमाथि अन्वेषण गरिएको छ ।

### ५.१.१ त्रिवेणी

सीतापाइलाको मन्दिरदेखि त्रिवेणी क्षेत्र शुरु हुन्छ । यो मन्दिरमा कालो शिलामा एक पाइलाको छाप छ । यस प्राचीन शिलालाई स्थानीयहरू सीतापाइलाको रूपमा पुज्दछन् । धार्मिक तथा पुरातात्विक महत्वको यस त्रिवेणी क्षेत्रको एक विशिष्ट पहिचान छ । खप्तड क्षेत्रको यस त्रिवेणीमा गंगा, जमुनाको संगम छ र सरस्वती गुप्तरूपले बीचमा मिलेकी छिन् । त्यसै स्थानको संगम प्रवाहदेखि केही टाढा सरस्वती कुण्ड(इनार)मा सरस्वतीको दर्शन हुन्छ । गंगाको जल सुकिलो र जमुनाको जल अलि कालो रङ्गको छ, त्यही अनुसार यहाँ दुई जल प्रवाह छन् । एकको नाम कालो रङ्गको सोलिङ्ग (सहस्रलिङ्ग) खोलो र अर्कोको नाम डाफ्याकोट खोलो भनिन्छ (खप्तडबाबा, २०६३ : ३६)। रैथानेहरूका अनुसार त्रिवेणीले स्वर्णगंगा, नीलगंगा र आकाशगंगाको स्वरूप लिएको हो । खप्तड बाबाले जलको रङ्ग अनुसार त्यहाँका ढुङ्गाहरू दुवै खोलामा अदल-बदल गरी दुई वर्षपछि ती दुवै थरिका ढुङ्गाहरूले खोलाको जलको रङ्ग लिएको कुरा आफ्नो पुस्तक आत्मज्ञानमा उल्लेख गरेका छन् । तिनको आकार तथा अनुमानले मात्र पत्ता लगाउन सकियो । भारतको प्रशिद्ध तीर्थस्थल प्रयागराजमा सरस्वतीको संगम गोप्यरूपले भएजस्तै यहाँ

पनि कान्छीऔंला बराबर भूमिबाट अदृश्य रूपले निस्केको मूल गंगाबाट दश हात टाढा प्राचीन धर्मशालाको सम्मुख देखिन्छ (ऐजन)। हिन्दू धर्मशास्त्र अनुसार त्रिवेणी तीर्थको रूपमा हुनुलाई दुवै जल प्रवाहको संगम भएरपछि चार गज किन नहोस उत्तरमुखी हुनु पर्ने हुन्छ, सोही लक्षण यहाँ देखिन्छ (ऐजन) । त्रिवेणीस्थित मन्दिरलाई खप्तडबाबाले एक अति प्राचीन भगवतीको मन्दिर मानेका छन् (ऐजन)। तर पूर्ण प्रकाश नेपाल 'यात्री' मतमा संगमस्थलका मध्यभागमा विष्णुको मन्दिर छ । यस मन्दिरमा शिलाभिलेख समेत उत्कीर्ण छ । यस शिलाभिलेखमा पनि स्वर्णगंगा र निलगंगाको उल्लेख गरिएको छ (यात्री, २०३३ : २२६)। वि.स. २०३८ मा भरतकेशर सिंहले बनाएको नयाँ मन्दिरपछाडि एउटा भत्किएको मन्दिरमा भगवतीको प्राचीन मूति छ (दर्नाल, २०५० : ८७)। तथापि यस शोध अध्ययनको क्रममा यात्रीले भनेजस्तो शिलाभिलेख फेला पर्न सकेन । यो मन्दिर प्राचीन भगवती वा विष्णुको हो भनेर ठम्याउने कुनै प्रमाण भेटिँदैन् (चित्र : ६)। यस मन्दिरभित्र नटराज शिव, सूर्य चक्रशिला, हनुमान, नारद र विभिन्न देवीदेवताका चित्र/आकृति कोरिएका शिलाहरू छन् (चित्र : ७)। यस मन्दिरको अघिल्तिरको भग्नावशेषले यहाँ कुनै समय ठूलो मन्दिर रहेको अनुमान गर्न सकिन्छ । कुँदिएका ढुंगा प्रयोग गरी ११' X ११' को वर्गाकार स्वरूपमा बनेको यस मन्दिरको उचाई पनि ११ फिट छ । यस मन्दिरको शिखर भागमा छत्रशिला गजुर छ । मन्दिरको छाना पनि चतुष्कोणाकार शैलीको हुनुका साथै कुँदिएका ढुंगाबाटै बनेको छ । मन्दिर २ फिट अग्लो पर्खालले घेरिएको छ । यस मन्दिरको अगाडि कुँदिएका ढुंगाहरूसहितको पुरानो मन्दिरको जगको अवशेष छ । यो मन्दिरको निमार्ण कहिले कसबाट भएको हो भन्ने यकिन प्रमाण पाइएको छैन् । यस मन्दिरको अघिल्तिरको चतुष्कोणाकार भग्नावशेषले यहाँ कुनै समय ठूलो मन्दिर रहेको अनुमान गर्न सकिन्छ । यस मन्दिरको प्रांगण अर्थात् त्रिवेणीको सम्मुखमा वि.स. २०३८ निर्मित शिव, गणेश, अन्नपूर्णा, कुमार र बसाह मूर्तिसहित जस्ताको छाना भएको सानो मन्दिर छ । पुरानो र नयाँ मन्दिरको बीचमा एउटा आधाभाग मात्र बाँचेका जीर्ण अवस्थाको अर्को मन्दिर छ । अहिलेका त्रिवेणी मन्दिरका पूजारी धुव्रराज जोशी हुन् ।

### ५.१.१.१ त्रिवेणीका सहायक मन्दिरहरू एवं अभिलेख

त्रिवेणी धाममा वारी दुई र पारी दुई गरी स-साना चारवटा शिखर शैलीका सहायक मन्दिरहरू पनि छन् (चित्र : १)। त्रिवेणीको पुरानो मन्दिरभैंं यी मन्दिरहरू एक फिट अग्लो

पर्खालले घेरिएका छन् । छानामा पत्थरजस्तै लामा ढुंगा प्रयोग गरिएका छन् । यी मन्दिरहरूमा पनि विभिन्न देवीदेउताका आकृति कोरिएका ढुंगाहरू राखिएका छन् । सहायक एक मन्दिरको ढोकाको दायाँतिरको भित्तामा अड्याएको खस लिपिको १.५ फिट चाक्लो र २ फिट लामो प्रस्तर अभिलेख छ (चित्र : ७)। ६/७ लाइन रहेका यस अभिलेखमा 'श्री' अक्षरबाहेक अरु अक्षर प्रष्ट छैन् । शिलाभिलेखमा कालो धब्बा बसेको छ ।

### ५.१.२ सहस्रलिङ्ग

सहस्रलिङ्ग खप्तड क्षेत्रको सबैभन्दा अग्लो स्थान हो । त्रिवेणीबाट दक्षिणतर्फ करिव डेढ घण्टाको हिडाईमा सहस्रलिङ्ग पुग्न सकिन्छ । करिब ३ हजार २ सय मिटरको यो खप्तड क्षेत्रको सर्वोच्च भू-भागमा एक उन्नत खालको प्राकृतिक शिला तथा तीन साना चुचुरा देखिन्छन्, पहिलो शंकर, दोस्रो पार्वती र तेस्रो गणेशको भावनाले पुजन हुन्छ (खप्तडबाबा, २०६३ : ३८)। यस विशिष्ट शिलालाई स्थानीयहरू शाङ्करी शिला भन्दछन् । शिलाको मुन्तिर हजारौं देवगणहरू छन् । यी सहश्रेश्वर यहाँ देव गन्धर्व ३३ कोटी देवताद्धारा सदा सेवित रहने हुदा यसलाई सर्वोत्तम क्षेत्र मानिन्छ । शिलाको शिखरबाट ४० फीट तल तेस्रो लाम्चो शिलामाथि हवन पूजापाठ गरिन्छ । यहाँ पूजा गर्नाले ब्रह्म हत्यासम्मको पाप नाश भई पुण्य प्राप्त हुन्छ र योग सिद्धि भई मनले चिताएको फल पाइन्छ भन्ने जनविश्वास रहदै आएको छ (ऐजन) । खप्तडबाबाको आग्रहमा वि. स. २०४० मा भरतकेशर सिंहले अभिलेख सहितको चतुर्मुखी शिवलिङ्ग, पावर्ती, गणेश र कुमारका मूर्तिहरू काठमाडौंबाट ल्याई स्थापित गरेका छन् (चित्र : ८) । गंगा दशहराको बेला दशनार्थीहरू त्रिवेणीमा स्नान गरेर सहस्रलिङ्गको दर्शन गरेर मात्र फर्किन्छन् । यहाँ श्रावणी (ऋषि तर्पणी) पूर्णिमामा मेला लाग्छ । यसका पूजारा अछाम बल्याल्तका रावलहरू हुन् भने पूजारी गोयलापानीका भोजराज रेग्मी हुन् ।

### ५.१.३ गणेशको मूर्ति

सहस्रलिंगभन्दा चार सय मिटर दक्षिण अछामतर्फको पाटनमा एक पुरानो गणेशको मूर्ति छ । खप्तड बाबाको मतमा खप्तडको एक मात्र प्राचीन मूर्ति हो (खप्तडबाबा, २०४५ : ३८)। यो मूर्तिको दायाको माथिल्लो हातमा परशु, तल्लो हातमा दन्त र बायाँको माथिल्लो हातमा अक्षयमाला, तल्लो हातमा लड्डु लिएको छ (चित्र : ९)। स्पष्ट नचिनिए पनि हातका आयुध,

ठूलो पेट र अर्ध-पर्यकासनको आधारमा यो मूर्ति गणेशको हो भन्ने प्रतित हुन्छ । यो मूर्ति करिव २ फिट चौडाई र २.५ फिट अग्लो छ । यो मूर्तिको धरैजसो भाग खिइसकेको छ । खप्तडबाबाको मत र भोजराजको डाँफेकोट राज्यलाई आधार मान्य हो भने यो मूर्ति चौधौं शताब्दी तिरको हुनु पर्दछ । अचेल यो मूर्ति गणेश पाटनमा नेपाली सेनाले बनाएको एक सानो मन्दिरमा मन्दिरमा राखिएको छ ।

### ५.१.४ खापर दहको खापरमाडौं

खापर दहलाई दह खप्तड पनि भनिन्छ । त्रिवेणीबाट ३ किलोमिटर पूर्व बाजुरा जाने बाटोमा पचास मिटर चौडा र सय मिटर लामो निकास मार्ग नभएको खापर दह अवस्थित छ । खापर कुनै सिद्ध पुरुषको नामले गाउँले जनतामा परिचित छ (खप्तडबाबा, २०६३ : ३८)। खापर दहकै किनारामा प्रशिद्ध खापरमाण्डू छ (चित्र : १०)। यो खापर मष्टाको वन थान हो । यो माण्डूको स्थापनाको बारेमा एकीन जानकारी दिने प्रमाणहरू भेट्टिएनन् । प्रमुख चार मष्टा मध्येको एक मानिने खापर मष्टो खप्तडीहरूको कुलदेवता हो भन्ने किंवदन्ती छ । खप्तडी खड्काको वंशावलीमा यस माण्डुको स्थापना कोशिक गोत्री प्रभुराजले गरेको उल्लेखबाट यो मष्टोको थान चौधौं शताब्दीसम्म प्रचलनमा आइसकेको देखिन्छ । परिशिष्ट (४) समाविष्ट वंशावलीमा जुम्ला महाराज पृथ्वी मल्लको पालामा महाराष्ट विछा वगर दक्षिणबाट कौशिक गोत्री धीर पन्धीर दुई दाजुभाई छिन्जा गड जान आएका रहेछन् । खप्तडको बाटो गरी जादा घट्ट/दह खप्तडमा बास बसेछन् । षापर देवताका शिला झोलिमा रहेछन् । त्यो दहमा ती सिला पसेछन् । त्यसैगरी गोरख राज जोशीसँग भएको वंशावलीमा प्रभुराजले डोटी गडसेरा भट्ट ब्राह्मणकी कन्या र जुम्ली राजाकी मैंया विवाह गरी खप्तडमा खापर देवता स्थापना गरी देवल बनाएको कुरा उल्लेख छ । यो माण्डुको लम्बाई २० फिट, चौडाई १२ फिट र उचाई पनि १२ फिट रहेको छ । ढुंगा-माटोको गाराले बनेको दुई पाखे पत्थरी छाना छ । धुरीलाई अड्याउन काठको ४ वटा टेको प्रयोग गरिएका छन्, उत्तरपट्टिको गारोमाथि ठूलो ढोका छ । ढोकादेखि चार फिटभित्र गवीर (गर्भगृह) छ, गर्भगृहभित्र अर्घाकार शिवलिङ्ग र यसको पूर्वतिर ढुंगाको खोपीभित्र ध्यान मुद्रामा बसेको ध्यानी बुद्ध (लोकेश्वर) स्वरूपको मूर्ति छ (चित्र : ११)। यद्यपि मूर्तिलाई विष्णु खत्रीले चर्तुबाहु भगवान् विष्णु भनेका छन् (खत्री, २०६८ : ६९)। खत्रीकै मतमा शिवलिङ्गकै पश्चिमदक्षिण नैऋत्य कोणमा सिद्धि गणेशको शिलामूर्ति, पूर्वदक्षिण आग्नेय कोणमा

सूर्यनारायण र उत्तरपश्चिम वायव्य कोणमा सिंहवाहिनी भगवतीको मूर्ति छ । पर्व पूजामा यी देवताहरूको स्नान खप्तड दहको जलले गराइन्छ (ऐजन)।

माण्डूको समिपमा एक प्रस्तरको मल्लकालिन शैलीमा निर्मित देवल छ (चित्र : १२)। त्यसभित्र कुन देवताको मूर्ति छैन् । यो देवल कहिले र कसबाट निर्माण भएको हो भन्ने कुनै जानकारी भेटिन्न । वास्तुकलाका दृष्टिकोणले शिखरशैलीमा बनेको यो देवल कुदिएका ढुंगाबाट निर्मित छ । मौलिक स्रूपमा कुनै परिवर्तन नआएको यस देवलको उचाई करिब २ मीटर रहेको छ । यस देवलको सामुन्ने तीन, चार गजको दुरीमा ४५-५० वर्ष पहिले चारपाटे काठको ढुंगाले मल्लकालीन शैलीमा बनेको हवनकुण्ड पनि थियो (ऐजन)। पछि खप्तडबाबाले वि.स. वि. २०४५ तिर ती ढुंगाहरू नदेखेको आत्मज्ञानमा लेखेका छन् । उनले प्राचीन मन्दिर त्यही हुनु पर्छ भन्ने संकेत गरेका छन् । आजभोलि सोही माण्डुलाई सार्की माण्डू पनि भनिन्छ । सार्कीहरूले नै यहाँ पूजा गर्दछन् (खप्तडबाबा, २०६३ : ३८)। सार्की हरूको भनाइ अनुसार उनका बाजेहरूले निगाला काट्न आउदा निगालाबाट रगत निस्केको  र सो रगतलाई थाम्न फाँको चपाएर बन्द गरेको श्रुति छ । उसै बेलादेखि यस माण्डूको पूजापाठ सार्कीहरूबाट चपाएको  फाँको (चामल) ले हुने रीति बसेको छ । त्यति बेला सार्कीको धामी पनि चल्छन् (ऐजन)।

**खापर मष्टोको पूजा पद्धति**

वि.स. १८६२ मा सरदार पुरन शाहले सनदमा खापरमाण्डुमा गर्नुपर्ने पूजा र त्यसको दरबन्दी तोकिदिएको छ । सो तत्कालिन माल अड्डाबाट रकम निकासा भई पूजा चल्थ्यो । नित्य नैमत्तिक पञ्चोपचार पूजा बाह्मणद्धारा गराइन्छ । विशेष पर्वहरूमा राजकीय पूजा षोडशोपचारले नायक पूजारा र ब्राह्मणले गराउँछन् । यो राजकीय पूजा छान्ना थलारा, बझाङ, अछाम, शिरकोट, जुवापानी, चुची, प्रवाका खड्काको गर्खासमेत बाजुरा, लम्गाई डोग्डचाल सबै खप्तडवासी एवम् राजाप्रजाको कल्याणको कामना राखी गरिन्छ । कुशकण्डिकासहितको यज्ञमा ‘ॐ खापरजगन्नाथयै स्वाहा’ भनी १०८ मन्त्रले हवन गरिन्छ । खापरमाण्डौंमा बलि हुँदैन, तर श्यालखाना देउघरमा तीन बोका र एक राँगोका बलि दिइन्छ (खत्री, २०६८ : ६९)। खप्तडीहरले विशेष गरी खापर मष्टोलाई अन्नत्यापूनिमा पुज्छन् । गंगा दशहरा, श्रावण पूर्णिमा, बडादशैं,

पौषपूर्णिमा र चैत्राष्टमीमा खापर देवताको पूजा गरिन्छ । यहाँ पूजा गर्दा शान्ति, समृद्धि, शुभकाल, अन्नपात वृद्धि हुने, रोगब्यधा/अरिष्ट नाश हुने, अनावृष्टि हराउने र मनोवाञ्छित फल प्राप्त भई सबैको कल्याण हुने जनविश्वास छ (ऐजन)। खापर मष्टोको अर्को शाखा बभ्फाङको पूजारी गाउँमा छ । रथानेहरू बभ्फाङ (पाटादेवल) को खापर माडौंलाई पावर्तीको पोइली घर (शिवको मूल घर) र खप्तडको माडौंलाई माइती घर भन्दछन् । खापर देवताको डोलीसहित रक्षा बन्धनमा माइती घर जाने र अनन्त्या पूनीमा पोइली फिर्ता आउने चलन छ । अहिलेका खापरमाडौंका पूजारी बभ्फाङ पूजारीगाउँका कृष्ण खड्का छन् ।

### ५.१.५ डाँफेकोट

खप्तडी खड्काको वंशावली अनुसार डाँफेकोट खप्तड राज्यको राजधानी हो (चित्र : १३)। सूर्य मल्लकी जेठी रौतेली पद्मावतीसँग विवाह गरी भोजराजले चौखुट्टेदेखि पूर्व, कर्णालीदेखि पश्चिम, लोड्या घाटदेखि उत्तर र इकिडिगाडदेखि दक्षिण येति चारकिल्ला भित्रको दाइजो पाइ राज्य गरेका थिए । यिनले खप्तडको राजधानी डाँफेकोटमा महल बनाएका थिए । रैथानेहरूका अनुसार सहश्रलिङ्गकै समीपमा अलिकति कुँदिएका ढुंगाहरूको थुप्रोलाई नै डाँफेकोट भन्दछन् । तर त्यस ठाउँमा खप्तडका जनराज भोजराजले बनाएको दरबार यही हो भन्ने कुनै पनि प्रमाण भेटिदैन् । न त त्यहाँ खप्तडी खड्काको वंशावलीमा उल्लेख भएको महलको जस्तो कुनै भग्नावशेष देखिन्छ । खप्तडभरी यस्ता ढुंगाका थुप्रोहरू धरै ठाउँमा भएकाले डाँफेकोटको स्पष्ट पहिचान हुन जरुरी छ ।

### ५.१.६ खुडली दुदुलीमाई

यो छान्ना थलाराबाट खप्तड घोडादाउने पाटन आउने मूल बाटोमा पर्छ । यहाँ खुडुली र दुदुलीका दुई थान र सँगै एउटा यज्ञ मण्डप छ । यी माई निगालोको घारीमा प्रकट भएको किम्वदन्ती छ । यहाँ सात्विक रूपमा दुधको पूजा लाग्छ । हरेक चैत्र र शारदीय अष्टिमी आदि तिथिमा होम, यज्ञ, पूजापाठ र कथा लाग्ने गरिन्छ । खुडुलीमाईको दर्शन गर्दा मनले चिताएको फल पाइने विश्वास रहिआएको छ (खत्री, २०६० : ५)।

### ५.१.७ विविध

खप्तड क्षेत्रभित्र ढुंगामा कुँदिएका चित्रकला एवं मूर्तिहरू, सर्प, हातहतियारका चित्र, टाकुरे कोट र अवशेषहरू, जुतारो र ओखलहरू पाइन्छन् (चित्र : १४)। कालपोखरा माई, असलद्धा र खप्तडकोट जस्ता धार्मिक एवं पुरातात्विक स्थलहरू पनि यहाँ छन् । यी स्थानहरूको पुरातात्विक अन्वेषण हुन भने बाँकी नै छ ।

## ५.२ खप्तड सम्बन्धी लोककथा एवं किम्बदन्ती

### ५.२.१ केदारढुंगा

बझाङ्ग, डोटी, बाजुरा र अछामको चौबाटोमा पर्ने केदारढुङ्गालाई अछामका खप्तडी रैथानेहरू जन्तढुङ्गयाको भन्दछन् (चित्र : १५)। सतिजुगमा ब्याउलो-ब्याउली र जन्तीसहितको पल्टन छल भएर ढुङ्गयाको(मूर्ति) भनिन्छ । ब्याउलो-ब्याउली, घोडा-डोला अग्लो ढुंगो र वरिपरिका स-साना ढुंगाहरूलाई जन्तीको हो भन्दछन् । यस किम्वदन्तीबाट  डोटी, अछाम, बझाङ्ग र बाजुरा चारैतिर जाने, विवाहवारी चल्ने बाटोको संकेतले पनि खप्तडभूमि प्राचीनकालदेखि नै धार्मिक र प्राकृतिक रूपमा प्रशिद्ध थियो भन्ने ठहर हुन्छ । आजकालसमेत कतिपय मानिसहरू यस खप्तड खगोलका मानिसहरू खप्तड पार गरेर नै एक जिल्लाबाट अर्को जिल्ला पुग्ने गर्दछन् ।

एकअर्को किंवदन्ती अनुसार पाँच पाण्डवका पुरोहित धौम्य ऋषिले कुरुक्षेत्रमा भएको गोत्रहत्याको पापमोचन गरी कुलको उद्धार गर्न खेस्रागिरि पर्वतमा गई भगवान् शङ्करको दर्शन पाइन्छ भन्ने कुरो दर्शाए । खप्तडमा राँगा-भैंसीको रूपमा रहेका शिव-पार्वतीलाई पाण्डवहरूले दर्शन गर्न खोज्दा शिवजी केदारढुंगामा परिणत भए । ती केदार केदार छिरे खोलामा लिय भई केदारढुंगा र त्यसको मुन्तिर प्यास मेटाउने पानीको धारा दर्शनीय छ । शिवस्वरूप केदार त्यहाँबाट भारतको उत्तराञ्चल प्रदेश केदार भन्ने ठाउँको जमिनमा धसिएर रहदा पछाडि पुच्छर मात्र पाण्डवले छुन सके । केदारको शिर पशुपतिनाथ पुग्यो भन्ने पौराणिक कथा छ (खत्री, २०५९ : ६३)।

## ५.२.२ त्रिवेणीको एक सहायक मन्दिर

भृकु गाउँका जयमल बोहराकी बुहारीलाई छाउपडी गोठबाट बाघले तानेर सयलिङ्गको देउलाको भारमा खाएको थियो । बिहान सवैतिर खोलारोडा, भीरपाखा, आफन्त, नातापाता, माइत सम्तारै खोजी सेकेपछि उनको कुनै पनि अत्तोपत्तो लागेन । यस समयसम्म गाउँका मानिसहरू ती महिलालाई बाघले लिएको निष्कर्षमा पुगीसकेका थिए । रगत, कपाल र लुछिएका कपडाका र शरीरका टुक्राटाक्रीका आधारमा धवलछडा, छिन्न्यामौऱ्या, कालापोखरा, दाखबडेला हुँदै खप्तड लिएको निशानीका पछि-पछि मानिसहरू हिड्दै गए । त्यसपछि सयलिङ्गको देउलाको भारमा ती महिलाको मृत शरिर भेटियो । त्यसपछि मेरो/हाम्रो सन्तानमा यस्तो कहिले नहोस त्रिवेणीमा मन्दिर लगाउला, शयलिङ्गमा चादीका आशागुर्ज चढाउला भन्या कबुल गऱ्यो । गरेका कबुल अनुसार स्थानीयहरूले त्रिवेणी मन्दिर लगाए र शयलिङ्गमा आशागुर्ज पनि चढाए (खड्का : वार्ता)। त्यस बखतको एकिन समयको भेउ पाउन नसकिए पनि छाउपडीलाई घरको कोठाभित्र र सुत्केरीलाई गोठमा राख्ने चलन भृकु, गुता, बल्याल्त र तुका यो अद्यापि छदैछ । यद्यपि यी गाउँ बाहेक सबै खप्तड क्षेत्रमा रजस्वला भएकी महिलाले छाउपडी गोठमा बस्नुपर्ने बाध्यता अहिलेसम्म विद्यमान छ ।

## ४.२.३ खापर देवता

गोरखराज रेग्मीसँग रहेको ताडपत्र अनुसार रेग्मी वंशावलीका ९९ पुस्ताका 'विलम्बण' सम्पूर्ण शास्त्रका ज्ञाता थिए । यिनकी पत्नी भानमताका गर्भबाट जोतिषशास्त्र विरासद 'बाणवल' जन्मे । बाणबलका समयमा सन्तान नभएकाले पत्नीसहित तीर्थ गर्न जादा जगन्नाथ जगन्नाथ पुग्दा बाटामा खापरेश्वर नामक बालक देखा परे । स्नेहवश त्यो बालक श्रीमती बालवणका काखमा बस्ने बित्तिकै शिला भएकाले त्यो शिलासँगै लिएर तीर्थाटन गरे । पछि समस्त कौशिक गोत्रीय खप्तडीका आराध्य इष्टदेवता खापडजगन्नाथ र खापरमष्ट नामले प्रशिद्ध भएर सर्वपूज्य भएका छन् (यात्री, २०३५ : ३५५)।

खप्तड डोटी, अछाम, बझाङ र बाजुरा गरी चारै जिल्लाका रैथानेहरूको पुज्य भूमि हो । यस पवित्र भूमिका ढुंगाहरूमा पनि देवी-देउता वास गर्छन् । खप्तड प्रथानका चारैतिर मल्लकालिन देवालय छन् । त्रिवेणी, खापरमाडौं र गणेशमूर्ति, सहस्रलिङ्ग र ओखल जस्ता भौतिक सम्पदाहरूको पुरातात्विक एवम् सांस्कृतिक निशानीले खप्तडको आंशिक इतिहासलाई ओकल्दछन् । त्यसले आजको आवश्यकता भनेको नै खप्तड सभ्यताको सिंगो इतिहास पहिल्यान खप्तड क्षेत्रको पुरातात्विक अन्वेषण हुनु हो ।

## अध्याय छैठौं

# खप्तडबाबा र खप्तड क्षेत्रको पर्यटन

डोटेली शब्दकोशमा खप्तड लेकलाई विवाह पश्चात शिव-पार्वतीले मधु-मास मनाएको क्षेत्र, प्रकृतिको जीवित संग्राहलय एवं देवभूमि, सिद्धभूमि र भूस्वर्ग को रूपमा व्याख्या गरिएको छ (चटौत, २०५८ : ३६) । सिद्धश्राम खप्तडको सेरोफरोमा सीताराम बाबा, मखनचोर बाबा, लंगुरेबाबा (लङ्गौटी बाबा) नामक बाबाहरूले साधना गरेका थिए (भण्डारी, २०६४ : ३६२)। सम्वत् २००० पछि श्री १००८ स्वामी सचिदानन्द सरस्वती खप्तडलाई आफ्नो तपस्याभूमि बनाई खप्तडबाबाको नामले परिचित बन्न पुगे (चित्र : १६)।

### ६.१ खप्तडबाबाको संक्षिप्त जीवनी

खप्तडबाबाको संन्यास दीक्षाको नाम श्री १००८ स्वामी सचिदानन्द सरस्वती (परमहंस परिव्राजकाचार्य योगीराज-श्रोत्रिय ब्रह्मनिष्ठ) हो (रिसाल, २०६० : ८६)। जम्बु कश्मीरको खास जम्बु सहरमा माता गौरी, पिता जनक शर्माको एक मात्र पुत्र भएर जन्मेका यिनको खास नाम शिवनाथ डोग्रा हो (प्रपन्नाचार्य, २०५४ : ७)। शिवनाथ डोग्रा जम्मूका डोग्रा ब्राह्मण थिए । त्यसबेलाको जम्मू सहरमा साधारण शिक्षा हासिल गरेपछि पिता जनक शर्माले शिक्षा दिनका लागि कलकत्ता पुऱ्याए । कलकत्तामा १० वर्ष बसेर मातापिताको रेखदेखमा इन्टरसम्मको शिक्षा हासिल गरेपछि शिवनाथ डोग्रा एम.वी.वी.एस. पढ्नको लागि बेलायत गए (ऐजन)। बेलायतमा ९ वर्षसम्म पढेर सो पास गरी आफ्नै जन्मभूमि जम्बु कश्मीर फर्के । त्यसपछि जम्बु शहरको टवी नदिको किनारैमा आफ्नो डाक्टर लाइनबाट एउटा औषधालय खोलेर १० वर्षसम्म चलाई लाखौं रूपैंयाँ आम्दानी गरे । तर त्यो सम्पतिले शिवनाथलाई सन्तोष दिएन र मातापितालाई त्यो सम्पत्ति छोडेर आमाबाबुका एक्लो छोरा शिवनाथ दक्षिण भारतको यात्रामा लागे (ऐजन)।

यद्यपि खप्तडबाबाले संन्यास ग्रहण गर्दाको रहस्य प्रंसग भने यस्तो सुनिन्छ । सधैजसो टवी नदीको किनारैको आफ्नै औषधालयमा विरामीको औषधोपचार सेवा गरी दिनु  नै शिवनाथ

डोग्राको दिन चर्या थियो । उपचार सेवाको सिलसिलामा एक दिन सासुससुराबाट अपहेलित विधवा महिला (ज्याला मजदुर) एक मात्र साहारा बालक बिरामी छोरालाई औषधी गर्न आइन । तर उपचार गर्दागदै बालकको मृत्यु भएको डा. शिवनाथ डोग्राले घोषणा गरे । जीवनको एक मात्र सहारा खोसिएपछि ती महिला छोराको लास समाउदै जोर-जोरले रुन थालिन । डाक्टरकै पोशाकमा शिवनाथले ती महिलाई सम्झाउदै गर्दा संयोगवश त्यस औषधालयको आगनमा एक जोगी आइपुगे । ती महिलाले पाउमा पर्दै छोराको जीवन रक्षाको लागि जोगीलाई पुकार्न थालिन । त्यो जोगीले मनमनै मन्त्र जपन गरी कमण्डलुबाट जल छर्केर मृत बालकलाई पुर्नजीवन दियो । त्यसपछि त्यो जोगी कता लाग्यो कसैलाई केही थाहा भएन । शिवनाथ डोग्रामा वैराग्य उत्पन्न भयो । घर, परिवार, सम्पत्ति र सर्वस्व त्यागेर उनीले सन्यासी जीवन प्रारम्भ गरे । डा. स्वामी प्रपन्नाचार्यले २०४४ साल लिएको अन्तर्वार्ता खप्तबाबा स्मारिका २०५४ नामक पुस्तकमा छापिएका खप्तडबाबाका शब्दावलीहरू जस्ताको तस्तै :

तर त्यसले मलाई सन्तोष दिएन, मेरो मनको व्यथा अर्को थियो । धन-सम्पत्ति र पारिवारिक जीवनमा मैले शान्ति देखिनँ, त्यसैले १० वर्षसम्म कमाएको लाखौंको सम्पत्ति मातापितालाई छोडेर साँचो गुरुको खोजमा निक्लिएँ । दैवसन्जोगले दक्षिण भारतको यात्रा गर्दै जाँदा आद्यजगत्गुरु शंकराचार्यको गद्दी श्रृंगेरी मठमा पुगे । त्यसैबेला शान्तानन्द सरस्वतीबाट मैले ब्रह्मचारी दीक्षा लिएँ र उनैको आज्ञाले वाराणसीमा संस्कृत पढ्न आएँ । तर स्वामी शान्तानन्दजी सरस्वतीको २ वर्षसम्म सेवा गरेपछि आज्ञा पाएँ । सेवा गरेको फलस्वरूप संस्कृत पढ्न वनारस पुगेको थिएँ । वनारसमा गौमठमा तथा तारकेश्वरमा मठ आदिमा बसोबास गरेर क्वीन्स कालेजमा वेद, उपनिषद् तथा शाङ्कर वेदान्त आदिको १२ वर्षभित्र अध्ययन गरेर सिध्याएँ । त्यसपछि फेरि फर्केर उही दक्षिणी भारत श्रृंगेरी पीठमा पुगेँ । त्यसपछि श्री १०८ स्वामी शान्तानन्दजीबाट सरस्वतीनामा सन्यास दीक्षा लिएपछि मेरो नाम स्वामी सच्चिदानन्द सरस्वती गुरुले राखिदिनुभयो । त्यसपछि जीवनको आनन्द लिनका लागि, आत्मतत्व बुझ्नका लागि म उत्तराखण्डको यात्रामा निक्लेँ । काश्मिरको अमरनाथ, गढवाल, बदरीनाथ, केदारनाथ आदि भ्रमण गर्दै जाँदा कुमाउको गुणमुक्तेश्वरमा २० वर्ष बसेँ । त्यहाँ बस्दा प्रशिद्ध हेडारखाँनबाबा र उनैका चेला लाहडी महाशय आदिसँग साक्षात्कार र सत्संग भयो । त्यसपछि अल्मोडा जिल्लाको रानीखेत भन्ने ठाउँमा हेडारखाँनबाबासँग सत्संग गर्दै ६ वर्षसम्म बसेँ । त्यसपछि नेपालको

यात्रा गर्ने क्रममा मनीराम (मन)ले उद्धिग्न पाऱ्यो । अनि म नेपालतिर लागेँ । घुम्दै फिर्दै जाँदा सबैभन्दा पहिले बङ्गालको दार्जिलिङ्ग हुँदै फिक्कल हाँसपोखरीको  जंगलमा बस्न पुगेँ । त्यहाँ म ५ वर्षसम्म बसेँ । त्यसै अवसरमा कर्फोक स्वामी सोमेश्वरानन्द गिरीसँग पुवाखोलामा आफ्नै नाम गरेको स्वामी डाँडामा म पुगेँ । स्वामीजी त्यसबेला स्वामीडाँडामा निवास गर्नुहुन्थ्यो । त्यहाँबाट म पश्चिम तिर लागेँ । घुम्दै आउँदा ताप्लेजुङ्गको पाथीभारा देवीको स्थानमा पुगेँ । पाथीभारामा म १० वर्ष बसेँ । त्यसपछि अझ पश्चिमतिर लागेँ । आउँदै गर्दा कालिञ्चोकको हिमालय मलाई राम्रो लाग्यो र बस्ने इच्छा लाग्यो । त्यो कालिञ्चोकमा ११ वर्ष बसेँ । त्यसपछि घुम्दैफिर्दै जुम्ला पुगेँ । जुम्लाको गणेशस्थानमा १ वर्षसम्म बसेँ । तर त्यहाँ बस्दा बडा हाकिम कृष्ण विक्रमको एउटै छोरा पद्मविक्रमको अचानक मृत्यु भयो । त्यसैले बूढाबूढी दिनैपिच्छे मकहाँ आएर रुन थाले । आखिर मैले जुम्ला छोड्न करै लाग्यो र जुम्ला छोडेर दुल्लु धुलेश्वर महादेवमा ६ महिना बसेँ । यो वि.स. २००० तिरको कुरा हो । यसरी घुम्दै जाँदा पश्चिम नेपाल बझाङ पुगेँ । बझाङका राजा रामजङ्गसँग मैले तपस्या गर्न लायक जग्गाको चुनाव गर्नलाई भनेँ । राजा रामजङ्गले २ वटा घोडा र १० जना भरिया लगाएर खप्तडको लेकको मैदानमा वैशाखको महिना तम्बु कसी व्यवस्था मिलाइदिए । धेरै महिनासम्म घुमेर चुनाव गर्दा मलाई यही स्थान मन पऱ्यो र यस खप्तडमा बसेको पनि ४५ वर्ष भइ सक्यो (प्रपन्नाचार्य, २०५४ : ७/८)। यी स्वामी खप्तडमा आगमनपूर्व तिब्रीकोट त्रिपुरासुन्दरीको मन्दिरमा ५ महिना, मुगुशयन गाउँको छायानाथ हिडी मोक्षको मन्दिरमा ५ महिना र कालिकोटको चिल्खामा ५ महिनासम्म बसेका थिए (ऐजन)।

खप्तडस्वामीले वि.स. २००३ देखि देहसान अघि वि.स. २०५३ सम्मका ५० वर्ष खप्तडमा विताए । उनी खप्तडमा हिउँपरेपछि जाडो छल्न बझाङका गाउँबेसी (धारुगाउँ, छान्ना, ठानाकोट टीका) गई बस्दथे । त्यहाँ पनि स्वामी आएको थाहा पाएर टाढाका बिरामीहरू उपाचार सेवाका लागि आउँथ्ये । खप्तडस्वामीको बढ्दो लोकप्रियतासँगै ४० को दशकपछि त काठमाडौं आवत-जावतको क्रम निकै बृद्धि भयो । प्रत्येक कुम्भ, अर्धकुम्भमा कहिले प्रयाग त कहिले हरिद्धार जान पनि छुटाउँदैनन् थिए । जीवनको अन्तिम घडीमा खप्तडबाबा शरीरको ब्याट्री चार्ज गर्न जान्छु भनी काठमाडौबाट हेलिकप्टरमार्फत खप्तड पुगे । खप्तडमा स्वामीको स्थिति झन्झन् क्षीण बन्दै गरेको अवस्थामा पनि उनमा आफ्नो साधनाभूमि खप्तडप्रतिको

माया औधी झल्किन्थ्यो । भनिन्छ, हेलिकप्टरमा सवार केही भक्तहरूले उनको हातलाई समातेर स्वास्थ्य उपचारका लागि काठमाडौं जाउ भन्दा उनी आफ्नो कुटीको पाखो थेग्ने काठको खम्बामा मलाई खप्तडमा नै मर्न देऊ भनेर अन्तिम विलाप गर्दै थिए । धेरै बेरको करकाँपपछि मात्रै स्वामीले आफूलाई काठमाडौं लैजान मञ्जुरी दिए । हेलिकप्टर काठमाडौं पुग्दानपुग्दै खप्तड पुगेको सातौ दिन वि.स. २०५३ बैशाख २७ गते रिडीको कृष्णागण्डकीमाथिको आकाशमा खप्तडस्वामीले देह त्याग गरे । उनको पार्थिव शरीरलाई राजकीय सम्मानका साथ काठमाडौंको बूढानीलकण्ठ (स्वामीभक्त रविन्द्रप्रसाद प्रधानले बनाइदिएको खप्तडबाबा कुटी आश्रमकै प्रांगण) मा समाधिस्थ गरियो ।

### ६.१.१ स्वामीकुटी

वि.स. २००३ तिर स्वामी गोठान खरकलाई नै आश्रम बनाइ बसें । करिब एक वर्षको अन्तरालपछि सिद्धाश्रमको सेरोफरोमा बझाङी राजा रामजंगबहादुर सिंहले छान्नावासीको सहयोगमा बनाएको स्थानीय कला-कौशलानुरूपको ढुंगाको गारोयुक्त एक तले २ पाखे पत्थरी छानायुक्त कुटीमा बस्न थाले (चित्र : १६)। यो कुटी १०,२७५ फिटको उचाँईमा अवस्थित छ । हिमाच्छादित मौसममा न्यानो हुन कुटीभित्र एक साधना गुफा पनि बनाइएको छ । कुटीको आगनमा तरकारी खेती, फूलबारी र हेलिप्याड निर्माण गरिएको छ । कुटीभित्र स्वामीले प्रयोग गरेका सामाग्रहरू छन् । यो भन्दा केही तल खप्तडस्वामीबाट नै रोपिएका स्याउका बोटहरू छन् । कुटीको सात सय मीटर पूर्व-दक्षिण पानीको धारा छ । कुटीकै समीपमा स्वामीको भान्छा (पाहुना तथा कुरुवा बस्ने) घर छ (खत्री, २०६८ : २७/२८)।

### ६.१.२ खप्तडबाबाको जीवन पद्धति र दिनचर्या

खप्तडबाबा गेरु वस्त्रको भोटो, सानो धोती, कछाड, घाटीमा रुद्राक्षको माला, सानो रुमालले कान छोपिने गरी बाध्ने, एक गेरु रंगको पस्मिना र उनको टोपी लगाउथे (खत्री, २०५४ : १८)। वर्षामास हरेक दिन बिहान ब्रह्म मुहूर्तमै उठी न्यास ध्यान पुरा गरी घाम लागेपछि ८ बजेदेखि २ बजेसम्म जनसम्पर्क तथा भेटघाट गर्दथे । हिउँदमास हिमपातले आवत-जावत बन्द हुने हुदा एक्लै अध्ययन, चिन्तन, योग साधाना गर्नु उनको दिनचर्या थियो । हरेक हिउँदमा अठार पुराणमध्ये एक/एक पुराण पढ्थे । एउटा लामो खम्बा गाडी हिउँ मापन

गदर्थे । बाबाको कुटी आसपास सात हातसम्म हिउँ जम्ने गर्थ्यो । बढी हिउ पर्दा उनी कुटी भित्रको गुफामा बास गदर्थे । श्रद्धाको प्रसादलाई मात्र ग्रहण गरे पनि उनले कसैलाई चेलाचपेटा बनाउने र पराभिमुखी भएर भिक्षा लिने काम गरेनन् (ऐजन)। खप्तड क्षेत्र आसपासका गाउँघरमा यज्ञ, पूजा आदि धार्मिक कार्यहरूको निमन्त्रणा सहभागी हुन्थे ।

### ६.१.३ चिकित्सक व्यक्तित्व

खप्तडबाबाको छिटो लोकप्रिय हासिल गर्नुको प्रमुख कारण उनको चिकित्सक व्यक्तित्व नै हो । बिरामीलाई स्वामीजीले औषधी दिएपछि रामवाणजस्तै भई सन्चो हुन्थ्यो । त्यसैले स्थानीयहरू गोठालाहरू वैद्य स्वामी भन्ने गर्थे (ऐजन)। खप्तडको जडीबुटी वैद्यनाथ शिवले सर्वप्रथम प्रयोग गरेको पौराणिक कथन छ । वैद्य स्वामीजीले दिएको खप्तडको जडीबुटीको औषधी रामवाणजस्तै हुन्छ भन्ने हल्ला जताततै फैलिएपछि बिरामीहरूको घुइँचो विकट खप्तड कुटीमा बढ्न लाग्यो । औषधोपचारमा यथाशक्य जडीबुटी आयुर्वेदका साथै ऐलोप्याथी औषधी, इन्जेक्सन आदिको पनि प्रयोग गर्दथे । ठूल्ठूला डाक्टर तथा अस्पतालबाट असम्भव मानिएका, टाढा-टाढाबाट आएका कतिपय निःसहाय बिरामीहरूले खप्तडस्वामीको औषधीबाट जीवनदान पाएका छन् (ऐजन)।

### ६.१.४ अन्तर्यामी र दार्शनिक व्यक्तित्व

खप्तड क्षेत्रका गोठालाहरूमाझ खप्तडस्वामी बोल्ने देवता देवताका रूपमा परिचित थिए । कुनै पनि मानिसले जिज्ञासा राख्नुभन्दा अगाडि नै उसको जिज्ञासा र समाधानको उपाय बताई दिने अन्तर्यामी सामर्थ्य खप्तडबाबासँग थियो । भूत र भविष्यका बारेमा भन्न सक्ने खुबीका कारण नै स्वामी रैथाने गोठाला एवं भक्तजनहरूका बीच बोल्ने देवताका रूपमा प्रशिद्ध थिए । खप्तडबाबामा हिन्दू धर्मदर्शनका एक असल चिन्तक पनि थिए । हिन्दू धर्मदर्शनप्रतिको गहिरो श्रद्धाले उनले धर्मविज्ञान, विचार विज्ञान, स्वास्थ्य विज्ञान र आरोग्य विज्ञान गरी दर्जन भन्दा बढी कृतिहरूको रचना गरे ।

### ६.१.५ खप्तड क्षेत्रको विकासमा योगदान

वि.स. २०२० मा तत्कालिन मन्त्री परिषद्का अध्यक्ष सूर्य बहादुर थापा, मन्त्री खड्ग बहादुर सिंह र क्याप्टेन रवीन्द्र प्रसाद प्रधानको टोली गंगा दशहरामा मेला तथा बाबाको दर्शन

गर्ने उद्देश्यले हेलिकप्टरबाट खप्तड पुगेको थियो । वि.स. २०२३ सालमा राजा महेन्द्रले बझाङ भूकम्प पिडित क्षेत्रको निरीक्षणको सिलसिलामा सबैभन्दा पहिला घोडादाउना पाटनमा खप्तडबाबासँग दर्शन भेट गरेका थिए (ऐजन)। राजासँगको पहिलो भेटपछि २०२३ सालमा जडीबुटी कार्यालयको स्थापना भई जडिबुटीको खेती गर्ने काम थालियो । राजा महेन्द्रको निधनपछि राजा विरेन्द्र र रानी ऐश्वर्यको पनि बाबासँग खप्तड-काठमाडौंमा बारम्बार दर्शनभेट भइरहन्थ्यो । बाबाकै आग्रहमा २०४० सालमा खप्तड राष्ट्रिय निकुञ्जको र शान्ति सुरक्षार्थ सेनाको ब्यारेक स्थापना भयो (ऐजन)। २०३८ सालमा राजा वीरेन्द्रले बाबाको इच्छा बमोजिम त्रिवेणी घाटको जिर्णोद्धार, शिव, गणेश, अन्नपूर्णा बसाहसहित नव मन्दिरको स्थापना, सहस्रलिङ्गमा पनि शिव, पार्वती, गणेश, कुमार र बसाहको मूर्ति प्रतिस्थापन गरिदिए । आगन्तुक एवं तीर्थयात्रीहरूका लागि केदार ढुंगाको समिपमा तीन वटा धर्मशाला (अतिथिगृह) निर्माण भएका छन् ।

### ६.१.६ खप्तडबाबाका प्रकाशित ग्रन्थहरूको सारसंक्षेप

**(क) विचार विज्ञान** (वि.स. २०३४)

विचार विज्ञान बाबाको पहिलो प्रकाशित पुस्तक हो । यो पुस्तकमा 'विचार केहो ?' भन्नेदेखि लिएर विचारबाट सर्व-कार्यसिद्धि शीर्षकका दश र थुप्रै उपशीर्षकका स्वतन्त्र, विश्लेषणात्मक, विचारोत्तेजक निबन्धहरू यो पुस्तकका विषयवस्तु हुन् । सदा-सर्वदा उत्तम विचार मात्र गर्नुपर्छ । उज्यालो दृष्टिकोण, आशावादी धारणा, कल्याणकारी कामना, उपकारपरक चिन्तन, उर्ध्वगामी मनन गर्ने अभ्यास भयो भने त्यस्ता विचारकका जीवनमा सदा उज्यालो हुन्छ भन्ने पक्षमा खप्तडस्वामीले यस पुस्तकमा अभिमत प्रस्तुत गरेका छन् । 'बीज जति सुक्ष्म र लचिलो छ त्यो बिज त्यति वेगवान पनि छ' यो नै विचार विज्ञानको सार हो । विचार विज्ञान हिन्दी, नेपाली र अंग्रेजी संस्करणमा प्रकाशित छ (रिसाल, २०६० : ९२)। विचार-विज्ञान अनुसार जसका विचार सदा प्रसन्नताले पूर्ण छन् र ईश्वरतिर लागि रहन्छन्, त्यसैले सदा उन्नति गर्दै जान्छ र जो सदा शोकपूर्ण र ईश्वरबाट विमुख रहन्छ उसको अध-पतनमा सन्देह छैन् । …प्रत्येक विचार वृक्षको एउटा सानो बीजको सम्पन्न हुन्छ जसमा महान् वृक्षलाई उत्पन्न गर्ने शक्ति भरिएको हुन्छ (खप्तडबाबा, २०३४ : ६०-६१)।

**(ख) म र मेरो कर्तव्य** (वि.स. २०३४)

आकारमा सानो यो पुस्तक विभिन्न संस्करणमा नेपाली र हिन्दी भाषामा प्रकाशित पुस्तक छ । यस लघु ग्रन्थमा वेदान्त-दर्शन र व्यावहारिक जीवनलाई राम्रोसँग विश्लेषण गरिएको छ । मानिसले आफूलाई वेदान्त दर्शनानुसार चिनाएर आफ्नो कर्तव्य बोध गराइएको छ । खप्तडस्वामीले यसमा आफूले आफूलाई आत्मा, ब्रह्म, चैतन्य, भनी त्यसैमा अड्नु, जन्म-मृत्युदेखि पार हुनु मोक्षावस्थामा पुग्नु जीवनमुक्तिको सुखानुभूति गर्नुपर्छ- यही नै 'मेरो कर्तव्य हो' भनी विभिन्न शास्त्रीय प्रमाणहरू पेश गरेका छन् । आफूलाई चिनाउन र कर्तव्य बोध गराउन शिक्षामा धार्मिक भावना ल्याउनुपर्छ भन्ने सन्देश पुस्तकले दिएको छ (रिसाल, २०६० : ९२-१०१)।

**(ग) स्वास्थ्य विज्ञान** (वि.स. २०४०)

स्वास्थ्य विज्ञान दुई भागमा विभाजित छ । पहिलो भागमा 'धर्मका लागि धर्मपूर्वक शरीरको रक्षा' देखि 'अत्यन्त मोटा व्यक्तिका लागि पथ्यापथ्य' शीर्षकका एक्काइस र उपशीर्षकका थुप्रै विषयवस्तुहरूको विवेचना पाइन्छ भने दास्रो भागमा 'मनुष्यको परम आयु' देखि 'शिरोरोग'-सम्मका चौध मूलशीर्षक अन्तर्गत थुप्रै उपशीर्षकमा अनेक प्रकारका रोगहरू र तिनका उपचार विधि र औषधीहरू दिइएका छन् । यो ग्रन्थ पूर्ण मात्रामा चिकित्सा-विज्ञानसँग सम्बन्धित भएकोले प्रस्तुति पूर्ण मात्रामा वैज्ञानिक खालको छ । यसको आधार आयुर्वेद शास्त्र हो- चरक, सुश्रुत हो । त्यसै काराण आजको वैज्ञानिक युगमा पनि हाम्रा प्राचीन आयुर्वेदाचार्यहरूले निदान र निर्णय गरी चिकित्सा पद्धतिको विकास गरेको प्रविधिलाई अझ उजागर गर्नु यस ग्रन्थको उद्देश्य हो (ऐजन)।

**(घ) नारी धर्म तथा पुरुष धर्म** (वि.स. २०४४)

यस पुस्तकमा हिन्दुधर्म शास्त्र अनुसार गृहस्थाश्रममा रहेका स्त्री-पुरुष (पति-पत्नी) को परस्परमा के कस्तो कर्तव्य पालना गर्नुपर्छ ? भन्ने सम्बन्धमा वेद, उपनिषद्, धर्मशास्त्र, योगावशिष्ठ आदि आधिकारिक शास्त्रका आधारमा विस्तृत विवेचना गरिएको छ । २८ शीर्षकमा खण्डित पृष्ठको यो लघुकाव्यको पछिल्लो आधा भागमा भगवती सती, भगवती उमा, सती सावित्री, सती दमयन्त, पतिप्राण, पतिव्रता, आदर्श माता र महालसा जीवनी दृष्टान्तहरू समावेश गरिएका छन् (ऐजन)।

**(ङ) धर्म-विज्ञान -प्रथम खण्ड** (वि.स. २०४४), **द्धितिय खण्ड** (वि.स. २०४५), **तृतीय खण्ड** (वि.स. २०४५), **चतुर्थ खण्ड** (वि.स. २०४७) **र सारसंक्षेप** (वि.स. २०५३)

खप्तडबाबाको धर्म-विज्ञान ग्रन्थ पाँच खण्डमा पाँच पुस्ताकार स्वरूपमा विभक्त छ । खप्तडबाबाले यस ग्रन्थको माध्यमबाट मौलिक संस्कृत ग्रन्थहरूको सारतत्वलाई आधुनिक भाषामा नयाँ पुस्तालाई आफ्नो धर्म र संस्कृति बारे सन्देश सञ्चार गर्न खोजेका छन् । यसमा आफ्नो मौलिक धर्म-संस्कृति रक्षाका लागि एक वैज्ञानिक उद्घोष गरिएको छ । धर्म-विज्ञान सबै खण्डहरूमा सामाविष्ट गरिएको खप्तडबाबाको 'यस पुस्तकको संकलन- सम्पादनको प्रेरणा कहिले किन र कसरी ?' शीर्षकको लामो वास्तविक घटनामा आधारित कथात्मक प्रस्तुतिले पुस्तकको आवश्यकता र उद्देश्यलाई राम्रोसँग औंल्याइएको छ । खप्तडबाबाबाट धर्म दुई भागमा विभाजित छ । सामान्य धर्म र विशेष धर्म । यी दुवै धर्मका विषयमा विस्तृत संकलन, सम्पादन, लेखन, स्पष्टिकरण र विस्तृतीकरण गरी धर्म-विज्ञान (प्रथम खण्ड) निमार्ण गरिएको छ । धर्मको अर्को महत्वपूर्ण र अत्यन्त उल्लेख्य स्वरूप हो परमधर्म । परम धर्मलाई तीन खण्डमा विभाजन गरिएको छ । धर्म-विज्ञानको द्धितिय खण्डमा परमधर्मको भक्तियोग समावेस गरिएको छ भने धर्म-विज्ञान (तृतीय खण्ड) अस्टाङ्गयोगले भरिपूर्ण छ । चतुर्थ खण्ड, परम धर्मको अन्तिम र सबभन्दा उत्कृष्ट किंवा सर्वश्रेष्ठ पक्ष ज्ञानयोगले भरिभराउ छ (ऐजन)।

संक्षेपमा भन्नुपर्दा धर्म-विज्ञानको पहिलो खण्ड कर्मपरक, द्धितीय खण्ड भक्ति किंवा उपासनापरक, तेस्रो खण्ड योग दर्शन, चतुर्थ खण्ड वेदान्तपरक-अद्धैतात्मज्ञानपरक र सारसंक्षेप चारै खण्डको सार हो (ऐजन)। खप्तडबाबाद्धारा रचित यस धर्म-विज्ञानका व्यख्यता प्रा. शिवगोपाल रिसालका अनुसार धर्म र आध्यात्मको क्षेत्रमा  नेपाली वाङमयमा  नै यति विस्तृत, यति आधिकारिक, यति विशाल ग्रन्थ लेखिएका थिएनन्, आजसम्म छैनन् पनि । यी ग्रन्थहरूले नेपाली भाषको धार्मिक/आध्यात्मिक इतिहासलाई जीवन्तता प्रदान गरेका छन् (ऐजन)।

**(च) आत्मज्ञान** (वि.स. २०५५)

यस ग्रन्थमा आत्मज्ञान, शिक्षामाथि केही विचार, आचार तथा विचार, स्वास्थ्यका विषयमा र खप्तड परिचय गरी मूल विषयवस्तुका पाँच अध्यायहरू समाविष्ट छन् । खप्तडबाबाले खप्तड क्षेत्रमा लेखेको यो एक मात्र कृति हो । आत्मज्ञानको पाँचौ अध्यायमा

खप्तड परिचय, खप्तडको भौगोलिक स्थिति, खप्तड राष्ट्रिय निकुञ्ज, वनस्पति र वन्यजन्तु, निकुञ्ज र पर्यटन केन्द्र, धार्मिक तथा सांस्कृतिक महत्व, पार्थिव तीर्थ, जलीय तीर्थ, जंगम तीर्थ, खप्तडका धार्मिक स्थानहरू- त्रिवेणी, सहस्रलिङ्ग र खापर दह सम्बन्धी प्रकाश पारिएको छ ।

**(छ) वेदान्त-विज्ञान** (वि.स. २०६०)

परमधर्म अन्तर्गतको ज्ञान योगको सारसंक्षेप हो, वेदान्त विज्ञान । यो ग्रन्थ मूल ग्रन्थ धर्म-विज्ञान (चतुर्थ खण्ड) बाट संकलन उद्धरण, संक्षेपीकरण, सम्पादन गरिएको अंश हो । यो ग्रन्थ अंग्रेजी संस्करणमा पनि उपलब्ध छ ।

**(ज) योग-विज्ञान** (वि.स. २०६०)

खप्तडबाबाको मृत्युपश्चात खप्तड आश्रममा आत्मज्ञान पछि फेला परेको यो दोस्रो कृति हो । ५६ पृष्ठको यस ग्रन्थमा योगका खास-खास पक्षमा गम्भीरतापूर्वक व्यवहारिक पक्षहरूलाई उजागर गरिएको छ । योग साधनाविधिदेखि चित्तमा आत्माको अन्वेषणसम्म ४५ वटा शीर्षकमा योगसँग सम्बन्धीत विषयवस्तुहरूको सप्रसङ्ग व्याख्या गरिएको छ । यो पुस्तकको अंग्रेजी संस्करणमा पनि उपलब्ध छ ।

**(झ) आरोग्य विज्ञान** (वि.स. २०६४)

आरोग्य विज्ञान हालसम्म प्रकाशितहरूमध्ये सबैभन्दा पछिल्लो ग्रन्थ अन्तर्गत पर्दछ । तीन खण्डमा विभाजित ५८० पृष्ठको आयुर्वेद पद्धतिमा आधारित यस ग्रन्थमा रोगको निदान, उपचार पद्धति, औषधीको पहिचान, त्यसको प्रयोग एवं परिणामको विषयमा प्रकाश पारिएको छ । ग्रन्थभित्र करिब ६०० रोग र त्यसको चिकित्साबारे उल्लेख छ ।

## ६.२ खप्तड क्षेत्रको पर्यटन

खप्तड क्षेत्रलाई सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको पर्यटन राजधानी मानिन्छ । यस खप्तड क्षेत्रको पर्यटन शीर्षकमा पर्यटनको वर्तमान अवस्था, भौतिक पूर्वाधार तथा विकासको रूपरेखा, सम्पदा, पर्यटनयोग्य क्रियाकलाप, पर्यटन गन्तव्य, सम्भावना र नीति तथा कार्यक्रमको बारे अध्ययन गरिने छ ।

### ६.२.१ पर्यटनको वर्तमान अवस्था

पर्यटनको हिसाबले यस खप्तड क्षेत्रलाई सुदूर पश्चिमको राजधानी मानिन्छ । स्कन्दपुराणको मानसखण्डले यस क्षेत्रलाई शिव-पार्वतीको क्रिडास्थलको रूपमा चित्रण गरेको छ । खप्तड क्षेत्र चारै जिल्लाका रथाने गोठालाहरूको गोठानका रूपमा परिचित छ । बैशाखदेखि भाद्रसम्म गाई, भैसी, भेडा, बाख्रा र घोडाको चरिचरन हुन्छ । खप्तड राष्ट्रिय निकुञ्ज अभिलेखानुसार निकुञ्जक स्थापनाको तीन दशकीय इतिहास हेर्दा २०६८ सम्म करिब ३ सय ५० विदेशी पर्यटकले खप्तड क्षेत्रको अवलोकन गरेका छन् । विदेशी पर्यटकको बार्षिक औसत आगमन दर १० जना मात्र रहेको छ भने एक वर्षमा करिब दश हजार स्वेदशी पर्यटकहरूले खप्तड क्षेत्रको भम्रण गर्छन् । चिसो मौसममा हिउँ पर्ने भएकोले यस याममा यहाँ आउनेको संख्या नगन्य नै हुन्छ ।

### ६.२.२ खप्तड क्षेत्रमा पर्यटन विकासको रूपरेखा

खप्तड क्षेत्रलाई सिद्ध महात्माहरूको तपोभूमिको रूपमा चिनिन्छ । चलिआएका धार्मिक तिथिहरूमा पूजा गर्ने, दर्शन गर्ने र खेल (मेला) लाग्ने परम्परागत प्रचलन अद्यापि छदैछ । वि.स. २००० अघि खप्तड क्षेत्रमा सीताराम बाबा, मखनचोर बाबा, लंगुरेबाबा नामका महात्माहरू बस्ने गर्दथे (भण्डारी, २०६४ : ३६२) । वि.स. २००० मा स्वामी सचिदानन्द सरस्वतीलाई बझाङका राजा रामजंग सिंहले खप्तडमा खप्तडमा तपस्या गर्ने आश्रमको बन्दोबस्ती गरिदिए (प्रपन्नाचार्य, २०५४ : ८)। खप्तडबाबाको खप्तड साधानाको प्रारम्भदेखि नै खप्तड पर्यटनको अध्याय शुरु हुन्छ ।

#### ६.२.२.१ स्वामीकुटी (खप्तड आश्रम)

वि.स. २००० तिर स्वामी गोठान खरकलाई नै आश्रम बनाइ बसें । करिब एक वर्षको अन्तरालपछि सिद्धाश्रमको सरोफरोमा बझाङी राजा रामजंगबहादुर सिंहले छान्नावासीको सहयोगमा स्थानीय कला-कौशलानुरूपको २ पाखे पत्थरी छाना भएको कुटी बनाइदिए । खप्तड पुग्ने जोसुकै पर्यटकका लागि पनि यो कुटी विशेष आकर्षण बनेको छ । खप्तडबाबाको आयुर्वेद चिकित्सा प्रणालीको लोकप्रियताले पनि खप्तड पुग्ने मानिसहरूमा वृद्धि हुँदै गएको थियो ।

### ६.२.२.२ जडीबुटी कार्यालय

वि.स. २०२० मा तत्कालिन मन्त्री परिषद्का अध्यक्ष सूर्य बहादुर थापा, मन्त्री खड्ग बहादुर सिंह र क्याप्टेन रवीन्द्र प्रसाद प्रधानको टोली गंगा दशहरामा मेला तथा बाबाको दर्शन गर्ने उद्देश्यले हेलिकप्टरबाट खप्तड पुगेका थियो । वि.स. २०२३ सालमा राजा महेन्द्रले बझाङ भूकम्प पिडित क्षेत्रको निरीक्षणको सिलसिलामा सबैभन्दा पहिला घोडादाउना पाटनमा खप्तडबाबासँग दर्शन भेट गरेका थिए (ऐजन)। राजासँगको पहिलो भेटपछि २०२३ सालमा जडीबुटी कार्यालयको स्थापना भई जडिबुटीको खेती गर्ने काम थालियो । जडीबुटी खेतीको थालनी एवं कार्यलयको स्थापना भएपछि यो क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आकर्षणको केन्द्रविन्दु बन्यो । यद्यपि राज्यको सर्वोच्च व्यक्ति स्वयं राजा र तत्कालिन सरकार स्वामीप्रति प्रभावितमा हुनुले खप्तडमा लागेको विकासको पहिलो घामको श्रेयकर व्यक्तित्व खप्तडबाबा नै देखिन्छन् । तर कारणवश जडीबुटी खेती केही वर्षमै बन्द भएपनि पनि खप्तड आउने मानिसहरूको क्रम भने रोकिएन् ।

### ६.२.२.३ खप्तड राष्ट्रिय निकुञ्ज

राजा महेन्द्रको निधनपछि राजा विरेन्द्र र रानी ऐश्वर्यको पनि बाबासँग खप्तड-काठमाडौंमा बारम्बार दर्शनभेट भइरहन्थ्यो । बाबाकै आग्रहमा  वि.स. २०३८ सालमा २२५ वर्ग किलोमिटर क्षेत्रफललाई खप्तड राष्ट्रिय निकुञ्जको प्रस्ताव गरिएको र २०४० सालमा विधिवत् स्थापना भयो । वि.स. २०४३ राजपत्रमा उल्लेखित भयो । खप्तड क्षेत्रको प्रकृति र संस्कृतिको जर्गेना गर्ने मूल उद्देश्यका साथ यस राष्ट्रिय निकुञ्जको स्थापना भएको हो । यस निकुञ्जमा वार्डेनको नेतृत्वमा २८ जना कर्मचारीहरू रहेका छन् । यो उच्च मध्य पहाडी क्षेत्रको एक मात्र राष्ट्रिय निकुञ्जको रूपमा रहेको छ । वि.स. २०६३ मा चार जिल्लाका २१ गाविस समेटेर २१६ उपसमितिको मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ ।

### ६.२.२.४ सेनाको सुरक्षा ब्यारेक

खप्तड राष्ट्रिय निकुञ्जको सुरक्षार्थ वि.स. २०४० मा नेपाली सेना खप्तड ब्यारेको स्थापना भयो । सात वटा सुरक्षा पोष्ट रहेको यस ब्यारेकका द्वन्द्वकालको प्रभावले झिंग्राना र खप्तडमा मात्र सिमित रहेको छ । यस गुल्ममा २२०-२५० जना सैनिकहरू छन् । २/३ वर्षमा

सैनिक पल्टनहरूको फेरबदल भइरहन्छ । सेनाले नयाँ निर्माण त्रिवेणी मन्दिर, सितापाइला मन्दिर, ३ वटा धर्मशाला र स्वामी कुटीस्थित राजाको विश्राम कक्ष बनाएको छ । खप्तड स्वामीकै पहलमा त्रिवेणी घाटको जिर्णोद्धार, नव मन्दिरको स्थापना, सहस्रलिङ्गमा शिव, पार्वती, गणेश, कुमारको मूर्ति प्रतिस्थापन भएका छन् । आगन्तुक एवं तीर्थयात्रीहरूका लागि केदार ढुंगाको समिपमा तीन वटा धर्मशाला (अतिथिगृह) निर्माण भएका छन् ।

### ६.२.२.५ खप्तड क्षेत्र पर्यटन विकास समिति

खप्तड क्षेत्रमा पर्यटन पूर्वाधार विकास गर्नका लागि विकास समिति ऐन २०१३ दफा ३ अनुसार वि.स.२०५६ मा खप्तड पर्यटन विकास समितिको गठन भयो । खप्तड क्षेत्रको विकासभन्दा राजनैतिक अभिष्टका कारण उल्लेख्य काम केही पनि गर्न सकेन, फलत यो समिति निष्क्रिय बन्यो । ०६४ सालमा चारैजिल्लाका राजनैतिकर्मी, बुद्धिजिवीको पहलमा यस समितिलाई फेरि खप्तड क्षेत्र पर्यटन विकास समितिको नामबाट पुर्नस्थापित गराइयो । स्थापना वर्षमै डेढ करोडको बजेट पाएर खप्तड क्षेत्रको पर्यटन विकासमा उल्लेख्य फड्को मार्ने संकेत गरेता पनि फेरि राजनैतिक स्वार्थ पूर्ति गर्ने रोग देखियो । पर्यटन मन्त्रालयका अनुसार पुर्नस्थापनाको ५ वर्षमा १० करोडभन्दा बढी रकम खर्च भइसकेको छ । यस बजेटले बिचपानीमा गोलघर र खप्तडको बाटाघाटामा पत्थर बिछ्याउनु बाहेक अन्य गणनायोग्य कुनै पनि काम देखिदैन् । कारण स्पष्ट, राजनैतिक हलचलले सरकारको अस्थिरतासँगसँगै यस समितिको नेतृत्व पनि परिवर्तन भई राख्नु, नेतृत्वसँगसँगै रोजगारीका नाममा कार्यकर्ताको पालनपोषण गर्नु र बजेट खर्चमा अनियमिता बढ्नुले कार्यसम्पादन प्रभावकारी नहुनु इत्यादि । पाँच वर्षको यस अन्तरालमा अहिलेसम्म पाँच पटक नै नेतृत्व परिवर्तन भइसकेको छ । खप्तडको विकासमा खर्च गरिएको रकमको मुद्दा अहिलेसम्म अख्तियारमा विचाराधिन छ ।

### ६.२.३ सम्पदा

सिद्धाश्रमको स्वामी कुटी, त्रिवेणी, सहस्रलिङ्ग, खापरदह, ५२ घासे मैदान, २२ पाटन, र दुर्लभ प्रजातिका वनस्पति, जडीबुटी, पशुपन्छी र सरिसृपहरू नै खप्तडका खास-खास सम्पदाहरू हुन । संसारभर कतै नपाइएका कोटोनिआआस्टर विसरामिआनस् (क्लोत्ज), डिप्लोट्याक्सिस नेपालेन्सिस् (हारा), इम्याटिएन्स स्कुल्लिाई (जे.डि.हुकर) र टाराक्साकम्

नेपालेन्स (भान सोइस्त) नामक रथाने फूलहरू र खस्रे भ्यागुतो, बझाङे पाँहा र हरियो छेपारो पनि खप्तड क्षेत्रकै रथाने सरिसृपहरू हुन् । बाघबुट्टे निगालो पाइने एक मात्र स्थान हो । खापरदहको खापरेश्वर, त्रिवेणीका शिखरशैलीका मध्यकालिन वास्तुकलायुक्त स-साना मन्दिरहरू, सहस्रलिङ्गको भीमकाय स्वरूप र सिद्धाश्रमको स्वामी कुटीको सांस्कृतिक महत्व त्यत्तिकै छ । शिव-पावर्तीको तपोवन, तेत्तिस कोटी देवताको राजधानी हुनु यस क्षेत्रका लागि निकै गौरवको कुरा हो । डोटी-सिलगढीको शैलेश्वरी मन्दिर, अछाम-कालिमाटीको बैजिनाथ धाम, बझाङ-पूजारीगाउँको खापरमाडौं जस्ता शक्तिपीठहरू पनि खप्तडकै सेरोफरोमा पर्छन् । खप्तड क्षेत्र मष्टो प्रादुभाव क्षेत्र हो । मष्टाका थानहरू मष्टो पुजक र पर्यटक दुवैका लागि उत्तिकै महत्व राख्दछन् । यो क्षेत्रमा विभिन्न जातजातिको मिश्रण छ । उनीहरूका रीतिरिवाज, चालचलन, संस्कार एवं लोकसंस्कृति मननयोग्य सम्पदा हो ।

### ६.२.४ पर्यटनयोग्य क्रियाकलाप

गंगादशहरा, अनन्त्यापूनि जस्ता जात्रापर्वहरूमा नै यहाँको पर्यटन सिमित रहेको छ । वर्षमा दुई-चार जना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरू अध्ययन अनुसन्धानका लागि आउने गर्छन् । पर्यटन व्यावसायीले टुर प्याकेज, विश्वविद्यालयले अध्ययन आदि गतिविधिहरू सुक्ष्म रूपमा संचालन भइरहेका छन् । देउडा, नृत्य प्रतियोगिता, सांस्कृतिक झाँकी प्रर्दशनी, भलिबल र होटल तालिम आदि क्रियाकलापहरू बेला बखतमा भइरहेका छन् । विगत केही वर्षदेखि गंगादशहरालाई खप्तडमा पर्यटन महोत्सव मनाउने कार्य पनि शुरु भएको छ । यस महोत्सवले काठमाडौंमा पनि खप्तड घुम्न जाउँ भन्ने सन्देश दिदै आएको छ । अबका दिनमा पर्यटकहरू आकर्षण घोडचढी, स्की, गल्फ र प्याराग्लाइडिग आदि पर्यटनयोग्य क्रियाकलापमा ध्यान दिनु पर्ने देखिन्छ ।

#### ६.२.४.१ यातायात

डोटीको दिपायल, बझाङको चैनपुर, अछामको साँफेबगर र बाजुराको कोल्टी हवाई सेवा छ । साँफे र दीपायलको हवाई सेवा अवरुद्ध छ भने चैनपुर र कोल्टी विमानस्थलमा साताको एउटा उडान हुने गर्दछ । डोटीको सिलगढी, बझाङको चैनपुर, अछामको साँफेबगर र बाजुराको मुजावगरसम्म बस सेवा सञ्चालन छ । हाल साफेँबाट बुडाकोट, सिलगढीबाट झिंग्रानासम्म सडकको विस्तार हुँदै छ । त्यसैगरी साँफेबगरदेखि देवीस्थान र बुडाकोटसम्म पनि सडक विस्तार कार्य हुँदैछ ।

### ६.२.४.२ आवास तथा भोजन

खप्तड पुग्ने पर्यटक आफैले आवास तथा भोजनको व्यवस्था गर्नु पर्छ । चारै जिल्लाका खप्तड प्रवेश नाकाहरूमा स-साना गाउँले होटल भएता पनि पर्यटकीय सुविधाका हिसावले पर्याप्त छैनन् । स्थानीय जनचेतास्तर कम भएका कारणले यस क्षेत्रमा पर्यटक लक्षित होटलहरू खुल्न सकेका छैनन् । खप्तडमा एक पनि सदाबहार होटलहरू छैनन् । निकुञ्जको महगों टेण्डर प्रक्रिया कारण स्थानीयहरूमा होटल/पसल चलाउने रुचि देखिदैन । निकुञ्ज र सुरक्षा क्याम्प नजिक एक सामान्य होटल/पसल छ । त्यो पसलमा पनि चाऊचाऊ, सुर्ति, बिस्कुट, सलाई, चुरोट, साबुन आदिको मात्र पाइन्छन् । वर्ष दिनको सम्झौता, उपभोग्य वस्तुको बजार क्षेत्र पुग्न करिब एक दिन लाग्ने, महगों सामान ढुवानी सेवाका पसल/होटल स्थायी एवं सुविधायुक्त हुन सकेका छैनन् । तीर्थालुहरूको सुविधालाई ध्यानमा राखेर केदारढुंगा परिसरमा तीन वटा आवास गृह (धर्मशाला) निर्माण गएिका छन् ।

## ६.२.५ खप्तड गन्तव्यका पदमार्ग

### ६.२.५.१ अछाम जिल्ला

(क) साँफेवगर- देवीस्थान- डाफेकोट-खप्तड (ख) साँफेवगर- प्रभा- बुडाकोट- डाँफेकोट- खप्तड, (ग) चौखुट्टे- कालापोखारा- डाँफेकोट- खप्तड ।

### ६.२.५.२ बझाङ्ग जिल्ला

(क) छान्ना- धारुगाउँ- घोडादाउने पाटन- खप्तड (ख) चैनपुर-पूजारी गाउँ- दह खप्तड-खप्तड ।

### ६.२.५.३ बाजुरा जिल्ला

(क) मार्तडी-काँडा- दह खप्तड-खप्तड ।

### ६.२.५.४ डोटी जिल्ला

(क) सिलगढी-बगलेक-झिंग्राना-बिचपानी-खप्तड (ख) काडामाडौं- कालापोखारा- डाँफेकोट- खप्तड ।

### ६.२.६ नीति तथा कार्यक्रम

खप्तड क्षेत्रको विकासका लागि सरकारले २०३९ सालमा खप्तड राष्ट्रिय निकुञ्जको स्थापना गऱ्यो । सम्वत् २०५३ सालपछि शुन्यप्राय बनेको खप्तड क्षेत्रको पर्यटनलाई फेरि पुर्नउत्थान गर्न २०५६ सालमा खप्तड क्षेत्र विकास समितिको अवधारणा अघि ल्यायो । यस समितिले खप्तड क्षेत्रको गुरुयोजना पनि बनायो । २०६५ सालमा खप्तड पर्यटन विकास समितिलाई अझ शक्ति सम्पन्न बनाउदै खप्तड क्षेत्र पर्यटन विकास समितिको गठन भयो । यस समितिले आफ्नो पुर्नस्थापनाको पहिलो वर्षमा नै खप्तडलाई केन्द्रविन्दु मानेर समस्त सुदुरपश्चिम पर्यटन गुरुयोजना बनायो । यद्यपि यो गुरुयोजना पनि मस्यौदामा मात्र सिमित भयो । राजैनितिक अस्थिरता अर्थात् सरकार परिवर्तनसँगै आएको अर्को व्यवस्थापन समितिले गुरुयोजनालाई महत्व दिएन् । जति सरकार परिवर्तन भए त्यति नै नयाँ व्यवस्थापन फेरिए । यस पाँच वर्षमा पाँचवटा नेतृत्व बदलिए । नीति छ, कार्यक्रम छ, बजेट पनि छ तर प्रभावकारी कार्यसम्पादन नहुदा खप्तड क्षेत्रको पर्यटनले उल्लेख्य फड्को मार्न सकेको छैन् । यस विषयमा सरकारको ध्यानाकर्षण भए पनि गम्भीरता भने देखिएको छैन् ।

### ६.२.७ पर्यटन सम्भावना

खप्तड क्षेत्र पर्यटन विकासका लागि उर्वर भूमि मानिन्छ । प्रशस्त सम्भावना हुँदाहुँदै पनि अहिलेसम्म खप्तड क्षेत्रको पर्यटन धार्मिक पर्यटनमा मात्र सिमित रहेको छ । खप्तडमा उपलब्ध हुनसक्ने पर्यटनका सम्भावनाहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

#### ६.२.७.१ धार्मिक पर्यटन

खप्तड पर्यटनको ठूलो हिस्सा नै धार्मिक पर्यटनले ओगटेको छ । त्रिवेणी, सहस्रलिङ्ग, खापर-जगन्नाथ मन्दिर खुडुली दुदुली माइको थान, असलद्धा, कालपोखरा माई, गणेश पाटन र खप्तडस्वामी कुटी खप्तडका प्रमुख स्थलहरू हुन । जेष्ठ शुक्ल दशमी गंगा दशहरामा त्रिवेणी र सहस्रलिङ्ग, भाद्र शुक्ल अर्थात् अनन्त्या पूनि खापरमाण्डौंमा स्थानीय भक्तजनहरूको ठूलो भीड लाग्दछ ।

### ६.२.७.२ सांस्कृतिक पर्यटन

त्रिवेणी, सहस्रलिङ्ग, खापर-जगन्नाथ मन्दिर खुडुली दुदुली माइको थान, असलद्धा, कालपोखरा माई, गणेश पाटन र खप्तडस्वामी कुटी आदि स्थलहरूले धार्मिकसँगसँगै सांस्कृतिक महत्व पनि बोकेका छन् । गंगादशहरा र अनन्त्या पूनि इत्यादि महत्वपूर्ण तिथिमितिमा न्याउल्या, देउडा र हुड्क्यौली खेलिन्छ । यसले खप्तड क्षेत्रका अभौतिक सम्पदाहरूको महत्व उजागर हुन्छ ।

### ६.२.७.३ खप्तडबाबा कुटी र संग्रहालय

खप्तड पुगिसकेपछि खप्तड बाबाको कुटीमा नपुगे यात्रा अधुरो मानिन्छ । यस भूमिमा ५० वर्ष लामो तपस्याबाट प्रशिद्धि कमाएका स्वामी सच्चिदानन्द सरस्वतीको खप्तड नामका पछाडि बाबा/स्वामी विशेषण जोडिएको छ । खप्तडस्वामीले साधना गरेको यस कुटीलाई संरक्षण गरी प्रयोग स्वामीसँग सम्बन्धित सामाग्रीलाई संग्रहालय बनाई प्रदर्शित गर्न सकिन्छ ।

### ६.२.७.४ पुरातात्विक पर्यटन

स्कन्द पुराणको मानसखण्ड बाहेक खप्तड क्षेत्रको धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक इतिहास खुल्न सकेको छैन् । यस क्षेत्रमा जतातत‍ै धान कुट्ने ओखल, ढुंगाको हाते बञ्चरो, घरका भग्नावशेषहरू पुराना मन्दिर तथा मूर्तिहरू भेटिन्छन् । खप्तडस्वामी, योगी नरहरि नाथ र पूर्णप्रकाश नेपाल यात्री जस्ता विद्धानहरूले खप्तड क्षेत्रका प्राप्त सामाग्रीहरूको आधारमा प्राग्इतिहास बारे जान्न सकिने कुरा औल्याएका छन् । हालसम्म खप्तड क्षेत्रको सांस्कृतिक अध्ययन, अन्वेषण र उत्खनन् जस्ता कुनै पनि कार्य भएका छैनन् । यस क्षेत्रको सांस्कृतिक अध्ययन अन्वेषण र उत्खनन् हुन सके पुरातात्विक पर्यटनको विकास हुनेछ ।

### ६.२.७.५ आध्यात्मिक पर्यटन

खप्तडबाबाले योग साधना गरी ५० वर्षको यो क्षेत्रमा आध्यात्मिक पर्यटनको पनि ठूलो सम्भावना छ । एकान्त र शान्तिको आभास पाइने यो भूमि धुलो-धुवायुक्त मानव समाज र संसारभन्दा विल्कुलै फरक छ । सयौं प्रजातिका जडीबुटीको भण्डार भएको हुदा प्राकृतिक स्वास्थ्य पर्यटनको प्रचुर सम्भावना छ ।

### ६.२.७.६ खेल पर्यटन

२२ वटा पाटनहरूले शुशोभित यस खप्तड क्षेत्रमा घोडचढी, प्याराग्लाइडिग, गल्फ, स्की खेलको पनि सम्भावना छ । स्की लागि चाहिने मापदण्ड २५ सयदेखि ३३ सय मिटरसम्मको हिउँभूमि हुनुपर्छ । यसका लागि खप्तड क्षेत्र नेपालकै सवैभन्दा उत्तम क्षेत्र अन्तर्गत पर्दछ । यहाँका पाटनहरू प्रायः मंसिरको मध्यदेखि चैत्रसम्म सेताम्मे (हिउँमय) नै हुन्छन् । बाँकी महिनामा गल्फ, घोडचढी र प्याराग्लाइडिग खेलाउने उपयुक्त वातावण हुन्छ । अतः खेल पर्यटनका लागि पनि खप्तड क्षेत्रले अति नै सम्भावना बोकेको छ ।

### ६.२.७.७ खोज पर्यटन

संसारभर कतै नपाइएका कोटोनिआआस्टर विसरामिआनस् (क्लोत्ज), डिप्लोट्याक्सिस नेपालेन्सिस् (हारा), इम्प्याटिएन्स स्कुल्लिाई (जे.डि.हुकर) र टाराक्साकम् नेपालेन्स (भान सोइस्त) नामक रथाने फूलहरू पाइएका छन् । त्यसै गरी खस्रे भ्यागुतो, बझ्फाङे पाँहा र हरियो छेपारो पनि खप्तड क्षेत्रकै रैथाने सरिसृपहरू हुन् । यी पनि विश्वभर भेटिएका छैनन्, यहाँको जैविक विवधता र प्राकृतिक सम्पदाको अझ पनि खोज हुन धरै बाँकी छ । सांस्कृतिक एवं पुरात्वाविक सामाग्रीहरू त्यतिकै मात्रमा छरिएका छन् । नयाँको खोजी गर्ने उपयुक्त थलो पनि खप्तड बन्न सक्छ । अध्ययन अनुसन्धानका लागि खप्तड क्षेत्र उपयुक्त गन्तव्य बन्न सक्छ ।

### ६.२.७.८ विविध पर्यटन

चरा पर्यटन, जडिबुटी पर्यटन, प्रकृति पर्यटन, दृश्यावलोकन, फूल पर्यटन, पदयात्रा, मनरोञ्जन र खानी पर्यटनको लागि पनि खप्तड क्षेत्र महत्वपूर्ण छ । झरना अवलोकन तथा साहासिक खेलहरू, साइकिलिङ्ग, घोडचडी, प्याराग्लाइडिङ्ग जस्ता साहासिक पर्यटनका गतिविधिहर सञ्चालन गरेर पनि पर्यटक भित्र्याउन सकिन्छ ।

पर्यटनका हिसाबले 'खप्तड' र 'खप्तडबाबा' शब्द एकअर्काका परिपूरक बनेका छन् । धार्मिक तीर्थ, गोठान र पुरानो मार्गका रूपमा मात्र सिमित रहेको खप्तड आज खप्तडबाबाकै श्रेयले अन्तराष्ट्रिय महत्वको पर्यटन केन्द्र बन्न सक्ने सम्भावना जुटेको छ । हो, सम्भावना छ, सपना पनि छ, अब खोज्ने सामर्थ्य हो । सामर्थ्य र बजेटको जोहो भए पछि प्रभावकारी कार्यसम्पादनमा ध्यान दिनु पर्छ । विकासका क्रियाकलापहरू गर्दा पयटन मैत्री अर्थात् पर्यटन अनुकुल हुन जरुरी छ । खप्तड पर्यटनलाई संस्थागत बिन्दुमा पुऱ्याइसकेका बाबाको पाइला पछ्याउँदै खप्तडको विकासका सबले हातेमालो गर्न अपरिहार्य छ ।

सातौ अध्याय

# उपसंहार

अन्तिम अर्थात् उपसंहार अध्याय 'खप्तड क्षेत्रको लोकसंस्कृति एक अन्वेषण' को सारांश पृष्ठभूमि हो । यस उपसंहार अध्याय अन्तर्गत शोध सार, शोध निचोड र सुझाव विषयवस्तुहरू समाविष्ट गरिएका छन् ।

## ७.१ शोध सार

'खप्तड क्षेत्रको लोकसंस्कृति एक अन्वेषण' शीर्षकको यो शोध ग्रन्थ सात अध्यायमा विभाजित छ । पहिलो अध्यायमा शोध परिचय खण्ड छ । दोस्रो अध्यायमा खप्तड क्षेत्रको भौगोलिक एवं ऐतिहासिक पृष्ठभूमि केलाइएको छ । यस दोस्रो अध्यायको पृष्ठपरिवेशभित्र भौगोलिक संरचना, प्राकृतिक सम्पदा र ऐतिहासिक पृष्ठभूमि गरी तीन उपशीर्षकहरू समावेश छन् । ऐतिहासिक पृष्ठभूमिले खप्तडको नाम र प्राचीनता, प्रागऐतिहासिक एवं सह-ऐतिहासिक युग, प्राचीन-प्रारम्भिक ऐतिहासिक काल र मध्यकालको इतिहास बोलेको छ । तेस्रो अध्यायमा खप्तड क्षेत्रको समाज र संस्कृति अर्थात् सामाजिक तथा सांस्कृतिक सेरोफेरोको वर्णन छ । सामाजिक एवं सांस्कृतिक सेरोफेरो अन्तर्गत सामाजिक परिचय खण्ड, जीवनशैली, प्रचलित महत्वपूर्ण संस्कार र केही विशिष्ट संस्कृति विषयहरू समाविष्ट छन् ।  चौंथो अध्यायमा खप्तड क्षेत्रका धार्मिक एवं सांस्कृतिक परम्पराहरूको अन्वेषण गरिएको छ । धार्मिक एवं सांस्कृतिक परम्पराभित्र मौलिक चाडपर्व, धार्मिक न्याय प्रकृतिका परम्परा, परम्परागत उपचार पद्धति र लोकसंस्कृति/संगीत प्रस्तुत छन् । यसै अध्यायले नै खप्तड क्षेत्रका अभौतिक सम्पदाहरूको जानकारी दिन्छ । खप्तड क्षेत्रका भौतिक सम्पदाहरू पाँचौ अध्यायमा राखिएका छन् । भौतिक सम्पदाहरू- त्रिवेणी, सहस्रलिङ्ग, गणेश मूर्ति, खापरमाडौं, डाँफेकोट, खुडुली-दुधुलीमा र विविध सम्पदाहरूको सामान्य धार्मिक, सांस्कृतिक एवं पुरातात्विक अध्ययन गरिएको छ । यस खण्डमा खप्तड सम्बन्धी लोककथा एवं किम्वदन्ती पनि उल्लेख गरिएका छन् । अध्याय छैठौं खप्तडबाबा र खप्तड क्षेत्रको पर्यटन गरी दुई भागमा विभाजित छ । यसभित्र खप्तडबाबाको संक्षिप्त

जीवनी, खप्तड क्षेत्रको विकासमा बाबाको योगदान, खप्तड क्षेत्रको पर्यटनको वर्तमान अवस्था, विकासको रूपरेखा र सम्भावनाको विवेचना गरिएको छ ।

## ७.२ निचोड

खप्तड भनेको सामान्य प्राकृतिक सौन्दर्यले भरिएको, पाटन र तालको शोभाले सजिएको, अग्लो पहाडबाट चुलिएको, गर्मीका बेला गाईभैंसी, भेडाबाखा र घोडा चराउनका लागि उपयुक्त गौचरन बनेको, अछाम, बझाङ, बाजुरा र डोटीको मिलनबिन्दु बनेको, अनेकौं नेपाली जातजातिको उद्‌गमभूमि रहेको, नेपालीहरूका कुलदेवता शिवशक्ति अर्थात् शंकर र भवानी, वेताल, मष्टा तथा भैरव लगायतका स्थानीय देवताहरूको केन्द्रभूमि भएको, सनातन परम्पराका अनुयायीहरूको धार्मिक, सांस्कृतिक चलनको प्राचीन थलो रहेको, अन्यत्र दुर्लभ मानिएका पिरामिड आकारका सुन्दर पर्वत श्रृंखलाहरू भएको भूगोलको रूपमा वर्णित छ (पन्त, २०६८ : २०)। प्रस्तुत शोधको अन्तिम अध्यायको निष्कर्ष अर्थात् उपसंहार- खप्तड सभ्यता/लोकइतिहास, लोकधर्म/लोकसंस्कृति र पर्यटन विकासको रूपरेखा शीर्षकका विषयवस्तुमाथि प्रकाश पारिएको छ ।

### (क) खप्तड सभ्यता/लोकइतिहास

खप्तडस्वामी, योगी नरहरिनाथ, पूर्णप्रकाश नेपाल 'यात्री' राजाराम सुवेदी र प्रकाश दर्नाल आदि विद्वानहरूले खप्तडमा मानव सभ्यताका निशानीहरूको सामान्य अन्वेषण गरेका छन् । प्रस्तुत वंशावली (परिशिष्ट ४) मा सिंजा महाराज सूर्यमल्लकी छोरी पद्मावती विवाह गरी खप्तड राज्य दाइजो पाई डाँफेकोटमा महल बनाएको प्रसङ्गले खप्तडको मानव इतिहास कम्तिमा पनि चौधौं शताब्दीपूर्व रहेको देखिन्छ । आज विश्वभरी छरिएर रहेका खप्तडीहरूले खप्तडलाई आफ्नो सभ्यताभूमिको रूपमा पुजिरहेका छन् । यसै कारणले होला विगतमा खप्तडबाट छरिएका जुनसुकै जाति/थरको आफ्नो जात अगाडि परिचय नै 'खप्तडी' बनेको छ । यद्यपि 'आफू खप्तडी हु' भन्ने जाति/थरसँग मात्र खप्तडभूमिको सम्बन्ध सिमित छैन । न यो एक कुनै गोत्र/वंशवृक्षको मात्र हो । खप्तड खगोल त खप्तडको सभ्यतामा हुर्केका, खप्तडी लोकसंस्कृतिलाई अंगालेका, खप्तडको माटोलाई पुज्ने सबै जात-जातिको साझा चौतारी हो । अझ कतिपय विद्धानहरूको मतलाई आधार मान्ने हो भने अथवा खप्तडमा मानव सभ्यताको

अन्वेषण/उत्खनन् गर्ने हो भने खप्तडको मानव सभ्यताको साइनो पाषाणकालसम्म पुग्न सक्छ । यदि खप्तड क्षेत्रको पुरातात्विक अन्वेषण एवं उत्खनन् हुन सके इतिहास एवं मानव सभ्यताका धेरै जिज्ञासाहरूबारे प्रकाश हुने थियो । त्यसले पनि खप्तडभूमिमा पुरातात्विक अन्वेषण एवं उत्खनन् गर्नु अनिवार्य छ ।

**(ख) लोकधर्म/लोकसंस्कृति**

पाप जन बोल्नु, काटमार नगर्नु एवं जुठो नगर्नु आदि लोकमान्यताहरूले खप्तडप्रतिको धार्मिक आस्था/विश्वासले खप्तड क्षेत्र कति पवित्र छ भन्ने यथार्थतालाई इङ्गित गरेको छ । मानसखण्डको खेचराद्रि माहात्म्यमा खप्तडभूमि शिव-पार्वतीको क्रिडास्थलको रूपमा वर्णित छ । योगी नरहरिनाथका अनुसार खप्तड क्षेत्र तेत्तिसकोटी देवताहरूको राजधानी हो । सिद्ध माहात्माहरूको तपोवन हो । सीतापाइला, सहस्रलिङ्ग, खापरमाडौं, गणेशपाटन, खुडुली-दुदुली माई, असलद्धा र कालपोखरा माई आदि पवित्र तीथस्थलहरूले शुशोभित छ । खप्तडकोट र डाँफेकोट, जताजतै पाइने ओखल, जुतारो, घरका अवशेषहरूले खप्तड पुरातात्विक क्षेत्र पनि हो भन्ने पुष्टि हुन्छ ।

खप्तड क्षेत्रका रैथानेहरूको मौलिक लोकसंस्कृति विशिष्ट छ । खप्तड सभ्यताको सेरोफेरोमा मनाइने स्थानीय दशैँ, होरी, दशै, पुसे पन्ध्र, विसु त्यार, माघी त्यार, शिवरात्री, भूवों औंसी, अन्नत्या पूनी आदि चाडपर्वहरू अन्य भूगोल र समुदायकाभन्दा पृथक छन् । फाँडो, पिनापानी, कागुनोको भात र कोदोको रोटीमा यहाँको मौलिक स्वाद पाइन्छ । लोकनृत्य, लोकसंगीत र लोकभाकाको समिश्रण पाइने हुड्क्यौंली, देउडा, ठाडी, भाक्या, चैत, धमारी, भूवो, पर्छो र सरु नै खप्तडको लोकसंस्कृतिका आधारशिला हुन् । चोरीमा/हराएमा तन्त्रमन्त्रका माध्यामहरू (देवता हेराउने, पोखला माग्ने, धनु लगाउने) दैवीमा आश्रित न्यायिक प्रकृतिका (खोजी गर्ने) परम्पराहरू पनि रैथानेहरू लोकधर्म तथा लोकसंस्कृति हुन् । मष्टो पुज्ने, रजवार, पूजारा, धामी, छाउपडी गोठ, देउकी परम्पराका लागि पनि खप्तड खगोल प्रसिद्ध छ । जल्को हान्ने, गनः हान्ने, छिःट्टो हान्ने, ग्रह मन्त्रर्ने, पानी मन्त्रर्ने र काप्रो बाध्ने जस्ता परम्परागत उपचार पद्धतिहरू पनि यहाँ अचेलसम्म लोकप्रिय छन् । कुनै पनि बिराम लागि सकेपछिको सबैभन्दा पहिले पम्परागत उपचार पद्धतिहरू नै अपनाइन्छ ।

**(ग) पर्यटन विकासको रूपरेखा**

खप्तड क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिनारीको श्रेयकर व्यक्ति नै खप्तडबाबा हुन् । खप्तड लेकमा प्रेरणादायी योगदानबाट नै पर्यटनको आधारशिला खप्तड राष्ट्रिय निकुञ्जको स्थापना भयो । यही भूमिमा आधा दशक लामो साधनाको श्रेयले नै होला आज खप्तड र खप्तड क्षेत्र एकअर्काका परिपुरक बनेका छन् । तर खप्तडबाबाको निधनपछि खप्तड क्षेत्रको पर्यटन सुनसान बन्यो । सम्वत् २०५३ सालपछि शुन्यप्राय बनेको खप्तड क्षेत्रको पर्यटनलाई फेरि पुर्नउत्थान गर्न २०५६ सालमा खप्तड क्षेत्र पर्यटन समितिको अवधारणा अघि ल्यायो । यस समितिले खप्तड क्षेत्रको गुरुयोजना पनि बनायो । २०६५ सालमा खप्तड पर्यटन विकास समितिलाई अझ शक्ति सम्पन्न बनाउदै खप्तड क्षेत्र पर्यटन विकास समितिको गठन भयो । यस समितिले आफ्नो पुर्नस्थापनाको पहिलो वर्षमा नै खप्तडलाई केन्द्रविन्दु मानेर समस्त सुदुरपश्चिम पर्यटन गुरुयोजना बनायो । यद्यपि यो गुरुयोजना पनि मस्यौदामा मात्र सिमित भयो । राजैनितिक अस्थिरता अर्थात् सरकार परिवर्तनसँगै आएको अर्को व्यवस्थापन समितिले गुरुयोजनालाई महत्व दिएन् । जति सरकार परिवर्तन भए त्यति नै नयाँ व्यवस्थापन फेरिए । यस पाँच वर्षमा पाँचवटा नेतृत्व बदलिए । नीति छ, कार्यक्रम छ, बजेट पनि छ तर प्रभावकारी कार्यसम्पादन नहुँदा खप्तड क्षेत्रको पर्यटनले उल्लेख्य फड्को मार्न सकेको छैन । यद्यपि राजनैतिक संक्रमणको यो कालखण्डमा खप्तड क्षेत्रको पर्यटन विकास ऋणात्मक अवस्थामा भए पनि भोलिका दिनहरूमा आशातीत सम्भावनाहरू जीवितै छन् । यदि खप्तड क्षेत्रको गुरुयोजना प्रभावकारी रूपमा कार्यसम्पादन गर्ने हो भने यस पवित्रभूमिमा पर्यटकले पाइला टेक्न अविलम्व गर्ने छैनन् भन्दा अन्यथा नहोला ।

७.३ **सुझाव**

(क) खप्तडबाबा र खप्तडलाई एकअर्काको परिपूरक बनाई विकासको अभियान थाल्नु पर्ने ।

(ख) खप्तडको विकासका लागि सरकारले विशेष बजेट रकम उपलब्ध गराउनु पर्ने ।

(ग) डोटी, अछाम, बझाङ र बाजुरा चारै जिविसले खप्तडलाई प्राथमिकतामा राख्नु पर्ने ।

(घ) स्थानीय जनताको आर्थिक उन्नतिको आधाशलिा बन्ने गरी योजना तर्जुमा गर्नु पर्ने ।

(ङ) राजनैतिक स्वार्थलाई त्यागी खप्तडलाई सामूहिक स्वार्थको एजेण्डा बनाउनु पर्ने ।

**सन्दर्भ ग्रन्थ सूचीः**


अधिकारी, सूर्यमणि, (२०६१), **खस साम्राज्यको इतिहास,** काठमाडौं : भुँडीपुराड प्रकाशन ।

कुँवर, ध्वज बहादुर, (२०५६), **कुँवर वंशको ऐतिहासिक परिचय,** अछाम : कुँवर सेवा समिति अछाम ।

................., (२०६८), (सम्पा.) **अछामको होरी र धमारी,** अछाम : कुँवर सेवा समिति ।

कुँवर, यम राज, (२०६९), **अछाम-खप्तड पर्यटन सम्भावना,** नेपालगंज : न्यू खप्तड ढुवानी सेवा ।

कोइराला, कुलचन्द्र, (२०५२), **नेपाली खस-बाहुनका कुलदेवता मष्टो,** काठमाडौं : गुठी संस्थान ।

खड्का, श्यामबहादुर, (२०५८), **बझाङ : किम्बदन्ती र इतिहास,** काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.।

खप्तडबाबा, (२०६०), **धर्मविज्ञान,** काठमाडौंः खप्तड आश्रम प्रकाशन समिति ।

............, (२०६३), **आत्मज्ञान**, (दोस्रो सं.) काठमाडौंः खप्तड आश्रम प्रकाशन समिति ।

खत्री, विष्णु प्रसाद, (२०६०), **सुदूरपश्चिमाञ्चल क्षेत्रका धार्मिक स्थल र शक्तिपीठहरू**, काठमाडौं : शान्तीदेवी खत्री ।

................., (२०६८), **चिन्तनका तीस थुँगा फूल**, काठमाडौं : शान्तीदेवी खत्री ।

गि.पु., शै.गु.से.स., (२०५१), **तीर्थत्रय महात्य संग्रह : शैलेश्वरी, खप्तड र मालिका माहत्म्य,** डोटी : गीता पुस्तकालय र शैलेश्वरी गुठी सेवा समिति ।

चटौत, आर.डी., (२०५८), **डोट्याली बृहत शब्द कोष,** काठमाडौं : बेलु-विश्व प्रतिष्ठान ।

चालिसे, विजय, (२०६५), **डोटेली लोकसंस्कृति र साहित्य,** ललितपुर : साझा प्रकाशन ।

जोशी, लक्ष्मीकान्त, (२०६६), (अनु.), **खप्तड महात्म्य,** कञ्चनपुर : लक्ष्मीकान्त जोशी ।

नरहरिनाथ, योगी, (२०२२), **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह,** दाङ : आध्यात्मिक परिषद् ।

पन्त, जयराज, (२०६४), **मष्टा परम्परा र त्यसका गीतहरू**, काठमाडौं : वाङमय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि ।

..............., (२०६४), **डोटेली गौरा पर्वका गीत र गाथाहरू**, काठमाडौं : वाङमय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा.लि ।

बस्नेत, राम बहादुर, (२०५३), **खप्तरी बस्नेत वंशावली,** (संयोजक), काठमाडौं : खप्तरी वस्नेत बन्धु उत्थान तथा वंशावली समिति ।

भण्डारी, जीतसिंह, (२०६४), **डोटी क्षेत्रको प्राचीन इतिहास, धार्मिक स्थल र वंशावली,** (दोस्रो सं.), महेन्द्रनगर : जीतसिंह भण्डारी ।

'यात्री', नेपाल पूर्णप्रकाश, (२०३४) **सेती अञ्चल दिग्दर्शन,** विराटनगर : हिमाली सौगात ।

.........................., (२०३४), **सेतीको नालीबेली,** विराटनगर : हिमाली सौगात ।

शाह, सुरत बहादुर, (२०६५), **अछामका चाडपर्व**, अछाम : श्री वैद्यनाथ क्षेत्र प्रकाशन समिति ।

सुवेदी, राजाराम, (२०५६), **कर्णाली प्रदेशमा मध्यकालिन डोटी राज्य**, भोजपुर : रणबहादुर बान्तवाराई र दुर्जकुमार राई ।

..................., (२०५८), **अछामको इतिहास**, अछाम : श्री वैद्यनाथ क्षेत्र प्रकाशन समिति ।

**स्मारिका एवं पत्रपत्रिका (लेख रचना) सन्दर्भ ग्रन्थ सूचीः**

उपाध्याय, यज्ञराज, (२०६६), "हाम्रो लोक-संस्कृति" **सुदूरपश्चिमाञ्चल**, काठमाडौं : सुदूरपश्चिमाञ्चल सरोकार मञ्च ।

जोशी, सत्यमोहन, (२०३५), "केही नेपाली लोक-देउताहरूको भूमिका", **नेपाली लोक संस्कृति संगोष्ठी**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दर्नाल, प्रकाश, (२०५०), "प्रकृति र धार्मिक तीर्थस्थलको सुन्दर संगम खप्तड", **गरिमा,** मासिक, वर्ष ११, अंक ९, ललितपुर : साझा प्रकाशन ।

पाण्डे, रामनिवास, (२०३५), "पश्चिमी नेपालको शैव-शाक्त परम्परा", **नेपाली लोक संस्कृति संगोष्ठी**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, हरिदत्त, (२०६४), "खप्तड : एक अलौकिक सम्पदा"**, डोटी क्षेत्रको प्राचीन इतिहास, धार्मिकस्थल र वंशावली**, महेन्द्रनगर : जीतसिंह भण्डारी ।

पन्त, जयराज, (२०६८), "खप्तड र खप्तडी खड्का", **खप्तडः प्रकृति र संस्कृतिको त्रिवेणी**, काठमाडौं : खप्तडी खड्का समाज अछाम ।

पुरातत्व विभाग, (२०६६), **सेती अञ्चलका वर्गाकृत सांस्कृतिक सम्पदाहरूको विवरण,** काठमाडौं : संस्कृति मन्त्रालय, पुरातत्व विभाग ।

बस्नेत, राम बहादुर, (२०५३), **खप्तरी बस्नेत वंशावली,** काठमाडौं : खप्तरी वस्नेत बन्धु उत्थान तथा वंशावली समिति ।

रिसाल, शिवगोपाल, (२०६०) "श्रीखप्तडबाबाका विभिन्न दृष्टिबाट", **खप्तडबाबा स्मारिका २०६०,** काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति ।

शाक्य, पुष्परत्न, (ई.स.२००८), "खप्तड क्षेत्रका रैथाने बोटविरुवा"**, हेडलाइन** राष्ट्रिय मासिक वर्ष, १, अंक २, काठमाडौं : प्रकाश खड्का ।

शाह, करण बहादुर, ( ई.स.२००८), "खप्तड क्षेत्रका स्थानिक सरिसृपहरू"**, हेडलाइन,** राष्ट्रिय मासिक वर्ष १, अंक २, काठमाडौं : प्रकाश खड्का ।

सिंजापति, रामविक्रम, (२०४८), "जुम्लाको धार्मिक विशेषताको रूपमा मइठादेउ", **गरिमा,** मासिक, वर्ष १०, अंक २, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

स्वामी प्रपन्नाचार्य, (२०५४), "मेरो खप्तडबाबासँगको अन्तर्वार्ता", **खप्तडबाबा स्मारिका २०५४** काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति ।

**अंग्रेजी भाषाका सन्दर्भ ग्रन्थः**

Bist, Dor Bhadur, (1987 A.D.), **People of Nepal**, Kathmandu : Ratna Pustak Bhandar.

KNP, (2005A.D.), **Khaptad National Park and Buffer Zone Management Plan**, Kathmandu : Khaptad National Park (Unpublished).

Pandey, Ravijung, (2008 A.D.), **Strategic Tourism Plan of the Khaptad Area and its surroundings**, Doti : Kaptad Area Tourism Development Committee (Unpublished).

## परिशिष्ट १

## खप्तड क्षेत्रको  लोकसंस्कृतिसम्बन्धी आवश्यक जानकारी

## दिने मानिसहरूको नामावलीः

| क्र.स. | नाम/उमेर (वर्ष) | ठेगाना/टेलिफोन | पेशा | प्राप्त विवरण |
|---|---|---|---|---|
| १. | गम्भीरमान नेपाली (५५) | डोटी | हुड्के | लोकसंस्कृति |
| २. | धन बहादुर मल्ल (७२) | डोटी | मूर्तिकार | लोकसंस्कृति |
| ३. | धना खड्का (४९) | अछाम ९७२९१४१९९५ | गृहिणी | लोकसंस्कृति |
| ४. | ध्वज बहादुर कुँबर | अछाम ९७४१०१३६९७ | समाजसेवा | विविध |
| ५. | नन्दकृष्ण जोशी (६०) | बझाङ ९८४१४२७७३५ | लोकगायक | देउडा |
| ६. | नारायण रूपाखेती (५२) | खप्तड राष्ट्रिय निकुञ्ज | वार्डेन | निकुञ्ज |
| ७. | पूर्ण बहादुर थापा (७१) | बझाङ ९७४९०२२८८ | समाजसेवा | विविध |
| ८. | भक्त बहादुर रोकाया (८२) | बाजुरा | कृषि | खप्तडस्वामी |
| ९. | विष्णु प्रसाद खत्री (७३) | बझाङ ९७४१०६९४७९ | समाजसेवा | विविध |
| १०. | रविन्द्र न्यौपाने (२७) | अछाम ९८४८४३३२०० | विद्यार्थी | लोक संस्कृति |

## परिशिष्ट २

स्वस्तिश्रीकाजिरणधिरसिँहबस्न्यतकस्य पत्रम्

**श्री ५ को सरकार**

**आगे रास्कोट दराका जिम्मावाल गाउ गाउका मुखिया तहसिल गर्न जान्या हुदा सिपाहीके यथोचित उप्रान्त.......बाट असल वेस् वेस् घोडा कस्तुरीका जिउँदा पाठा सर्वाग विना चरा/चाषुरा डाफ्या मुहुनाल् फक्रास् चाडो ताकिति गरी पठाउन्या भन्दा भंन्या फरमायोसि आइ पुग्यो अरु दरालाई पनि लेषी गयाको छ तेस् दराबाट  पनि सेकार षेलन्या घरलाई उर्दि सेकार षेलनलाई पाउँज्याल्सम्म कस्तुराका पाठा छोपि नपाया सर्वाग विना सिकारीका घरका हि ३/४ र डाफ्या मुनाल फक्रास्( फक्र्यास) चाषुरा ५०/६० घोडा बढिया जो छन् चाडो ताकित गरी पठाउन्या काम गर घोडा कस्तुरी विना ञहा नल्याइ अन्येत्र कसैले पनि नवेचनु भन्या उर्दि सुनि अनेत्र लैगि वेच्न्याहरूलाई डंड समेत होला सो जानि लेख्या बमोजिं हरनले -हर्जाना तिमिले) बुझाउनु पर्ला इति सम्वत् १९०५ साल मिति जेष्ट सुदि १० रोज १ सुभम्-**

*स्रोत : इतिहासमा प्रकाशमा सन्धिपत्रसंग्रह, पृष्ठः ५८१ बाट ।*

## परिशिष्ट ३

## स्कन्दपुराणको मानसखण्डस्थित खेचराद्रि माहत्म्य

श्रीखेचराद्रि तीर्थ माहात्म्यम्

(खप्तड पर्वतको र तीर्थको माहात्म्य)

सूत उवाच-

सीतानद्यास्तु माहात्म्यं श्रुत्वा ते नृपसत्तम !

व्यासं पप्रच्छुः धर्मज्ञा मुनयः शौनकादयः ॥१॥

ऋषय ऊचु-

सीतानद्यास्तु माहात्म्यं त्वत्प्रसादात्तपोधन !

श्रुतं विचित्रचरितं तीर्थवर्णनसंयुतम् ॥२॥

खेचराद्रीति यो ख्यातो भवता मुनिसत्तम

कथयस्व प्रसादेन तस्याख्यानं सविस्तरम् ॥३॥

यानि तत्र च लिङ्गानि तथा क्षेत्राणि सुव्रत !

प्रबूहि तानि सर्वाणि प्रसादेन विनिश्चितम् ॥४॥

व्यास उवाच-

खेचराद्रे कथां दिव्यां श्रृण्वन्तु मुनिसत्तमाः

रोगार्तो मुच्यते रोगात् यां श्रुत्वा तां वदाम्यहम् ॥५॥

सीतानद्याः वामभागे खेचरो नाम पर्वतः

ननाधातुशतैर्युक्तो नानापर्वतभूषितः ॥६॥

रौप्यस्वर्णाकरैर्युक्त सुरसिद्धनिषेवितः

नृत्य हिंकदम्वेन सर्वतः परिशोभितः ॥७॥

इतस्ततः प्रधावद्‌भिर्मृ गयूथैरलंकृतः

हंसकारण्डवाकीर्णश्चक्रवाकैश्च शोभितः ॥८॥

कोकिलानां महानादैर्गुञ्जितो धातुमण्डितः

सुरवृक्षादिवृक्षाणामुद्यानैरूप शोभितः ॥९॥

राजते सिद्धमुख्यश्च सवर्तः परिवारितः
शूकरैर्महिश्चैव वन्याश्वैरपि संवृतः ॥१०॥
यस्मिन् वैखेचरा देवा वरुणेन महात्मना
सह सन्ति वसन्तिस्म कुवेराद्यापि भूसुरा : ॥११॥

तटे यस्य विराजन्ते सचन्द्रग्रहनायका :
तथेवासुरगन्धर्वा देवास्तु मृच्छिलामया : ॥१२॥
पुण्या : सुसरितो यस्मिन् सप्तती (७०) ति उदाहृता :
सिद्ध-गन्धर्व-मुनिभि : समाहूय भुवस्तले ॥१३॥
यस्मिन् सरांसि दिव्यानि रचितानि शुभानि च
सन्ति देवषिदैत्यानां षट्त्रिंश-(३६) दधिकानि च ॥१४॥
तमारुहन्ति ये धन्या : पर्वतं सिद्धसेवितम्
नानावृक्ष शताकीर्ण ग्रहा द्वादश शोभितम् ॥१५॥
स्थलैश्च पशभिदिव्यै राजद्भि : सुविराजितम्
समुद्धृत्य कुलशतं प्राप्नुवन्ति हरेर्गृहम् ॥१६॥

सूत उवाच-
तस्याद्रेर्वर्णनं श्रुत्वा मनुयो नृपसत्तम !
कृष्णद्वैपायनं व्यासं प्रष्टुमारेभिरेतत : ॥१॥
हद्धिचित्रतरित : पर्वतोयमुदाहृत :
सन्त्यस्मिन् कानि क्षेत्राणि प्रब्रूहि मुनिसत्तम् ! ॥२॥
व्यास उवाच-
अस्मिन् क्षेत्राणि दिव्याणि बहूनि सन्ति भूसुराः
श्रृण्वन्तु तानि सर्वाणि कथितानि मयाधुना ॥३॥
सर्वेभ्यो गिरिमुख्येभ्य : सुपुण्य : खेचरो गिरि :
वर्तते नान्यथा किञ्चित्सत्यमेतन्मयोदितम् ॥४॥
मध्ये तस्य स्थल दिव्यं चन्द्रस्थलमिति स्मृतम्

सेवितं सुरगन्धवैस्तथा हंसैर्वकैरपि ॥५॥

तत्र मध्ये महापुण्यो नाम्ना वकसर : स्मृत :

यस्मिन्सरसि चाणक्यो वक : परम धार्मिक : ॥६॥

स्नात्वा तप्त्वा महाभाग : पाप ब्रह्मपदं शुभम्

तस्मिन्सरसि संस्नात्वा तप्त्वा वापि तपोधना : ॥७॥

नरो ब्रह्मपुर याति ब्रह्मणासह मोदते

सरसश्चोत्तरे भागे महेन्द्राद्या दिवौकस : ॥८॥

निवसन्ति यताहारा : सत्वमार्गप्रदर्शका : ॥९॥

सहश्त्रेश्वरं महादेवं शिलापृष्ठे तपोधना :

समर्च्य तत्र तिष्ठान्ति सिद्धा देवगणै : सह ॥१०॥

सूत उवाच-

ततस्तु तीर्थपृच्छायां मुनयः शौनकादयः

प्रणिपत्य याथन्यायं व्यास. धर्मार्थकोविदम् ॥१॥

सहश्त्रेश्वर महात्म्यं पप्रच्छुर्मुनिसत्तमाः

ऋषय ऊचु-

सहस्त्रेश्वर माहात्म्यं कथायस्व तपोधन ॥२॥

कथं तं सिद्धगन्धर्वाः शिलापृष्ठे महेश्वरम्

समर्चन्ति महाभाग कीदृशी सा शिलास्मृता ॥३॥

कानि क्षेत्राणि तीर्थानि सन्ति देवस्य सन्निधौ

व्यास उवाच-

दक्षिणे वृद्धगङ्गायाः खेचराख्यो गिरिः स्मृतः ॥४॥

सप्तयोजनविस्तीर्णो योजनैकादशायतः

तत्र मध्ये महापुण्या रचिता विश्वकर्मणा ॥५॥

विराजन्ते पञ्चशिलाः पञ्चवक्त्रस्य शोभनाः

तासां मध्ये महापुण्य शंकराख्या शिला स्मृता ॥६॥

तस्यां तु शिवलिङ्गानां सहस्त्रं विश्वकर्मणा

रचितं, सुर गन्धर्वै पूजितं भासुरं शुभम् ॥७॥

तेषां मध्ये शिला पृष्ठे रचितो विश्वकर्मणा

सहस्त्रेशो महादेवो विद्यते मुनिसत्तमाः ॥८॥

न तस्य सदृशं क्षेत्रं प्रपश्यामि महीतले ॥९॥

विश्वेशो भगवान्रुद्रः शिलायांयत्र जायते

त्रयस्त्रिंशद्देवगणा यं समाराध्य संस्थिताः ॥१०॥

तस्मात् क्षेत्रात् नान्यतमं प्रवदन्ति मनीषिणः

काश्यां विश्वेश्वरो देवो यथा देवैः प्रपूज्यते ॥११॥

तथा पर्वत मध्ये वै सहस्त्रेशो महेश्वरः

कोटयो ब्रह्मत्यानामगम्यागम्यकोटयः

दर्शनाद्यस्य देवस्य प्रणश्यन्त्यकोटयः ॥१२॥

अध्वन्यसंख्यं समुपास्य शंकरं केदारभूमौ यदवाप्यते फलम् ॥

सर्वश्वरं पर्वतवासिनं प्रभुम् समर्च्च चैकेन दिनेन तद्भवेत् ॥१३॥

दर्शनाद्यस्य देवस्य योगभ्रष्टापि योगिनः

विशुध्यन्ति न सन्देहो मणिग्रीवादयो यथा ॥१४॥

ऋषय ऊचु-

मणिग्रीवादयो ब्रहान् कस्य वंशसमुद्भवाः ॥१५॥

सन्ति ते योगिनो धन्याः कथयस्व समाहितः

क्थमासन्महाभाग योगभ्रष्टास्तपोधनाः ॥१६॥

कमाराध्य पुनर्योगं प्रापुः सत्यप्रदर्शकम्

व्यास उवाच -

विद्याधरान्वये पुण्ये बभूवर्योगिनः शुभाः ॥१७॥

मणिग्रीवी हयग्रीवः सिन्धुग्रीवस्तथापरः ॥

शिवार्चनरताः सर्वे शिवध्यानपरायणाः ॥१८॥

बभूवूर्मुनिशार्दूलास्तपोभिर्वीतकल्मषाः

कदाचित्ते महात्मानो मेरूपृष्ठे तपोनिधिम् ॥१९॥

समागतं महिर्षं वै नारदं देवबल्लभम्
ददृशुस्ते न तं योगध्यानस्तिमितलोचनाः ॥२०॥
अविज्ञान महिर्षि तं मणिग्रीवादयोद्धिजाः
अर्चयामासुर्देवेशं महादेवं तपः प्रियम् ॥२१॥
नारदो रुषितो प्राह ततस्तान्मुनि सत्तमाः
मामज्ञाय स्थिता यस्मात् सर्वे विद्याधराधमाः ॥२२॥
तस्माद्भवन्तो विपिने योगभ्रष्टा भवन्त्विति
शशाप नारदः सर्वान् प्रमामप्रगतानृषीन् ॥२३॥
ततो वै नारदं विप्राः प्रणम्य चं पुनः पुनः
अनापराधं किं शापं प्रदत्तं भवता मुने ॥२४॥
त्वामविज्ञाय चास्माभिः कृतं तत्क्षम्यतामिति
त्तस्तान्मुनिशार्दूलान् नारदो वदतांवरः ॥२५॥
प्रोवाच वाक्यं धर्मज्ञो विमृश्य च पुनः पुनः

द्वादशाब्दं ततो वव्रे न मे सत्यं वचो भवेत् ॥२६॥
समाराध्य शिवं शान्तं हिमाद्रौ सिद्धसेवितम्
ततः कालेन महता योगसिद्धिं समाप्स्यथ ॥२७॥
ततो नारदशापेन योगभ्रष्टास्तु योगिनः
विचेरुविपिनं घोरं हिमालयतटे स्थिताः ॥२८॥
पर्णमूलाशनाहारा वारस्त्रीर तिलालसाः
बभूवूर्योगविभ्रष्टा प्राणिहिंसारतास्तथा ॥२९॥
द्वादशाब्दे व्यतीतेतु त्रयस्ते मुनिसत्तामाः
हिमादिं प्रययुः खिन्ना संस्मरन्नादोदितम् ॥३०॥
हिमालयातटं प्राप्य ददृशुः सिद्धनायकान्
पप्रच्छुर्योगविभ्रष्टाः कुत्र शुध्यन्ति ते ततः ॥३१॥
ऊचुस्ते खेचरतटं प्राप्य पातकिनोपि हि
विशुध्यन्ति न सन्देह स्तथा ब्रह्मवधादपि ॥३२॥

पुनः सिद्धैः समुदितां वाणी श्रुत्वा तु योगिनः
प्रोचुः शैलः कर्थ ज्ञेयं कथं शुध्यन्ति मानवाः ॥३३॥
योगभ्रष्टा योगसिसद्धं प्राप्नुवन्ति च किं कृते
कोपदेष्टात्र योगस्य पूजा कस्य विधीयते ॥३४॥
कथं विद्यो वयं सर्वे योगभ्रष्टाः सतांगतिम्
व्यास उवाच-
एतच्छ्रुत्वा तु वचनं तेषां तत्र तपोधनाः ॥३५॥
प्रोचुः सिद्धा महाभागा देशकालोचितं वचः
सिद्ध ऊचु-
एषा सीता नदी पुण्या या याति सिद्धसेविता ॥३६॥
यस्या वामे महत्क्षेत्रं दिलीपाख्यं वदन्ति हि
तस्यवामे महापुण्यः खेचराद्रिः प्रतिष्ठितः ॥३७॥
पर्वतं तं महाभागा दर्शयाम व्रजन्त्विति
सिद्धोदिनेत मार्गेण ततस्ते योगिनो द्विजाः ॥३८॥
खेचराद्रिं महापुण्यं ययुः पश्यन्महावनम्
ततो धिरुढैस्तैः सिद्धैर्दर्शिता मालिका शुभा ॥३९॥
तस्येशानाख्यकोणे वै सुरगन्धर्वपूजिताम्
तां समर्च्य ततो देवान् ददृशुर्नागसेवितान् ॥४०॥
तान्समर्च्य ततः सर्वे सिद्धैः सह तपोधनाः
ददृशुस्तस्यकोणे वै वेतालाख्यं सुशोभनम् ॥४१॥
वैतालीं तत्र सम्पूज्य ददृशुश्चम्पकं वनम्
ददृशुः पञ्च केदारान् पञ्चकाख्ये स्थले शुभे ॥४२॥
ततः सरसि संस्नात्वा वकाख्ये मुनिसत्तमाः
तत्र मध्ये शिलापञ्च ददृशुर्दर्शितां शुभाम् ॥४३॥
ततस्तु भैरवी पुण्यां शिलां दृष्ट्वा तपोधनाः
विमुक्ता सर्वपापेभ्यो बभूवुर्गतकल्मषाः ॥४४॥
सहस्त्रेश्वरं महादेवं शिलापृष्ठे ततः परम्

ददृशु:सिद्धमुख्यैश्च दर्शितं सिद्धसेवितम् ॥४५॥

ततस्तु देवदेवस्य सान्निध्यं प्राप्य योगिनः

अर्चयामासु देवशं सहस्त्रेशं तु तण्डुलैः ॥४६॥

तिलैश्च कमलैश्चापि अर्कपुष्पैस्थैवच

त्रिभिदिनै स्ततो देवं समभ्यर्च्य तपोधनाः ॥४७॥

प्रापुः प्रसादाद्देवस्य योगसिद्धमनूत्तमास्

योग सिद्धिमनुप्राप्य मणिग्रीवादयस्ततः ॥४८॥

मेरूपृष्ठे ययुर्नाकं विमानमधिरुह्य वै

इत्येतत् कथितं पुण्यं माहात्म्यं मुनिसत्तमाः ॥४९॥

सहस्त्रेश्वरस्य देवस्य खेचराद्रेस्तथैव

व्यास उवाच-

सहस्त्रेशं समभ्यर्च्य कालाख्यां स्फाटिकीं शिलाम्

शिलोपरि समारुढां यः पश्यति तपोधनाः ॥१॥

स न मृत्योर्मुखं भीमं प्रपश्यति तपोधनाः

ततस्तु दक्षिणे कोणे पञ्चववत्रशिला शुभा ॥२॥

तत्रास्ते पञ्चववत्रेश तपस्यूजितमानसः

नन्दिना पूज्यते तत्र नित्यं खलु मुनीश्वराः ॥३॥

पञ्चवक्त्रं शिलां दृष्ट्वा त्रिभिर्मासैः प्रपूज्य वै

मौक्तिकैः कुसुमैश्चापि अमरो जायते नरः ॥४॥

*(मानसखण्डको पृष्ठ ५८७-५९५ बाट)*

# खेचराद्रि माहत्म्यको नेपाली अनुवाद

शौनकादि ऋषि प्रश्न गर्दछन् :- हे तपोधन ! हामीले सेती नदी र त्यहाँका तीर्थको महात्म्य हजूरका मुखारविन्दबाट सुन्यौ । प्रसङ्गवस हजुरले खप्तडको पनि नाम उल्लेख गर्नुभयो कि सेतीमा सङ्गमित हुने यक्षगा नदी (जडार गाड) को उद्‌गम खप्तडमा भएको हो त्यसको सेती साथ सङ्गम हुने ठाउँमा शिव शक्तिको पूजन हुन्छ भनेर आज्ञा गर्नु भएकोले, अब विस्तारपूर्वक खप्तडमा भएका तीर्थस्थान, शिवलिङ्ग र त्यहाँका सुप्रसिद्ध क्षेत्रको पनि आज्ञा गरी बक्सियोस् ।

व्यासजी आज्ञा गर्नुहुन्छ :- हे शौनकादि ऋषि महर्षि हो ! अब जसको महिमा सुन्नाले मात्रै रोगी रोगबाट मुक्त हुन्छ त्यस्ता खप्तडको महात्म्यलाई सुन । सेती नदीका बायाँ भागतर्फ खप्तड पर्वत छ, त्यहाँ अनेक प्रकारका रत्न, धातु, सोना, चाँदीका खानी भएका पर्वतमाला छन् । ती पर्वतमालामा देवता तथा सिंहले बसोबास गरेका छन् भने कोयल, मयूर जस्ता अनेक पंक्षी नाची रहेका छन् । कल्पवृक्ष जस्ता अनेक वृक्षले त्यहाँका वन पाखा सुशोभित भएर यस पृथ्वी तलमा सर्वभ्मैं विराजमान छन्  सिद्धद्वारा सेवित खप्तड वन भैंसा, वन घोडा र वनेल जस्ता अनेकौं चौपाया जनावरले भरपूर छ । आकाश चारी देवी देवताका साथै कुवेर एवं वस्णादि अनेक दिग्पाल अनेकन स्थानीय देवताले त्यहाँ बसोबास गरेका छन् । चन्द्रमा समेतका ग्रह, सुर, असुर, गन्धर्वले पनि त्यहाँ निवास गरेका छन् । तर यी सबैले माटाका थुम्का र ढुङ्गा शिलाका रूपमा यहाँ बास गरेका छन् । यिनको गणना गर्न सकिंदैन बरु परमाणुको गणना गर्न सकिएला ।

यस खप्तडबाट ७० प्रमुख नदी प्रवाहित भएकी छन् असंख्य मात्रामा रहेका देव, दानव, ऋषिले निर्माण गरिएका कुण्ड सरोवरमा ३६ दहकुण्ड प्रमुख रहेका छन् । सुन्दर वृक्षले घेरिएका सिद्धका समूहले भरिएका १२ प्रसिद्ध गुफा छन् । यस खप्तडमा ५ प्रसिद्ध स्थल छन् । अघि हरिवर्ष (रुस) जाँदा अर्जुन यहाँ आफ्ना शिविर राखेका थिए । तिर्थयात्रा गएका युधिष्ठिरले वायु विना बादल उत्पन्न हिमपातले प्राणी सँधै वेद ध्वनी भइरहने जस्ता अद्‌भूत घट्ना अनुभव गरेका थिए ।

यस्तो खप्तडमा जसले तीर्थयात्रा गर्दछ, त्यसले आफ्ना १०० कुलको उद्धार गरी विष्णुलोकमा बास पाउँछ ।

यसरी स्कन्दपुराण अन्तगत मानस खण्डमा खप्तडको वर्णन गर्दै १५९ अध्यायमा प्रथम विश्राम ईश्वरीय टीकामा समापन भयो ।

शौनकादि ऋषि प्रश्न गर्दछन् :- हे व्यासजी महाराज ! हजूरले यसरी विचित्र किसिमले खप्तडको वर्णन गर्नुभयो तर पनि त्यहाँ प्रशिद्ध क्षेत्र को को हुन् आज्ञा गरी बक्सियोस ।

व्यास जी आज्ञा गर्नु हुन्छ :- हे शौनकादि ऋषि महर्षि हो ! यहाँका प्रसिद्ध क्षेत्रका विषयमा म ऋमैले भन्नेछु तिमी ध्यान दिएर सुन । सर्वप्रथम पृथ्वीतलमा भएका पर्वतमा खप्तडलाई श्रेष्ठ पर्वत मानिएको छ । यसमा कुनै सन्देह छैन । त्यसमा पनि खप्तडमा मध्य भागमा रहेका क्षेत्रलाई चन्द्रस्थल भन्दछन् । त्यो भू-भाग सधै सुर गन्धर्वद्वारा सेवित छ । हाँस, बगुला, आदि पंक्षी पनि त्यहाँ रहन्छन् । त्यस चन्द्रस्थलका मध्य भागमा वकनाम गरेको कुण्ड (दह) छ, त्यस दहमा चाणक्य नाम गरेका बकुल्लाले स्नान गरेर मुक्ति पाएका हुन् भने मानिसले विधि विधान अनुसार स्नान गर्दा प्राप्त हुने फलको वर्णन गरेर साध्य छैन । त्यस वकसरमा गएर जसले स्थान, दान, जप, तप गर्दछ त्यसले ब्रम्हाजीका साथमा आनन्दपूर्वक बस्न पाउँछ । वकसरका उत्तरतर्फ सत्यको बाटो देखाउने महेन्द्रादिले व्रत अनुष्ठान गर्ने सत्यमार्ग दर्शक शिला पृष्ठ छ, त्यस शिलामा देवताका साथ सिद्धगण सहस्त्रेश्वरको पूजन गर्दछन् ।

यसरी स्कन्दपुराण अन्तरगत मानस खण्डको १६० अध्यायमा खप्तडको महात्म्य ईश्वरी टीकामा द्वितिय विश्राम समापन भयो ।

शौनकादि ऋषि प्रश्न गर्दछन् :- हे व्यासजी महाराज ? अब कृपा गरेर देवगण सिद्धका साथ भएर सहस्त्रेश्वर शिव (सहस्त्रलिङ्ग) को शिला पृष्ठमा कसरी पूजा गरी रहेका छन् आज्ञा गरी बक्सियोस् ।

व्यासजी आज्ञा गर्नु हुन्छ - हे शौनकादि महर्षि हो ? सेती नदीको नाम भाग बुढीगङ्गाको दाहिने भाग साइली गाडले शोभित पारेको डोटी क्षेत्रदेखि माथि उरूपर्वत तलको खप्तड क्षेत्रको क्षेत्रफल ११ योन लम्बा ७ योजन चौडा रहेको छ । बीच खप्तडमा विश्वकर्माले निर्माण गरेका एक महान शिला छ त्यहाँ सहस्त्रेश्वर शिवको वास छ भने त्यसका वरिपरी विश्वकर्माले अन्य ५ शिला निर्माण गरी त्यहाँ पञ्चेश्वर महादेव शिवको स्थापना गरेको छन् । ती पञ्चेश्वरका बीचमा पवित्र शङ्कर शिला छ । त्यस शंकर शिलामा विश्वकर्माद्धारा निर्मित हजारौं शिवलिङ्ग छन् । ती हजारौ शिवलिङ्गका माझमा रहेका सहस्त्रेश्वर शिवको सधैं देव, दानव, गन्धर्वद्वारा पूजा गरिन्छ । समग्र शिव परिवार सम्पन्न यो महाक्षेत्र भन्दा ठूला क्षेत्र अन्त कहीं पनि छैन । तेत्तीस कोटी देवता यहाँ सधैं सहस्त्रेश्वरको आराधना गरी रहेका छन् । यसै कारण यो क्षेत्र अन्य क्षेत्रभन्दा उत्तम मानिएको छ । जसरी काशीमा विश्वनाथको सधैं देव गणले पूजा गरी रहेका हुन्छन् ठीक त्यसैगरी ३३ कोटी देव गण र यक्ष, गन्धर्व आदिले यहाँ सधैं सहस्त्रेश्वर शिवको पूजा गरी रहेका छन् ।

खप्तडमा गएर सहस्त्रलिङ्गको दर्शन गरी सहस्त्रेश्वर शिवको पूजन गर्नाले अगम्या गमन जस्ता असंख्या पापबाट छुटकारा पाइन्छ । साँख्य शास्त्र र दर्शन शास्त्रको तत्वज्ञान गर्नाले, केदार क्षेत्रमा बास गर्नाले जो फल प्राप्त हुन्छ त्यो फल एक पटक खप्तडमा गएर सहस्त्रलिङ्गको दर्शन गरी सहस्त्रेश्वरको पूजन गर्नाले प्राप्त हुन्छ । सहस्त्रलिङ्गको दर्शन सहस्त्रेश्वरको पूजन गरी मणिग्रीवादि जस्ता यो भ्रष्ट महा पातकीले पनि मुक्ति पाएका छन् ।

शौनकादि ऋषि पुनः प्रश्न गर्दछन् :- मणीग्रीवादि योगीको हुन् उनी कुन वंशमा जन्मिए, कसरी योग भ्रष्ट भए फेरि कसरी योग सिद्ध भएर मुक्तिका भागी बने सबै कुरा आज्ञा गरी बक्सनु हवस् ।

वेद व्यासजी आज्ञा गर्नु हुन्छ :- हे महर्षि हो ! विद्याधर वंशमा जन्मेका मणीग्रीव, हयग्रीव सिन्धु ग्रीव तीनै जना निकै योगाभ्यासी थिए, उनी सधैं शिवाराधनामा लागी रहन्थे । सुवर्णा चलमा उनी तपस्यामा लीन भएको समय नारद ऋषि त्यहाँ आउँदा केही थाह पत्तो नपाएकै कारण मणिग्रीवादिबाट नारदको केही सम्मान भएन यसै कारण रिसाएर नारदले ती तीनै जनालाई सरापे कि तिमी तीनै जना योग भ्रष्ट होई जाऊ । यसरी नारदले गर्जेर सरापेको सुनी ध्यानबाट विरत भई नारदको सत्कार गर्दै प्रार्थना गर्न लागे र भन्न लागे कि हाम्रो अपराध क्षमा गरी हामीलाई शापमुक्त गरी दिनुहोस् यसरी मणिग्रीवादिले प्रार्थना गरेपछि नारद भन्दछन् :- हे मणिग्रीव ! हयग्रीव र सिन्धु ग्रीव हो, मैले सराप दी सकेको हुनाले तिमी तीनै जनाले १२ वर्षसम्म योग भ्रष्ट भएर बस्नै पर्नेछ । पछि खप्तडमा गई सहस्त्रेश्वर शिवको आराधना गरेमा तिमी पुनः योग सिद्ध हुनेछौ मैले दिएका सरापको अवधि १२ वर्षको मात्र हुनेछ भनी नारदले सराप र वरदान एकै समय दिएको कारण पहिले उनी योग भ्रष्ट भएर पाखण्डी बनी हिमालयमा शस्त्रास्त्र धारी हिंसक बनी ब्रम्हात्व नाशी वेश्यागामी बनेर अनेक अनैतिक व्यवहार गरी समय बिताए १२ वर्षपछि एक्कासी नारदको वचन स्मरणमा आएर आफ्नो सुधार कसरी होल भनी हिमालयमा सिद्धका समीप गएर उनसाथ शोधे कि योग भ्रष्ट व्यक्ति पुनः योग सिद्धि कसरी प्राप्त गर्न सक्छन् ?

सिद्धले भने :- तिमी खप्तडमा जाऊ सहस्त्रलिङ्गको दर्शन गरी सहस्त्रेश्वरको पूजन गर यसो गर्नाले ब्रम्हाहत्या, गो, गुरु, स्त्री, राजहत्या जनित पापबाट पनि छुटकारा पाएर मुक्ति मिल्दछ । यस्ता सिद्धका वचन सुने तीनै जनाले एकै स्वरमा भने हे महाराज ? हामी खप्तडलाई चिन्ह सक्दैनौं कसरी चिन्ह सकिन्छ सरल उपाय गरी बक्सियोस् साथै त्यहाँ गएर के गर्नु पर्ला त्यहाँ हामीलाई कसले योगको उपदेश दिएर योगाभ्यास गराउलान् त्यहाँ गएर हामीले कुन देवको उपासना गर्नु पर्ला जस्ता सबै कुरा शोधेपछि, मणिग्रीवादिका दीन वचनलाई सुनेर सिद्धले भने :- यो समीपमा बगि रहर्की सेती नदीको किनारामा खप्तडसाथ जोडिएको दिलिप क्षेत्रमा ऋषिकुण्ड छ ।

त्यस दिलिप क्षेत्रमा रहेका ऋषिकुण्डका बाम भागमा खप्तडको पवित्र एवं ठूलो क्षेत्र हामी तिमीलाई देखाई दिन्छौ भनेर हयग्रीव, मणिग्रीव र सिन्धु ग्रीवलाई साथ लिए खप्तडको पवित्र क्षेत्र देखाए त्यहीबाट मालिका देवीको

स्थान पनि देखाए खप्तडको ईशान कोणमा रहेकी मालिका देवी पूजन गराए । त्यसपछि वैतालीको पूजन गराए अनि चम्पक वनमा गएर पञ्चकेदारको दर्शन गराएपछि वक सरमा स्नानादि क्रिया गराएपछि पञ्चशिलाको दर्शन गराए । अनि पछि भैरव शिलाको दर्शन गराएर ती मणिग्रीवादिलाई पापबाट र शापबाट मुक्ति दिलाई योग सिद्ध बनाए । योग सिद्ध भएपछि सिद्धका सल्लाह अनुसार सहस्त्रलिङ्गमा गई पहिलो दिन चामलले सहस्त्रेश्वरको पूजन गरे दोस्रो र तेस्रो दिन तिल, चामल, आँकका र कमलका फूलले पूजा गरी देवदेवेश सहस्त्रेशलाई प्रसन्न गरी योग सिद्धि पाएका मणिग्रीवादि तीनै जना अन्तमा गएर सहस्त्रेशका कृपाले विमानमा चढी स्वर्गमा गएर बसे यसरी मैले तिमीलाई खप्तडको यात्रा गरला त्यसले अवश्य आफ्ना जन्म जन्मान्तरको पापलाई पखाले र स्वर्गमा बास पाउला आफ्ना पितरलाई पनि स्वर्गमा पठाउला यस कथाले श्रवणले मात्रै मनमा श्रद्धा उत्पन्न होला र पापबाट छुट्कारा पाउला ।

स्कन्द पुराण अन्तरगत मानसखण्डको १६१ अध्यायमा रहेको खप्तड महात्म्य वर्णन ईश्वरी टीकामा तृतीय विश्राम समापन ।

व्यासजी आज्ञा गर्नु हुन्छ :- हे शौनकादि ऋषि महर्षि हो ! खप्तडमा रहेका सहस्त्रलिङ्ग र सहस्त्रेशको पूजा गरे पछि काल नामक स्फटिक शिलाको दर्शन गर्नाले मृत्युको भय हुँदैन । त्यस कालनामक स्फटिक शिलाको दक्षिण कोनामा पञ्चवक्र शिला छ, त्यहाँ नन्दीले प्रतिदिन पञ्चवक्र शिवको पूर्जा गर्दछन् । जो व्यक्ति तीन महिनासम्म त्यस शिलामा पञ्चवक्र शिवको पूजा गर्ला त्यो अजर अमर भएर संदेह स्वर्ग जाला । त्यसको पश्चिममा कैदारी शिला छ त्यस शिलामा तीन दिनसम्म केदारको पूजन गर्नाले मात्र दिव्य गति प्राप्त गर्दछ । कैदारी शिलाको दक्षिणमा रहेको कामद कुण्डमा स्नान गर्नाले मात्र इच्छा पूर्ति हुन्छ । त्यसपछि सत्य कुण्ड, पुण्यदकुण्ड र मैनाक कुण्डमा स्नान गर्ने शास्त्रीय सहमति छ । यी कुण्डमा स्नान गर्नाले मात्रै सद्गति प्राप्त हुन्छ भने दिएका तर्पणका जल र पिण्डका अन्नले पितर तृप्त हुन्छन् । त्यसपछि दत्तात्रयऋषिले वकसरका कोनामा स्थापना गरेका शांकरी शिलाका समीपमा गएर त्यस शिलाको पूजन गर्नाले एक दुई जन्ममा गरेको पाप मात्र होइन कल्प कल्पान्तरमा गरेका पापबाट मुक्ति पाइन्छ ।

यसरी स्कन्द पुराण अन्तरगत मानस खण्डको १६२ अध्यायमा रहेको खप्तड महात्म्य वर्णन ईश्वरी टीका चतुर्थ विश्राम समापन ।

व्यासजी आज्ञा गर्नु हुन्छ :- हे शौनकादि ऋषि हो ? सेती नदी र बुढीगङ्गाद्वारा सिञ्चित खप्तड भू-भागमा संगर नामक पुण्य पर्वत श्रृङ्ग छ त्यस पर्वत श्रृङ्गबाट सङ्गरानामकी नदी प्रवाहित भएकी छन् ती सङ्गरानामकी नदीका तटमा रहेकी सङ्गरादेवीको पूजा अर्चना गर्नाले अर्काको लहलहमा आएर गरेको दुष्ट संसर्गजन्य सांसारिक पापबाट मुक्ति मिल्दछ ।

शौनकादि ऋषि वेद व्यासजीका प्रति पुनः प्रश्न गर्दछन् :- हे प्रभो हजुरले खप्तडका विषयमा वर्णन गर्नु भयो कि विशवकर्माद्वारा निर्माण गरिएका आकाश चारी देवताको रमणीय खप्तड महाँतार्थमा स्थान तर्पण गरेर शाश्वत मुक्ति प्राप्त हुन्छ भनी, तर हामीलाई यो जान्ने इच्छा भएको छ कि विश्वकर्माले के उद्देश्य लिएर खप्तड पुरीको निर्माण गरे, के कारणले गर्दा शिवले त्यहाँ बस्न रुचाएका हुन् ।

व्यासजी आज्ञा गर्नुहुन्छ :- हे शौनकादि ऋषि हो ! अघि विश्वकर्माले इन्द्र समीपमा गएर म कसको मूर्ति बनाऊँ भनेर शोधे । इन्द्रले भने कि सर्वप्रथम तिमी हिमालयको एक श्रृङ्गमा सरोवर (कुण्ड) निर्माण गर अनि त्यसपछि देवाधिदेव शिवको वास गर्ने योग्य नगर रचना गरी दिव्य घर भवन निर्माण गर । तिमीले निर्माण गरेको त्यस नगरलाई देख्न सम्पूर्ण देव समुदायलाई लिएर म पनि त्यस ठाउँमा आउनेछु । यति भनेर शिल्प विशेषज्ञ विश्वकर्मालाई विदा गरेर इन्द्र आफ्ना भवनमा गए । विश्वकर्मा पनि मान सरोवरमा पुगि त्यसको नाप नक्सा लिन लागेका थिए । त्यसै समय आकाशवाणी भयो कि हे विश्वकर्मा ! तिमी यहाँबाट इन्द्र पर्वत जाऊ । त्यो पर्वत हिमालयको अति प्यारो अङ्गावयव हो । त्यस इन्द्र पर्वतको उन्नत भागमा मेरो वचन अनुसार सुन्दर पुरी (नगरी) निर्माण गर । यस्तो आकाशवाणी सुनेर लौ हुन्छ भनेर विश्वकर्मा मान सरोवरमा पुगे । सर्वप्रथम त्यस पर्वतको उच्च शिखरमा तोरणले शोभित शिव सदन (शिव भवन) निर्माण गरे । त्यो नगरी (खप्तड पुरी) वैदूर्य मणिका खामाले

घेरिएको अनेक किसिमका रत्नका दियाले चम्किएको चौबाटा भएको, ठाउँ ठाउँमा पानीका फोहरा छहराले घेरिएका वन, उपवन, वारी बगैंचाले भरिएको छ।

लाग्दछ कि विश्वकर्माले आफ्ना सबै सीप खन्याएर यो नगर निर्माण गरेको हो । अब यसपछि अरु कुनै कार्य गर्नाका लागि पनि उनका पासमा केही अक्कल बाँकी रहेको थिएन ।

कलात्मक शैलीले त्यस नगरीको निर्माण गरेपछि विश्वकर्माले सर्व लक्षण सम्पन्न अद्वितीय अनुपम शिव प्रतिमा त्यहाँ स्थापना गरी आफूलाई कृत कृत्य सम्झे । त्यसपछि विश्वकर्माले महाकाल, देव, गन्धर्व र यक्षका प्रतिमा पनि त्यहाँ स्थापना गरे । सबै प्रतिमालाई अलौकि आभूषणले विभूषित गरे । जुन जुन देवताको जस्तो जस्तो स्वरूप र वाहन हुनुपर्ने थियो त्यस्तै किसिमको निर्माण गरी विश्वकर्माले आफ्नो लोक तर्फ प्रस्थान गरे ।

त्यसपछि देवराज इन्द्रादि देव गण शिवको आराधना गर्न खप्तडमा पुगे । देवाधि देव शंकर, महाकाल, तुष्टि देवीको आराधना गर्दै त्यहीं रहन लागे । हे ऋषि वृन्द इन्दादि देवतालाई खुसी पार्न विश्वकर्माले खप्तडको रचना गरी यी देवताका मूर्ति स्थापना गरेका हुन् । जो मानिस खप्तडमा पुगी देवाधिदेव महाकाल शिवको पूजा गर्छ त्यो धन्य हो भनेर देवताले भनेका छन् ।

यसरी स्कन्द पुराण अन्तरगत मानस खण्डको १७५ अध्यायमा रहेको खप्तड महात्म्य ईश्वरी टीकामा पाँचौ विश्राम ।

व्यासजी आज्ञा गर्नुहुन्छ :- हे महर्षि हो ! खप्तडबाट प्रवाहित हुने शैल वती नदी (साइली गाड) सेतीमा संगमित हुन्छन् । खप्तडैबाट प्रवाहित हुने धारा र साइली गाडका बीचमा भूवनेश्वरी देवी छन् ती भूवनीश्वरीको पूजा गर्नाले मानिस सत्मार्गगामी हुन्छन् असल सन्तान पाउँछन् । भुवनेश्वरी देवीका समीपमा मधुगिरी छ, त्यहाँ महाकाल शिवको र माणवेश्वर शिवको पूजन गर्नाले मानिसले चाहेको वर पाइन्छ । सेती नदी र साइली गाडका सङ्गममा वेदविधि अनुसार स्नान, दान तर्पण, पिण्डदान गर्नाले पितृको उद्धार हुन्छ । खप्तडको पश्चिममा शैल पर्वत छ त्यहाँ ऋषि र देवताद्वारा सेवित एक गुफा छ । त्यस गुफामा पाताल भुवेनश्वर, केदार आदि अनेक देवताका साथ अर्वुदेश्वर शिव विराजमान छन् । त्यस पुण्य क्षेत्रलाई आजभोलि असुद्वाला भन्दछन् । असुलद्वालामा स्थित शिवको देव, दानव, यक्ष आदिले सधैं पूजा गर्दछन् । ऋषि महर्षिले वरेश्वरी र सुरभिका साथै असुद्वालामा अर्वुदेश्वर शिवको पूर्जा गर्दछन् । ऋषिद्वारा पूजित सुरभि गाईले अर्वुदेश्वर माथि दुध वर्षाएकी छन् । असुलद्वालामा सुस्मरा, सुमेधा, सुभगा, नामका ३ अन्य गुफा पनि छन् । यो पवित्र भूमिमा गएर त्यहाँका देवी देवताको पूजन गरी साइली गाडको किनारामा रहेको ध्रुव तीर्थमा स्थान गरी पुनः अर्वुदेश्वर शिवको असुद्वालामा गई पूजा गर्ने मानिस पापबाट मुक्त हुन्छ यसरी खप्तडको वर्णन गरिएको कथालाई जसले सुन्दछ वा सुनाउँछ त्यसको जन्म सार्थक भएको मानिन्छ ।

यसरी स्कन्दपुराण अन्तगत मानस खण्डको खप्तड महात्म्य छोटो विश्राम ईश्वरीय टीकामा समापन ।

*(लक्ष्मी प्रसाद जोशीद्धारा नेपाली अनुवादित खप्तड माहात्म्यबाट)*

## परिशिष्ट ५ : वंशावली

### परिशिष्ट ५ (क)

श्री

श्री मलया गिरिमा जन्मनू भया पञ्च दरा पिट माहाराष्ट्र
थान विद्य पुरि गिरि हर्त (गमन) सेल राज पुराज भुपाणीत
चतुर्वेद विस्वा मित्र रिषी चन्द्र बंशि कौसिक गोत्र मध्य
साषा त्रिनिप्रवार सुन्के सला वम्र सोहि गणसका थिरभया
पन्थीरभया थिरतिरका भोज राजभया पन्थीरका चार
थानि वाहुन भया जनराजले भोज राजले छी जागण आइ
छिंजा महलू लगाइ तिनैरोतले माहाराज्की रोतलि प
छावति मइञ्यां विहाइ त्यसे वार आला वावन
पाला लगाइ खपतङको डाफे कोट्मा महलू चिठाइये
सैनशाल तिर सिकार खेलाये जाड वनालि कपस्या
उत्ता हाली हाडाशैन खम्म रोकाइ देवि थुम्मा पुजा
इ वैजि नाथू मा मेधा चडाइ सिराका खुरा घुराका शिर
चाक्ला वैरिका शिर चार चिरा चार चिरा उनाके रख
वाला वलि याकि खण्ड घोदाला: जुम्ला माहाराज
पृथिवि मल्को पालामा माहाराष्ट्र विद्या नगर दक्षिण
वाट आये कारहे छन् छिंजा गड जाउला भनि मल्को

**परिशिष्ट ४ (ख)**

श्री

श्री मलया गिरिमा जन्मनू भया पञ्च दश पिढ माहाराठ्
थान विद्य पुरि गिरि हर्त गमन सेलराज पुराज भुपाणीत
चतुर्वेद विस्वा मित्र रिषी चन्द्र वंशि कौसिक गोत्र मध्य
साषा त्रिनिप्रवोर सुन्केसला वम्र सोहि गणेसका थिरभया
पन्थीरभया थिरतिरका भोज राजभया पन्थीरका चार
थानि वाहुनभया जनराजले भोज राजले छी जागण आइ
छिंजा महलूलगाइ तिनैरोतले माहाराज्की रोतलिप
झावति मइआँ विहाइ त्यपे वारआला वावन
पालालगाइ खपूतइको डाफे कोट्मा महलू चिठाइये
सैनशाल तिर सिकार खेलाये जाड वनालि कपस्य
उल्ता हाली हाडाशैन खम्ब रोकाइ देवि थुमा पुजा
इ वैजि नाथूमा मेधा चडाइ सिराका खुरा षुराका शिरा
चोक्ला वैरिका सिर चारचिरा चारचिरा उनाके रख
वाला वलियाकि खण्ड थोदाला: जुम्ला माहाराज
पृथिवि मल्को पालामा माहाराठ्र विद्या नगर दक्षिण
वाट आये काहे छन् छिंजा गडं जाउला भन्म मल्को

| | | | |
|---|---|---|---|
| वरुवि | २ | रामु सिं षडुँका | ५० |
| कस्यप | ३ | केसर्सिं षडुका | ५१ |
| कौसि[illegible]व | ४ | द[illegible]ल वाहादुर[illegible] | ५२ |
| सु[illegible]न दन | ५ | भक्त वाहादु र्षडुका | ५३ |
| सुनकर | ६ | | |
| सनन्चन | ७ | | |
| अतिर | ८ | | |
| आर तिन्न | ९ | | |
| गारविदान्न | १० | | |
| अजैकर | ११ | | |
| जयेसर्म | १२ | | |
| द वचन्द्र | १३ | | |
| जये चन्द्र | १४ | | |
| वितवन | १५ | | |
| दारु | १६ | | |
| खिरु | १७ | | |
| चण्डी | १८ | | |

सुरफु षडुका छनि हरुले अछामा षडाँर जितर षडुका वोलाया छ निका जे ठा छो[illegible]ा कालु खडका कुमै थानि हुन् माइला सुन्तर[illegible] का सङ्का मू तौसि का हुन साइ ला वलु ष[illegible]का र काइला अर्जु न षडुका का लेर०को द छन् कान्छा सिरु षडुँ का लुग्रामा ओपे

## परिशिष्ट ४ (घ)

ण्डो १८
ह्रि सौ १९
विन्द्रा २०
सल षरदेव २१
घक्ष टुका २२
सुन्कस २३
गणेस २४
धिर २५
भोजराज २६
भौलू देउवम्म २७
ग्यन वम्म २८
सनत वम्म २९
जाजर्वम्म ३०
जाड वम्म ३१
सा नावम्म ३२
सुरप रवड्का ३३
सिरू षड्का ३४
षड्का ३५
चल बाहादुर षड्का ३६
प्रता षड्का ३७

सीरु षड्का जेठा सिषड्का ⑧
माइला प्रिथू षड्का पथुरामोने
वसि माइला साकुर षड्का
उवालुग्या वसे काइला कटकि
चन्द्र गाज्या वसे कान्छा रनरा
म मल्ल उंमालुग्या वसे

अजपसीं का जेठा अमतिर
माइला विसुषड्का वजूडा
वसे कान्छा लाहु षड्का पल
साना पिरे चौका वसे

सालू षड्का छोरा जेठा स्याम
माइला जिवा कान्छा आइतु

⑧

चित्र संख्या-१



(खप्तडको झल्को दिने त्रिवेणी पाटनसहित एक दृश्य)

चित्र संख्या-२




(शिशिर ऋतुको हिउँमय खप्तड)

चित्र संख्या-३



(खप्तडमा देउडा/न्याउल्या खेल्दै)

चित्र संख्या-४



(खप्तडमा हुड्क्यौंली गर्दै हुड्के गम्भीरमान नेपाली)

चित्र संख्या-५



(खप्तडमा प्राप्त प्राचीन प्रस्तर बञ्चरो)

चित्र संख्या-६



(खप्तडको त्रिवेणीमा अवस्थित प्राचीन मन्दिर)

## चित्र संख्या-७



(त्रिवेणीको प्राचीन मन्दिरभित्रको प्रस्तर चित्रकला एवं शिलाभिलेख)

चित्र संख्या-८



(खप्तड क्षेत्रको सबैभन्दा बढी उचाईमा अवस्थित सहस्रलिङ्ग)

चित्र संख्या-९



(गणेश पाटनमा अवस्थित गणेश मूर्ति)

चित्र संख्या-१०



(दह खप्तडमा अवस्थित गवीरसहितको खापरमाडौं)

चित्र संख्या-११



(खापरमाडौको गवीरभित्र रहेको प्रस्तर कला)

चित्र संख्या-१२



(खापरमाडौं नजिक रहेको मल्लकालिन शैलीको एक देवल)

चित्र संख्या-१३



(जनराज भोजराजको महल डाँफेकोट मानिएको क्षेत्र)

चित्र संख्या-१४




(खप्तड क्षेत्रमा पाइएका ओखल र जुतारो)

चित्र संख्या-१५



(खप्तडमा अवस्थित केदारढुंगा)

## चित्र संख्या-१६



(खप्तडबाबा, खप्तड आश्रम र कुटीभित्रका सामाग्री)